
# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क ३४ पूर्णाङ्क ४६० | २०८२ फागुन १८ गते सोमबार | Monday 2 March; 2026 | पृष्ठ ८ | मूल्य रू. १० ।-


## फासीवादी हर्कतका विरूद्ध आवाज उठाउन आह्वान : सीपी गजुरेल




काठमाडौं । केन्द्रीय संयुक्त सङ्घर्ष समितिका संयोजक सीपी गजुरेलले सुशीला सरकारको फासीवादी हर्कतका विरुद्ध आवाज उठाउन सम्पूर्ण लोकतन्त्रवादी शक्तिहरूलाई आह्वान गर्नुभएको छ । २०८२ फागुन १३ गते प्रेस-वक्तव्य जारी गर्दै गजुरेलले उक्त आह्वान गर्नु भएको हो । वक्तव्य यस प्रकार छ -

"आज क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका वैकल्पिक पोलिटब्यूरो सदस्य कमरेड सोमानसिंह तामाङ्लाई बाँकी ७ पेजमा

# कार्की सरकारको फासीवादका विरुद्ध प्रतिरोधको चेतावनी

काठमाडौं । निर्वाचन बहिस्कार आन्दोलन सञ्चालन गरिरहेको केन्द्रीय संयुक्त संघर्ष समिति र क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले सार्वजनिक रूपमा वक्तव्य जारी गर्दै राज्यको दमन अभियानका विरुद्ध प्रतिरोध गर्ने चेतावनी दिएका छन् । सुशिला कार्की नेतृत्वको सरकारले देशैभर शान्तिपूर्ण रूपमा निर्वाचन बहिस्कार आन्दोलन सञ्चालनमाथि व्यापक रूपमा दमन अभियान चलाउँदै नेता कार्यकर्ताहरू गिरफ्तार गर्न थालेपछि यस्तो चेतावनी दिएका हुन् ।

केन्द्रीय संयुक्त सङ्घर्ष समितिका संयोजक सीपी गजुरेलले सुशीला सरकारको फासीवादी हर्कतका विरुद्ध आवाज उठाउन सम्पूर्ण लोकतन्त्रवादी शक्तिहरूलाई आह्वान गर्नुभएको छ । २०८२ फागुन १३ गते प्रेस-वक्तव्य जारी गर्दै गजुरेलले उक्त आह्वान गर्नु भएको हो ।

वक्तव्यमा भनिएको छ, "आज क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका वैकल्पिक पोलिटब्यूरो सदस्य कमरेड सोमानसिंह तामाङ्लाई काभ्रेको पनौतीबाट र केन्द्रीय समिति सदस्यहरू क. नारायण न्यौपाने, कमरेड कर्ण बी. सी. तथा कमरेड रत्न ओली र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपालका केन्द्रीय सदस्य द्वय कमरेड श्याम कुँवर, कमरेड डेभिड परियार तथा जिल्ला सदस्य कमरेड मान बहादुर मल्ललाई सुर्खेतबाट गिरफ्तार गरिएको छ । आगामी संसदीय निर्वाचनको बहिष्कारको पक्षमा उभिएकै कारण गरिएको यस प्रकारको गिरफ्तारीले यो कठपुतली सरकार साधारण लोकतान्त्रिक मूल्य र प्रचलित कानूनलाई समेत कुल्चने चेष्टा गर्दैछ भन्ने स्पष्ट छ । केन्द्रीय संयुक्त सङ्घर्ष समिति विनाशर्त उहाँहरूको अविलम्ब रिहाइको माग गर्दछ र सुशीला सरकारको यस प्रकारको फासीवादी हर्कतका विरुद्ध आवाज उठाउन सम्पूर्ण लोकतन्त्रवादी शक्तिहरूलाई आह्वान गर्दछ ।"

त्यसैगरी शान्तिपूर्ण रूपमा गरिएको निर्वाचन बहिस्कार आन्दोलनमाथि व्यापक दमन र धरपकड गरेपछि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले पनि प्रतिरोधको चेतावनी दिएको छ । सुर्खेतमा पार्टीका तीन केन्द्रीय सदस्यहरूलाई कार्यालयबाटै गिरफ्तार गरेपछि पार्टीका प्रवक्ता सुदर्शनले एक वक्तव्यमार्फत् यस्तो चेतावनी दिनुभएको हो ।

वक्तव्यमा भनिएको छ, "आज सुर्खेतबाट क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य क. कर्णबहादुर बी.सी. तथा वैकल्पिक केन्द्रीय सदस्यहरू क. नारायण न्यौपाने र क. रत्न ओली साम्राज्यवादको कठपुतली सुशीला कार्की सरकारद्वारा गिरफ्तार गरिनुभएको छ । निर्वाचनको शान्तिपूर्ण बहिष्कारका कार्यक्रम गर्दा र निजी काममा हिँडिरहेको बेला पार्टीका नेता तथा कार्यकताहरूलाई कायरतापूर्ण ढङ्गले गिरफ्तार गर्नु भनेको मर्नेबेलाको कमिलाले प्वाख निकाल्नु जस्तै हो । जहाँ दमन हुन्छ, त्यहाँ अवश्य पनि प्रतिरोध हुन्छ भन्ने प्राकृतिक तथा सामाजिक नियम साम्राज्यवादी सरकारलाई थाहा नभएको देखियो । यो व्यापक दमन अभियानले निश्चय नै बलियो प्रतिरोध जन्माउँछ भन्ने कुरा इतिहासले प्रमाणित गरिसकेको छ ।

हामी अझैपनि गिरफ्तार कमरेडहरूलाई विनाशर्त तुरुन्त रिहागर्न माग गर्दछौं । साम्राज्यवादी मालिकहरूको आड-भरोसामा रहेको सरकारले यदि यही तरीकाले अघि बढ्ने हो जनसमुदायको आक्रोश विष्फोट हुन अनिवार्य छ । प्रहरी हिरासत, कारागार र सैनिक ब्यारेकहरू स्वयम् जनआन्दोलनका गरम विछ्यौनाहरू हुनेछन् । वरिपरि सल्किरहेको खरबारी कसैले पनि निभाउन सक्ने छैन । राष्ट्रिय स्वाधीनतामा लागेको घाऊले देशभक्त, क्रान्तिकारी, जनवादी तथा वामपन्थी पार्टी, व्यक्तित्व र जनसमुदाय आक्रान्त भएका छन्, राज्यसत्ताका मालिकहरूलाई चेतना भया ।"

त्यसैगरी, पार्टीको १५ नं ब्यूरोका इन्चार्ज र सचिवलाई घरैबाट गिरफ्तार गरेपछि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका प्रवक्ता सुदर्शनले एक वक्तव्य जारी गरी गिरफ्तार गरिएका १५ नं. ब्यूरोका इन्चार्ज र सचिवलाई अविलम्ब विनाशर्त रिहाइ गर्न जोडदार माग गर्नुभएको छ ।

उहाँले भन्नुभएको छ, "'बहिष्कार गर्ने पार्टीहरू प्रभावकारी नरहेको' र 'उनीहरू दुई चार जना मात्र रहेको' भनी आफ्ना सुरक्षा अधिकारीहरूलाई पढाउने महामहिम प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले आज फेरि दिउँसो १ बजे क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका वैकल्पिक पोलिटब्यूरो सदस्य तथा १५ नं. क्षेत्रीय ब्यूरोका इन्चार्ज सिताराम बुढाथोकी र केन्द्रीय सदस्य तथा उक्त ब्यूरोका सचिव डिल्लीराम बोहोरालाई सुनसरी जिल्लाको इटहरीबाट गिरफ्तार गरेको कुराप्रति आम जनसमुदायको ध्यानाकर्षण गर्न चाहन्छौं ।"

वक्तव्यमा भनिएको छ, "दुईचार जना मात्र रहेको' पार्टीबाट दर्जन भन्दा बढी केन्द्रीय सदस्यहरू नै गिरफ्तार भइसकेको कुरा पनि इतिहासका निर्माता जनता समक्ष जाहेर गर्न चाहन्छौं । यो कायरतापूर्ण गिरफ्तारीको हाम्रो पार्टी घोर भर्त्सना गर्दछ र जीवनभरि जनताका लागि लड्दै आएका सिपाहीहरूको रिहाइका लागि पहल गर्न आदरणीय जनसमुदाय, नागरिक समाज र कानून व्यवसायीहरूलाई आह्वान गर्दछ । यसको साथै साम्राज्यवादको निहित उद्देश्य पुरा गर्न नेपाली युवाहरूको रगत बगाएर हुन गइरहेको यो चुनाव बहिष्कार गर्नु देशको स्वाधीनता र जनताको मुक्तिका पक्षमा रहेको छ, बहिष्कार सफल पार्न मतदानमा भाग नलिनु नै बुद्धिमानी हुन्छ, पछि पछुताउनु भन्दा साम्राज्यवादका दलालहरूलाई मतदान नगरौं ।"

बहिष्कार कार्यक्रमलाई सशक्त रूपमा अधि बढाउन आव्हान

त्यसैगरी कान्तिकारी कम्युनिस्ट पार्टी नेपालका प्रवक्ता सुदर्शनले निर्वाचन बहिष्कार कार्यक्रमलाई सशक्त रूपमा अधि बढाउन आह्वान गर्नु भएको छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा बाँकी ३ पेजमा

## बर्दघाटको चिसापानीचोकमा बहिष्कारको अपिल वितरण !




नवलपरासी । नवलपरासीमा निर्वाचन बहिष्कारको अपिल सहित सातै पालिकामा पर्चा वितरण गरिएको छ । सो क्रममा शनिबार बर्दघाट-२ चिसापानीको मुख्यचोकमा बहिष्कारको अपिल वितरण गरिएको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका जिल्ला सेक्रेटरी रवि पाण्डेयले जानकारी दिए । संयुक्त संघर्ष समिति संयोजक समेत रहेका उनले सातै पालिकाको ४१ वटामा बहिष्कारको पर्चा वितरण भएको जानकारी पाएको बताए । बहिष्कारको पर्चा वितरण गर्न समेत प्रहरी प्रशासनले कडाइ गरेको समितिले जनाएको छ । शान्तिपूर्ण कार्यक्रममा समेत प्रहरी कडाइ गरेको प्रति समितिले आफ्नो ध्यानाकर्षण भएको बताउदै सम्बिधानप्रदत अधिकार हनन नगर्न समितिले प्रहरी बाँकी ८ पेजमा

# निर्वाचनको मुखैमा केन्द्रीय संघर्ष समितिद्वारा औचित्यहीन निर्वाचन बहिष्कार गर्न जनसमुदायमा पुनः आव्हान

काठमाडौं । चारओटा कम्युनिस्ट पार्टीहरू क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल र नेपाल कम्युनिस्ट पार्टी सम्बद्ध केन्द्रीय संयुक्त संघर्ष समितिले निर्वाचनको मुखैमा फागुन २१ को औचित्यहीन निर्वाचन बहिष्कार गर्न आम जनसमुदायमा पुनः आव्हान गरेको छ ।

केन्द्रीय संघर्ष समितिका संयोजक सीपी गजुरेलले जारी गर्नुभएको प्रेस वक्तव्यमा भनिएको छ, "चुनावको औचित्यहीनता झन् झन् पुष्टि हुँदै गएको आजको स्थितिमा आम नेपाली जनताबीच फागुन २१ गते हुने भनिएको




कथित संसदीय चुनावलाई बहिष्कार गरी धक्का सिर्जना गर्न पुनः हार्दिक आह्वान गर्दछौं । साथै जनताको विरोध र सेनाको घेराबन्दीका बीच चुनाव गराइए पनि त्यसपछि बन्ने सरकार समेत साम्राज्यवादको कठपुतली बन्ने र त्यसले देशको राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविका झन गहिरो संकटमा धकेल्ने भएकोले हामी देश र जनताका समस्या समाधान नहोन्जेल निरन्तर संघर्षमा रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।"

वक्तव्यमा भनिएको छ, "हामी चारओटा कम्युनिस्ट पार्टीहरू क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल र नेपाल कम्युनिस्ट पार्टी सम्बद्ध केन्द्रीय संयुक्त संघर्ष समितिले जेनजी विद्रोह पश्चात् बनेको कठपुतली प्रतिक्रियावादी सरकारले घोषणा गरेको प्रहसनकारी संसदीय निर्वाचनले बाँकी ८ पेजमा

## काठमाडौँ महानगरका ५०९ स्थानको प्राचीन नाम पहिचान



काठमाडौँ । काठमाडौँ महानगरपालिकाले १० वटा वडाभित्रका ५०९ वटा स्थानका प्राचीन र मौलिक नाम निश्चित भएको जनाएको छ ।

सम्पदा तथा पर्यटन विभागले एकीकृत शहरी विकास केन्द्रसँगको सहकार्यमा यसअघि दुई चरणमा गरेको अध्ययनबाट ४३० वटा मूल नाम र ७९ वटा सहायक नाम यकिन गरेको कामपा सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राईले जानकारी दिइन् ।

त्यसैगरी, तेस्रो चरणमा थप आठ वटा वडाको मौलिक र प्राचीन नाम अध्ययन गर्ने सम्झौता अवसरमा यससम्बन्धी जानकारी दिइएको हो । तेस्रो चरणको अध्ययनका लागि कार्यवाहक प्रमुख सुनिता डङ्गोल, प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं र सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान सङ्गतको रोहबरमा सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राई र एकीकृत सहरी विकास केन्द्रका कार्यकारी निर्देशन रिजा जोशीले हस्ताक्षर गरेका हुन् । यस चरणमा वडा नं १२, १३, १५, २१, २२, २३, २७ र बाँकी ८ पेजमा

## निर्वाचन बहिष्कारको पक्षमा उभिन र राष्ट्रलाई सुरक्षित गर्न प्राध्यापक संगठनको आव्हान

काठमाडौं । नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठन, केन्द्रीय समितिका अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारीले एक प्रेस वक्तव्यमार्फत् आम प्राध्यापक तथा बौद्धिक समुदायलाई निर्वाचन बहिस्कारको पक्षमा उभिन र राष्ट्रलाई सुरक्षित गर्न हार्दिक आव्हान गर्नुभएको छ ।

फागुन १५ मा जारी वक्तव्यमा भनिएको छ, "विदेशी शक्तिद्वारा निर्मित र परिचालित कार्की सरकारलाई गर्न लगाइएको आगामी फागुन २१गतेको संसदीय निर्वाचनबाट राष्ट्र र जनताका समस्या



समाधान गर्नुभन्दा मुलुकलाई गम्भीर मोडमा उभ्याउने र अस्तित्व नै समाप्तिको दिशामा लैजाने निश्चितप्राय छ । यसर्थ अहिलको विकल्प भनेको स्वाधीन राष्ट्रिय संयुक्त सरकार गठन गर्नु र राष्ट्रलाई बचाउनु सम्पूर्ण स्वाधीन राष्ट्रप्रेमी जनसमुदायका साथै राष्ट्रिय शक्तिहरू तथा विभिन्न तप्काका बौद्धिक समूह तथा प्राध्यापक, सचेत लेखक र साहित्यकारको युगीन अभिभारा भएकोले उक्त निर्वाचनको बहिष्कारको पक्षमा उभिई सशक्त प्रतिकार गरी राष्ट्रलाई सुरक्षित गर्न हामी सम्बन्धित सबैलाई आह्वान गर्दछौं ।"

# फासीवादको अभ्यास



● सन्तबहादुर नेपाली ●

सुशिला कार्कीको कठपुतली सरकार गठन हुने ताक स्वयं सुशिला कार्कीले के भनेकी थिइन भने मेरो काम निर्वाचन सम्पन्न गराउने मात्र हो । उनी आफूलाई निकै तटस्थ देखाउने प्रयत्न गरेकी थिइन । तर उनको तटस्थता तत्कालै उदांगो भएको थियो । उनले सुदन गुरुङलाई छोरो बताइन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसित दाईको नाता गाँसिन । कैयौं अपराधिक मुद्दामा आरोपित व्यक्तिहरूलाई मन्त्री बनाउन आमन्त्रण गरिन । तर जनताबाट विरोध आएपछि स्थगित गरिन । यी सबै कुराले गर्दा उनी तटस्थ छविको मान्छे होइनन् भन्ने प्रष्ट भएको थियो । उनी जतिसुकै प्रयास गरे पनि पूर्व प्रधान न्यायाधीश खिलराज रेग्मी जस्तो प्रधानमन्त्रीको स्तरमा आफूलाई पुऱ्याउन सकिनन् । उनको बौद्धिकस्तर र तटस्थता यसैबाट प्रष्ट हुन्छ ।

निर्वाचन नजिकिँदै गर्दा प्रधानमन्त्रीका केही अभिव्यक्तिबारे हामी प्रष्ट हुन आवश्यक देखिन्छ । उनी एउटा उच्चस्तरको बैठकमा बोल्दै गरेको भिडियो सार्वजनिक भएको छ । उनले झण्डा जलाएको प्रसंग उठाएको सुनिन्छ । उनी भन्छिन् "हिजो अस्ती मात्रै एउटा पार्टीको झण्डा अर्कोले जलायो भन्ने कुरा आएको छ ।" कसको झण्डा कसले जलायो ? त्यो उल्लेख गरिनन् । उनले रास्वपाका कार्यकर्ताले एमालेको झण्डा जलाएको भन्न किन सकिनन् ? त्यो प्रसंगलाई त्यतिकै बीचमा छाडेर निर्वाचन बहिष्कार गर्नेहरूमाथि तथानाम भन्न थाल्छिन् । उनले "अध्ययन गरे अनुसार बहिष्कार गर्नेहरू २/४ जनाको समूह" छ । "प्रभावकारी छैनन" "चुनाव लड्न पनि सक्दैनन" "एक्सटोर्सन गर्छन" "पैसा पनि भयो, चुनाव लड्न पनि परेन" बहिष्कार गर्ने पार्टीहरू प्रतिको प्रधानमन्त्रीको यो बाँकी ७ पेजमा

## सम्पादकीय

# अमेरिकी युद्ध आतंक र नेपालको सार्वभौमसत्तामाथिको संकट

अमेरिका संसारकै आतंकवादको नाइके बनेको छ। विश्वका अरबौं जनताका लागि सबैभन्दा खतरनाक राष्ट्र बनेको छ। संसारभरको सस्तो श्रम, कच्चा पदार्थ र आफ्नो एकलौटी बजार कब्जा गर्न र केवल अमेरिकाका मुठ्ठीभर पुँजीवादीहरूको स्वार्थ रक्षा गर्न विश्वभर युद्ध आतंक सिर्जना गरिरहेको छ। शनिबार अमेरिका र इजरायलले संयुक्त रूपमा आक्रमण गरेर इरानका सर्वोच्च नेतासहित सयौंको हत्या गरे। एउटा स्वतन्त्र र सार्वभौम मुलुकमाथि दिनदहाडै आक्रमण गरेर हत्या गरियो। नरसंहार मच्चाइयो। केही समय पहिले भेनेजुएलाका राष्ट्रपतिलाई रातारात अपहरण गरेर अहिले आफ्नो कब्जामा राखेको छ। ग्रीनल्यान्ड, क्यानडा, पनामा नहर, गाँजापट्टीसमेतलाई कब्जा गर्न खोजेको छ। युक्रेनका खनिज पदार्थहरू भएको भूमिमाथि दाबी गरेको आदिबाट अमेरिकी साम्राज्यवाद विश्वका अरबौं जनताको नम्बर १ दुस्मन भएको पुष्टि भएको छ।

अमेरिकाले नेपालमा पनि आफ्नो प्रभुत्व कायम गर्ने प्रयत्न गरिरहेको छ। त्यसले इन्डोप्यासिफक रणनीति वा एमसिसीको माध्यमद्वारा नेपाललाई पनि आफ्नो सुरक्षानीतिको घेराभित्र ल्याउन खोजेको छ। त्यसले तिब्बतमाथि आक्रमण गरेर दलाई लामाको त्यहाँ पुनर्स्थापना गर्न चाहन्छ र त्यसका लागि तिब्बतमाथि आक्रमण गर्न नेपाललाई आफ्नो युद्धभूमि बनाउन चाहन्छ। त्यही रणनीतिअन्तर्गत नै त्यसले नेपालको सांसदद्वारा पनि एमसिसी पारित गर्न लगाएको थियो र त्यसले नेपाललाई एसपिपीमा पनि सहमत गराउन चाहन्छ। आफ्नो त्यो उद्देश्य पूरा गर्न उसले नेपालमा आफ्नो कठपुतली सरकार कायम गर्न चाहन्छ। त्यस निम्ति उसले कैयौँ राजनीतिक पार्टी, समूह वा व्यक्तिलाई अगाडि सारेको छ। त्यसको रणनीति सत्ता वा विपक्षका नेतामा आफ्नै व्यक्तिलाई निर्वाचित गराउने हो। त्यसैले प्रधानमन्त्रीका लागि एकैसाथ कैयौँ उम्मेदवारलाई अगाडि सारेको छ। त्यस प्रकारका व्यक्ति चुनावमा पनि ठुलो सङ्ख्यामा उम्मेदवार बनेका छन्। उनीहरूको जित हुने हो भने संसद्मा पूरै नै अमेरिकाको प्रभुत्व कायम हुनेछ र नेपालमा अमेरिकाको कठपुतली सरकार बन्नेछ। त्यो कठ्पलती सरकारले दुई छिमेकी र अन्तर्राष्ट्रिय शक्तिबिच सन्तुलन कायम गर्ने गरी परराष्ट्र नीति सञ्चालन गर्नेछैन। नेपाली भूमि साम्राज्यवादी र विस्तारवादीको खेल मैदान बनाउने र छिमेकी चीनका विरुद्ध प्रयोग गर्न दिने अवस्थामा छिमेकी चीन चुप लागेर बन्ने छैन। उसले आफ्नो देशको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षाका निम्ति जस्तोसुकै कदम पनि चाल्नेछ। त्यसबेला नचाहेर पनि नेपाल युद्धको अखडा बन्नेछ। त्यस अवस्थामा देशको स्वाधीनता र सार्वभौमिकताको रक्षा नेपालका सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारीहरूले बाहेक अरु शक्तिबाट सम्भव छैन।

त्यही तथ्यबोध गरेर नै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत चार दलीय केन्द्रीय संयुक्त संघर्ष समितिसहित विभिन्न १२ वटा समूहले फागुन २१ को निर्वाचन बहिस्कार गरेका छन्। निर्वाचन बहिस्कार गर्ने शक्तिमाथि सुशिला कार्की नेतृत्वको सरकारले फासिवादी दमन अभियान सञ्चालन गरिरहेको छ र व्यापक रूपमा धरपकड गरेको छ। यस तथ्यबाट स्पष्ट रूपमा भन्न सकिन्छ कि निर्वाचनपछि देश तीव्र ध्रुवीकरणमा जानेछ। मुलुक अझ डरलाग्दो भयानक द्वन्द्वमा फस्नेछ। त्यस अवस्थामा देशको स्वाधीनता र सार्वभौमिकताको रक्षाका निम्ति सच्चा देशभक्त र क्रान्तिकारी शक्तिहरू एकताबद्ध भएर अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध एउटा निर्णायक लडाइँ लड्नै पर्ने परिस्थिति सिर्जना भइरहेको छ। यस तथ्यको गहिरोबोध गरी छरिएर रहेका सबै कम्युनिस्ट क्रान्तिकारीहरू, सच्चा देशभक्तहरू, लोकतन्त्र तथा गणतन्त्रवादीहरू एकताबद्ध संकल्प गर्नुपर्ने परिस्थिति सिर्जना हुन पुगेको छ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

# अमेरिकाको युद्ध ब्यापार र पतनका सम्भावनाहरु

**इरानले अमेरिकासँग आफूले कूटनीतिक प्रक्रिया जारीराखेकै बेला झुक्याएर आक्रमण भएको प्रतिक्रिया दिएको छ । जेनेभामा इरान र अमेरिकाबीचको तेश्रो चरणको अप्रत्यक्ष वार्ता गत फेब्रुअरी २६ मामात्र सम्पन्न भएको थियोभने आज (मार्च २) पछि पुनः वार्ता हुने भनिएको थियो । गत बर्षको मे महिनामा पनि ती दुई देशले पाँच चरणमा वार्ता गरेका थिए । छैठौं चरणको वार्ताभने इजरायलले इरानमा आक्रमण गरेपछि रद्द भएको थियो । त्यसपछि १२ दिनसम्म चलेको युद्धका बेला अमेरिकाले इरानका तीनवटा महत्वपूर्ण परमाणु केन्द्रहरूमा बमबारी गरेको थियो ।**



● डा. केशव देवकोटा ●

अमेरिका र इजायलले इरानमाथि गरेको पछिल्लो आक्रमणबाट गत शनिबार त्यहाँका सर्वोच्च नेता आयातोल्लाह अली खामेनी मारिएपछि कतिपयले तेश्रो बिश्व युद्ध हुनसक्ने आंकलन गरेका छन्। तत्काल तेश्रो बिश्वयुद्ध नभएपनि इरानमा भएको घटना सहजै सेलाउने कुनै संभावना देखिएको छैन। अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्प दोश्रो पटक निर्वाचित भएदेखि नै उहाँले अमेरिकाको राष्ट्रिय राजनीतिलाई नै ब्यापारिकरण गरेर ब्यापार युद्धको थालनी गरेको देखिएको छ। जसको शिकार बिश्वका बिभिन्न मुलुकहरू पर्दैगएका छन्। संसारमा ठूला र शक्तिशाली देशहरूले साना देशहरूमाथि गर्ने हैकम र बलजप्तीपूर्ण कार्यहरू निन्दनीय छन् तर अझै रोकिएका छैनन्। त्यसमाथि पनि अमेरिकाको साम्राज्यवादी चरित्र बिश्वसामु उदाङ्गोरूपमा प्रस्तुत हुनथालेको छ। जसले जुनसुकै बेला तेश्रो बिश्वयुद्ध भड्किन सक्ने र अमेरिका स्वयं तहसनहस हुनसक्ने संभावनालाई अगाडि ल्याएको छ। अमेरिकालेगर्ने प्रायः निर्णयहरूबाट विश्वको आर्थिक, राजनीतिक र सामाजिक भूगोलहरूमा ठूलो फाटो र विभ्रम फैलिँदो छ। आफूलाई फाइदा हुने कुराको लागि जुनसुकै देशमाथि जस्तोसुकै दबाब दिएर स्वार्थपूर्ति गराउने अमेरिका र अमेरिकाली राष्ट्रपति डोनाल्ड ट्रम्पको नीति पछिल्ला दिनमा खतर्नाक देखिएको छ। पूँजीवादी देशहरूको पूँजीवादी संगठन र इस्लामिक देशहरूको इस्लामिक संगठनहरूले आआफ्नो स्वार्थ र उद्देश्यनुरूप कार्यगर्न खोज्दा विश्वको शान्तिनै खलबलिन पुगेको अवस्था छ। रुस र युक्रेनबीचको युद्ध तथा इजरायल र फिलिस्तिन गाजा समूहभित्रका हमास संगठनहरूले शुरुगरेका छापामार युद्धहरूबाट इजरायल फिलिस्तिन्लगायत सम्पूर्ण मध्यपूर्वका देशहरूमा देखिएका युद्धहरू उपरोक्त कुराका संकेतहरू हुन्। अमेरिकाले इरानको परमाणविक केन्द्रमाथि बम खसालेर ध्वस्तगर्ने योजना धेरै पहिलेदेखि बनाएको थियोभने इरानले पनि अमेरिकालाई परमाणु हमला गरेर ध्वंसगर्ने चेतावनीदिँदै आएको थियो।

गत शनिबारको घटनाले अमेरिका र इरानबीचको बिवादलाई उत्कर्षमा पुऱ्याएको छ। इरानका परमाणु संयन्त्रहरू अमेरिकाका लागि ठूलो चिन्ताको विषय रहँदै आएको थियो। इस्लाम र यहुदी धर्मबीचको युद्ध तथा इस्लाम र इसाईबीचको युद्धले संसारमा तेश्रो विश्वयुद्ध निमत्याउन सक्ने संभावनाहरू बढेर गएका छन्। अमेरिकी आक्रमणमा इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनी मारिएको पुष्टि भैसकेको छ। खामेनीको मृत्युभएको त्यहाँको सरकारी टेलिभिजनले हिजो आइतबार औपचारिक घोषणा गरेको थियो। खामेनीसँगै उहाँका छोरी, ज्वाइँ, बुहारी र नाति पनि लगायत मारिएका छन्। अन्य हताहतीकाबारेमा पूर्ण बिवरण बाहिर आउन सकेको छैन। इरानको अर्धसरकारी समाचार संस्था फार्स न्युजले कतिपय बिवरणहरू बाहिर ल्याएको छ। गत शनिबारनै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफैले खामेनी मारिएको दाबी गर्नुभएकाले अमेरिकाको अशली प्रयास स्पष्ट भएको छ। सन् १९८९ देखि इरानको सर्वोच्च शक्ति खामेनीकै हातमा रहेको थियो। खामेनी इरानको इतिहासमा शाह मोहम्मद रजा पहलवीपछि सबैभन्दा लामो समयसम्म शासनगर्ने नेता र मध्यपूर्वका सबैभन्दा लामो समयसम्म पदमा रहने राष्ट्रप्रमुख हुनुभएको थियो। खामेनी इरानका आध्यात्मिक र राजनीतिक नेता आयातोल्लाह खुमेनीका नजिकका चेला भएको बताइन्थ्यो। सन् १९७९ को इस्लामिक क्रान्तिमा उहाँले महत्वपूर्ण भूमिका खेलेको मानिन्छ। सर्वोच्च नेता बन्नुअघि उहाँ इरानको तेश्रो राष्ट्रपतिकारूपमा कार्यरत हुनुहुन्थ्यो। इरान-इराक युद्धका बेलामा उहाँले इरानको नेतृत्व गर्नुभएकोभने सोही समयमा इरानी सैन्य दस्ता इस्लामिक रिभोलुसनरी गार्ड कोरसँग उहाँको सम्बन्ध बलियो भएको मानिएको थियो। सर्वोच्च नेता खामेनीको मृत्युपछि इरानमा ४० दिने सार्वजनिक शोक घोषणा भएको छभने एक हप्ता सार्बजनिक बिदासमेत दिइएको छ। इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषदले अमेरिका र इजरेलको संयुक्त हवाई हमलापश्चात् कडा प्रतिक्रिया जनाएको छ। तेहरान तथा अन्य शहरहरूमा अमेरिकी तथा इजरायलको हमला जारीरहन सक्नेभन्दै उसले हाम्ना नागरिकहरूलाई शान्त रहन र सम्भव भएसम्म सुरक्षित ठाउँमा जान भनेको छ। आवश्यकपर्ने सामग्रीको जोहो सरकारले गरिसकेको उसले जनाएको छ। जसलेगर्दा इरान थप आक्रामक हुने संकेतहरू देखिएका छन्।

इरानले अमेरिकासँग आफूले कूटनीतिक प्रक्रिया जारीराखेकै बेला झुक्याएर आक्रमण भएको प्रतिक्रिया दिएको छ। जेनेभामा इरान र अमेरिकाबीचको तेश्रो चरणको अप्रत्यक्ष वार्ता गत फेब्रुअरी २६ मामात्र सम्पन्न भएको थियोभने आज (मार्च २) पछि पुनः वार्ता हुने भनिएको थियो। गत बर्षको मे महिनामा पनि ती दुई देशले पाँच चरणमा वार्ता गरेका थिए। छैठौं चरणको वार्ताभने इजरायलले इरानमा आक्रमण गरेपछि रद्ध भएको थियो। त्यसपछि १२ दिनसम्म चलेको युद्धका बेला अमेरिकाले इरानका तीनवटा महत्वपूर्ण परमाणु केन्द्रहरूमा बमबारी गरेको थियो। इरानमा घटेको पछिल्लो घटनाका कारण विश्वभरका देशहरूले मध्यपूर्वमा तनाव बढ्ने चिन्ता व्यक्त गरेका छन्। बिश्वको अर्को शक्ति राष्ट्र रुसले अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणलाई खतरनाक र विनाशकारीभन्दै त्यसको निन्दा गरेको छ। क्रेमलिनले बढ्दो तनाव र इरानमा सम्भावित अमेरिकी हस्तक्षेपको रिपोर्टको बीचमा संयम अपनाउन आह्वान गरिरहेको छ। युक्रेन आक्रमणका सन्दर्भमा तेहरान रुसको सबैभन्दा नजिकको सहयोगीकारूपमा रहेको छ। रुसको विदेश मन्त्रालयले एक विज्ञप्तिनै जारीगरेर वाशिंटन र तेल अभिभले फेरि एक खतरनाक र विनाशकारी यात्रा शुरुगरेको टिप्पणी गरेको छ। रुसले अन्तर्राष्ट्रिय कानून, आपसी सम्मान र सन्तुलनमा आधारित शान्तिपूर्ण समाधानको खोजीमा योगदान दिन आफू तयार रहेको पनि बताएको छ। सन् २०२५ मा रुस र इरानले सैन्य क्षेत्रलगायत सम्बन्ध बलियो बनाउने उद्देश्यले रणनीतिक साझेदारी सन्धिमा हस्ताक्षर गरेका थिए। त्यसैगरी संयुक्त राष्ट्र संघका मानव अधिकार प्रमुख भोल्कर टर्कले मध्यपूर्वमा गत शनिबार भएको हमलाको निन्दागर्दै सबै पक्षलाई वार्तामा फर्कन आग्रह गर्नुभएको छ। संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुखले अमेरिका-इजरायल आक्रमण र इरानको प्रतिक्रियाको निन्दा गर्नुभएको छ। नेपालको छिमेकी चीनले सैन्य कारवाही तत्काल रोक्न आग्रह गरिसकेको अवस्था छ। चिनियाँ विदेश मन्त्रालयले इरानको राष्ट्रिय सार्वभौमिकता, सुरक्षा र क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्नेमा जोड दिएको छ। अमेरिकी सैन्य अखडाको आश्रय रहेको कतारलेसमेत आफ्नो भूमिमा इरानी क्षेप्यास्त्र आक्रमणको निन्दागरेको छ र आक्रमणको जवाफ दिने चेतावनीसमेत दिएको छ। युरोपेली संघ (इयू) की प्रमुख उर्सुला भोन डेर लेयनले अमेरिकाले इरानका आणविक क्षेत्रहरू निशाना रहेको संकेत गरेपछि आणविक सुरक्षा सुनिश्चितगर्नु महत्वपूर्ण भएको प्रतिक्रिया दिनुभएको छ। त्यसैगरी नर्वेका विदेशमन्त्रीले इरानमाथि इजरायलको आक्रमणले अन्तर्राष्ट्रिय कानून उल्लंघन गरेको बताउँदै पूर्वयोजनामा भएको आक्रमणले अनपेक्षित खतरा निम्त्याएको बताउनुभएको छ। नेपालको अर्को छिमेकी भारतको विदेश मन्त्रालयले सबै राज्यहरूको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गरिनुपर्नेमा जोडदिँदै वार्ता र कूटनीतिलाई पछ्याउनुपर्ने भनेको छ। भारतका प्रधानमन्त्रि नरेन्द्र मोदीले गतसाता मात्र इजरायलको भ्रमण गरेर बिभिन्न सहमति र संझौतामा हस्ताक्षर गर्नुभएको थियो। अर्कातिर बेलायत, फ्रान्स र जर्मनीले संयुक्तरूपमा इरानको जवाफी आक्रमणको निन्दागरेका छन्भने बेलायत सरकारले पनि स्थिति व्यापक क्षेत्रीय द्वन्दमा परिणत हुनसक्नेमा चिन्ता व्यक्त गरेको पाइएको छ। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौंले खतरनाक तनाव रोक्न आग्रहगर्दै संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को तत्काल बैठक बोलाउनुभएको छ। इरानमा अप्रत्याशितरूपमा घटेको घटनाकाबारेमा छिट्टै राष्ट्रसंघको सुरक्षा परिषदमासमेत छलफल हुनेभएको छ।

त्यसैगरी लेबनानका प्रधानमन्त्री नवाफ सलामले इरानमा हालै घटेको घटनाले आफ्नो देशलाई युद्धमा नतान्ने बताउनुभएको छ। उता इरानका अन्तिम राजाका छोरा तथा तेहरानको वर्तमान सत्ताका प्रखर आलोचक रेजा पहलवीले गत शनिबारको आक्रमणपछि अन्तिम जित नजिक रहेको दाबी गर्नुभएको छ। उहाँको भनाईमा सबै मिलेर इरानलाई फिर्ता लिन र पुनर्निर्माणगर्न सक्छौं भन्ने रहेको पाइन्छ। पहलवी अमेरिकामा निर्वासित जीवन बिताइरहेको अवस्था छ। त्यसैगरी इजिप्टको विदेश मन्त्रालयले अरब राष्ट्रहरूको एकता र क्षेत्रीय अखण्डताको सुनिश्चितताका लागि जोडदिएको पाइएको छ। टर्कीको विदेश मन्त्रालयले द्वन्दले यस क्षेत्रको भविष्य र विश्वव्यापी स्थिरतालाई खतरामा पारेकोभन्दै सबै पक्षलाई तुरुन्त शत्रुता रोक्न आग्रह गरेको छ। जोर्डनको सरकारले तनाव कमगर्न आग्रह गरेको छ र आफ्नो सबै शक्तिकासाथ राज्यको हितको रक्षागर्ने चेतावनी दिएको छ। प्यालेष्टिनी लडाकू समूह र इरानको सहयोगी हमासले तेहरानमाथि अमेरिका र इजरायलको आक्रमणको निन्दा गरेको छ र यसलाई सम्पूर्ण क्षेत्रमा प्रत्यक्ष आक्रमण भनेको छ। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले इरानमाथि भएको आक्रमणले इरानी जनताका लागि तेहरानमा रहेको आतंकवादी शासनलाई सत्ताच्युतगर्ने अवसर सिर्जना गरेको बताउनुभएको छ। यसरी गत शनिबार इरानमा भएको घटनाले बिश्वजनमतलाई नै दुई धुरीमा बिभाजित गरेको देखिएको छ। एकातिर इरानमा सत्ता कब्जाका लागि आन्तरिक द्वन्द बढेको छभने अर्कातिर अमेरिका र इजरायलले इरानको सत्ता आफ्नो हातमा लिने प्रयास गरिरहेका छन्। इरानमा अमेरिकाले जे कदम चालेको छ, त्यसको परिणाम ज्यादै खतर्नाक र गंभिर हुने स्पष्ट संकेतहरू देखिएका छन्। सो घटनाले बिश्वका बिभिन्न मुलुकमा छरिएर रहेका लाखौं नेपालीहरूसमेत प्रभावित भएका छन्। इरान अमेरिका युद्धले नेपालमासमेत प्रत्यक्ष र परोक्ष दुबै खालका असरहरू पर्नसक्ने देखिएको छ। जुन आजको गंभिर बिचारणिय बिषय हुनपुगेको छ।

# क्रान्तिकारी कम्युनिस्ट पार्टीका १५ नं. ब्यूरोका इन्चार्ज र सचिव गिरफ्तार





काठमाडौं। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका १५ नम्बर ब्युरो ईन्चार्ज सीताराम बुढाथोकी र ब्युरो सचिव डिल्ली बोहोरालाई सुशिला सरकारका प्रहरीले बिना कारण सुनसरीको ईटहरी स्थित घरबाटै गिरफ्तार गरेको छ।

सचिव बोहराकी बिमारी आमाको हेरचाह गरिरहेको अवस्थामा उहाँहरूलाई गिरफ्तार गरिएको त्यस ब्यूरोमा कार्यरत पार्टीका केन्द्रीय सदस्य बालकृष्ण सुवेदीले जानकारी गराउनु भयो। फरक विचारमाथि गरिएको यो दमनले सुशिला कार्की नेतृत्वको सरकारको फासिवादी चरित्र उदाङ्गो भएको भन्दै केस सुवेदीले गिरफ्तार कमरेडहरूको अविलम्ब विनाशर्त रिहाइ गर्न जोडदार माग गर्नुभएको छ।

# सार्वभौम सत्ता, स्वाधीनता र क्रान्तिको सवाल

● उज्वल ●

सार्वभौम सत्ता (sovereignt) भन्नाले कुनै पनि राज्यको आफ्नो भूगोल, जनता र शासन व्यवस्थामा रहने सर्वोच्च, निरपेक्ष र अन्तिम अधिकार हो। यो राज्यको यस्तो शक्ति हो, जसले आन्तरिक मामिलामा पूर्ण स्वतन्त्रता र बाह्य मामिलामा कुनै पनि विदेशी हस्तक्षेपबाट मुक्त रहने अधिकार रहेको हुन्छ। सरल शब्दमा भन्नुपर्दा, आफ्नो देशको भाग्यको निर्णय आफैं गर्ने र आफ्नो क्षेत्रभित्र कानुन बनाउने तथा कार्यान्वयन गर्ने राज्यको अधिकार नै सार्वभौम सत्ता हो।

सार्वभौम सत्ताको अवधारणा समयसँगै विकसित हुँदै आएको छ। यसको विकासलाई मुख्यतया तीन चरणमा बुझ्न सकिन्छ-

*१- मध्ययुगीन काल*

मध्यकालमा सार्वभौम सत्ताको आधुनिक अवधारणा थिएन। त्यसबेला सत्ता केन्द्रीकृत थिएन। शक्तिको बाँडफाँट चर्च (पोप), सामन्ती शासकहरू र राजाका बीचमा हुन्थ्यो। राजासँग पूर्ण अधिकार थिएन, किनकि उनीहरूले धर्म र सामन्तहरूको स्वार्थलाई ध्यानमा राख्नुपर्ने बाध्यता थियो।

*२- आधुनिक युगको सुरुवात :*

१६औं शताब्दीमा युरोपमा धार्मिक युद्धहरू र गृहयुद्धको अन्त्य गर्न एउटा बलियो केन्द्रीय शक्तिको आवश्यकता महसुस भयो। यसै सन्दर्भमा फ्रान्सेली विचारक जीन बोडिनले आफ्नो पुस्तक Six Books of the Commonwealth (१५७६) मा पहिलोपटक सार्वभौम सत्तालाई व्यवस्थित रूपमा परिभाषित गरे। उनले राज्यको शक्तिको स्रोत राजालाई माने र यसलाई 'कानुन भन्दा माथिको निरपेक्ष शक्ति' भने।

*३- वेस्टफेलियाको सन्धि*

यो सन्धिलाई आधुनिक सार्वभौम सत्ताको जग मानिन्छ। सन् १६४८ मा भएको यस सन्धिले राज्यहरूलाई एक-अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने र सबै सार्वभौम राज्यहरू कानुनको नजरमा समान हुने सिद्धान्त स्थापित गर्‍यो। यसले आधुनिक 'राष्ट्र-राज्य'को अवधारणा जन्मायो।

*४- सामाजिक सम्झौता र जन-सार्वभौमिकता*

१८ औं शताब्दीतिर थोमस हब्स, जोन लक र विशेष गरी जीन ज्याक रुसो जस्ता विचारकहरूले सार्वभौम सत्ताको स्रोत राजा नभई जनता हुन् भन्ने मान्यता अघि सारे। रुसोको 'सामाजिक सम्झौता'को सिद्धान्तले भन्यो कि सरकारले जनताको सहमतिबाट शक्ति प्राप्त गर्छ। यही मान्यताले आधुनिक लोकतन्त्रको आधार तयार पार्‍यो।

*५- सर्वहारावर्गीय-सार्वभौमसत्ता-*

१९ औं शताब्दीमा कार्लमार्क्स, फ्रेडरिक एङ्गेल्सले 'सवहारावर्गीय सार्वभौम सत्ता'को वकालत गरे। श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायलाई उनीहरूले वास्तविक शक्तिको स्रोत माने। जन-सार्वभौमिकताभन्दा अझ माथि उठेर गरिखाने श्रमजीवी वर्गलाई शक्तिको स्रोत ठाने। र, यही वर्गको हातमा सार्वभौम सत्ता निहित भएमा मात्र हरेक मुलुक स्वाधीन र आत्मनिर्भर हुन सक्दछन् भन्ने अवधारणा अघि सारे।

रुसमा मूलतः मजदुर वर्ग निहीत सार्वभौमसत्ताको अभ्यास गरियो भने चीनमा किसान वर्गमा निहीन सार्वभौम सत्ताको अभ्यास गरियो। नेपालमा भने राजा, राणा, फेरि राजा, र, सामन्त जमिन्दार हुँदै २०६५ संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित भएपछि जनतामा निहीत सार्वभौमसत्ता अर्थात् जन-सार्वभौमिकताको अभ्यास भइरहेको मानिन्छ। तर गणतन्त्र स्थापना भएयताका करिब दुई दशकको सत्ता अभ्यासले प्रष्ट पारिसकेको छ कि सार्वभौमसत्ता जनतामा निहीत नभएर दलाल पुँजीपतिवर्गमा निहीत हुन पुगेको छ। जेनजी विद्रोहपछि त्यो पनि सेनाले हाइज्याक गरेको टिप्पणी विश्लेषण भइरहेका छन्।

मार्क्सवादी दर्शनअनुसार, राज्य आफैंमा एउटा तटस्थ संस्था होइन, यो एउटा वर्गले अर्को वर्गलाई दबाउने संयन्त्र हो। त्यसैले, कम्युनिस्टहरूका लागि 'सार्वभौमसत्ता' भनेको सारमा 'कुन वर्गको हातमा शक्ति छ' भन्ने कुरा प्रमुख हो। पुँजीवादी व्यवस्थामा उनीहरूका अनुसार सार्वभौमसत्ता केवल मुठ्ठीभर बुर्जुवा 'धनी' वर्गको हातमा हुन्छ। कम्युनिस्ट व्यवस्थामा, सार्वभौमसत्ता सर्वहारा वर्ग 'कामदार र किसान'को हातमा हुन्छ, जसलाई 'वास्तविक लोकतन्त्र' मानिन्छ।

सर्वहारा वर्गको अधिनायकत्व भनेको



बहुसंख्यक जनताको स्वार्थ रक्षा गर्ने व्यवस्था हो। कम्युनिस्टहरूका लागि सार्वभौमसत्ता भनेको कागजी संवैधानिक अधिकार मात्र होइन, बरु उत्पादनका साधनमाथिको स्वामित्व र शोषणरहित समाज निर्माण गर्ने राज्यको शक्ति हो। उनीहरूका लागि जबसम्म समाजमा वर्गीय असमानता रहन्छ, तबसम्म सार्वभौमसत्ता वास्तविक अर्थमा जनताको हातमा हुन सक्दैन।

जहाँसम्म स्वाधीनताको सवाल छ, त्यो भनेको विदेशी हस्तक्षेपबाट मुक्त भई निर्णय लिन सक्ने स्वतन्त्रता हो। सिमानाको रक्षा, आर्थिक रूपले आत्मनिर्भरता स्वाधीनताका प्रमुख सवाल हुन्।एकातिरलिम्पियाधुरा-लिपुलेक-कालापानीसहितको नयाँ राजनीतिक नक्सा तथा प्रशासनिक नक्साको अन्तर्राष्ट्रिय मान्यता र नक्सामा समेटिएको भूभागमाथिको आफ्नो सम्पूर्ण नियन्त्रण, नेपाली भूमि कालापानीबाट भारतीय सेनाको बहिर्गमन, खुल्ला सिमानाको नियन्त्रण गर्ने सवालहरू छन् भने अर्कोतिर व्यापार घाटा, वैदेशिक ऋण, र रेमिट्यान्समा आधारित अर्थतन्त्रका कारण कूटनीतिक र राजनीतिक निर्णयहरूमा बाह्य प्रभाव र हस्तक्षेपबाट मुक्त पार्ने महत्वपूर्ण सवालहरू राष्ट्रिय स्वाधीनताका प्रत्यक्ष सरोकार राख्ने विषयहरू हुन्। यहाँ महत्वपूर्ण प्रश्न के छ भने के नेपालमा अहिले सत्तामा रहेको र निर्वाचनपछि पनि सत्तासिन हुने दलाल पुँजीपतिवर्गले मुलुकलाई स्वाधीन र आत्मनिर्भर बनाउन सक्छ ? जवाफ स्पष्ट रूपमा दिन सकिन्छ- अ हँ कदापि सक्दैन। किन ? किनभने- दलाल पुँजीवाद भन्नाले एउटा यस्तो आर्थिक अवस्थालाई जनाउँछ, जहाँ राज्यको अर्थतन्त्र बाह्य पुँजी, विदेशी लगानी वा बिचौलियाहरूको स्वार्थका आधारमा चल्छ, न कि स्वदेशी उत्पादन र आत्मनिर्भरताको आधारमा।

***दलाल पुँजीवादका यी तीन पक्षमाथि ध्यान दिन जरुरी छ-***

**१-दलाल पुँजीवादको चरित्र** : क) बिचौलियाको भूमिका- यहाँ वास्तविक उत्पादक (किसान, मजदुर, साना उद्यमी) भन्दा सामान आयात गर्ने, ठेक्कापट्टा गर्ने र कमिसन खाने वर्ग (बिचौलिया) शक्तिशाली हुन्छन्। ख) राज्य र स्वार्थको गठजोड- राजनीतिक नेतृत्व, प्रशासनिक उच्चपदस्थ कर्मचारी र व्यापारीहरूको स्वार्थ मिल्छ। राज्यले बनाउने नीतिहरू आम नागरिकको हितभन्दा सीमित व्यापारी वा विदेशी कम्पनीको फाइदाका लागि हुन्छन्। ग) उत्पादनको अभाव- यस व्यवस्थामा देशको कच्चा पदार्थ र श्रम शक्तिको सदुपयोग गरेर सामान बनाउनुको साटो, विदेशी सामान नेपाल भित्र्याउने र त्यसमा 'नाफा' खाने प्रवृत्ति हाबी हुन्छ।

**२- नेपालको सन्दर्भमा यसको अभ्यास** : नेपालको आर्थिक संरचनामा दलाल पुँजीवादको प्रभाव स्पष्ट देखिन्छ- क) आयातमुखी अर्थतन्त्र- हामीले उपभोग गर्ने वस्तुहरूको ठूलो हिस्सा आयात गर्छौं। यसबाट राज्यले भन्सार राजस्व त पाउँछ, तर राष्ट्रिय उद्योग फस्टाउँदैनन्। फस्टाउन दिइदैन। ख) विदेशी ठेकेदार र स्थानीय दलालहरू- ठूला आयोजनाहरू (जस्तै- सडक, जलविद्युत, विमानस्थल) मा विदेशी ठेकेदार र स्थानीय दलालहरूको बलियो पकड हुन्छ। नीति निर्माणको चरणमै उनीहरूको प्रभाव देखिन्छ। ग) रेमिट्यान्सको दुरूपयोग- विदेशबाट आएको रेमिट्यान्स उत्पादनमूलक क्षेत्र (कलकारखाना, आधुनिक कृषि)मा लगानी हुनुको साटो घरजग्गा र विलासी वस्तुको उपभोगमा खर्च हुन्छ, जसले बिचौलियाहरूलाई नै फाइदा पुर्‍याउँछ।

**३- दलाल पुँजीवादले पराधीनता बढाउँछ-** क) नीतिगत बन्दी- जब अर्थतन्त्र आयातकर्ता र विदेशी लगानीकर्तामा निर्भर हुन्छ, तब राज्यले राष्ट्रिय हितमा निर्णय लिन सक्दैन। विदेशी सर्त वा स्वार्थ समूहको दबाबमा नीतिहरू बदलिन्छन्। तर जनहित र राष्ट्रहितमा निर्णय लिने क्षमता ह्रास भएर जान्छ। ख) असमानता- यसले समाजमा धनी र गरिबबीचको खाडल बढाउँछ। मेहनत गर्ने व्यक्ति गरिब नै रहन्छ, तर दलाल वर्गले छोटो समयमै अपार सम्पत्ति कमाउँछन्। ग) सिर्जनात्मक क्षमताको हत्या- स्वदेशी उद्यमीहरूले विदेशी सस्तो र सहुलियत प्राप्त सामानसँग प्रतिस्पर्धा गर्न नसक्दा उनीहरू बजारबाट पलायन हुन्छन्, जसले देशलाई सधैं परनिर्भर बनाउँछ।

दलाल पुँजीवाद वास्तवमा 'विकास'को आवरणमा लुकेको एक प्रकारको 'आर्थिक परजीवी' व्यवस्था हो। जबसम्म राज्यले 'बिचौलिया' लाई निरुत्साहित गरेर उत्पादक (किसान, मजदुर, साना उद्योगी)लाई नीति निर्माण र स्रोतको पहुँचको केन्द्रमा राख्दैन, तबसम्म नेपालको आर्थिक स्वाधीनता र सार्वभौमिकता केवल औपचारिक नारामा मात्र सीमित हुन पुग्दछ। तसर्थ, स्पष्ट रूपमा भन्न सकिन्छ कि यो दलाल पुँजीवादी व्यवस्था रहेसम्म नेपाल स्वाधीन र आत्मनिर्भर हुनै सक्दैन। बरु दिनप्रतिदिन परनिर्भरतासँगै देशको स्वाधीनता पूर्ण रूपमा गुम्ने स्थिति पैदा हुन्छ। त्यसैकरण, किसान, मजदुर र उत्पीडित जातिको संयुक्त अधिनायकत्वमा आधारित स्वाधीन सरकारको स्थापनाका निम्ति पुनः एउटा जनविद्रोहको तयारी गर्नु अपरिहार्य बन्न गएको छ।

इतिहासमा धेरै देशहरूले दलाल पुँजीवाद वा सामन्ती अधिनायकत्व तोड्न विद्रोहको बाटो रोजेका छन्। जब पुरानो राज्यसत्ताले आफ्नो चरित्र बदल्न इन्कार गर्छ, तब जनताले त्यसलाई भत्काएर नयाँ सत्ता निर्माण गर्नु नै अन्तिम विकल्प ठान्छन्। इतिहासले के देखाउँछ भने, जब लोकतान्त्रिक संस्थाहरूले जनताको आवाजलाई सम्बोधन गर्न सक्दैनन् र राज्य दमनकारी वा जनउत्तरदायी बन्न छाड्छ, तब जनताले अर्को विकल्प खोज्छन्। जब आम नागरिकलाई लाग्छ कि शान्तिपूर्ण मार्ग (चुनाव)ले केही पनि बदल्दैन, तब 'विद्रोह' एउटा स्वतःस्फूर्त राजनीतिक विकल्प बन्न पुग्दछ। त्यस्तो विद्रोहले नै गरिखाने जनताको सत्ता र व्यवस्था स्थापित गर्छ।

साम्राज्यवादी हस्तक्षेप र दलाल पुँजीवादका विरुद्ध निर्णयक सम्बन्ध विच्छेद गरेर नेपालमा वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक अन्तरविरोध हल गरेर गरिखाने जनताको सर्वोच्चतासहितको शासन व्यवस्था नै जनमुखी व्यवस्था हुन सक्छ।

साम्राज्यवादी हस्तक्षेप (वैदेशिक प्रभाव) र दलाल पुँजीवाद (भित्रैबाट खोक्रो बनाउने संयन्त्र) दुवै एउटै सिक्काका दुई पाटा हुन्। यसबाट सम्बन्ध विच्छेद गर्नुको अर्थ–विदेशी सर्तमा आधारित आर्थिक नीति, विदेशीको 'सेफ हाउस' वा 'ट्रान्जिट' बन्ने राष्ट्रिय नीति, र दलाल पुँजीपति वर्गको नियन्त्रणमा रहेको नीति-निर्माण तहलाई पूरै भत्काउनु (बदल्नु) हो।

नेपाल जस्तो बहुभाषिक, बहुधार्मिक र वर्गीय रूपमा विभाजित समाजमा उल्लेखित चार अन्तरविरोधहरू हल गर्न क) वर्गीय अन्तरविरोध- उत्पादनका साधन र नाफामा मजदुर र किसानको स्वामित्व स्थापित गर्ने, ख) जातीय-क्षेत्रीय अन्तरविरोध- राज्यको स्रोतमा सीमान्तकृत र उत्पीडित समुदायको वास्तविक सहभागिता र आत्मनिर्णयको अधिकारसहितको संघीयता, ग) दलित र लैङ्गिक अन्तरविरोध- ब्राम्हणवाद तथा पितृसत्तात्मक संरचनाको अन्त्य र उत्पादनमा महिला र दलितको बराबरी भूमिकासहितको विशेषाधिकार स्थापित गर्ने आदि।

नेपालमा चाहिएको भनेको दलाल तथा नोकरशाह पुँजीपति वर्गीय सर्वोच्चतालाई हटाएर गरिखाने जनताको सर्वोच्चता हो। जब 'गरिखाने वर्ग (किसान, मजदुर, साना उद्यमी, सीमान्तकृत) को हातमा सत्ता हुन्छ, तब राज्यले विलासी वस्तुको आयातमा भन्दा आधारभूत आवश्यकता (शिक्षा, स्वास्थ्य, ऊर्जा) उत्पादनमा बजेट खर्च गर्छ। भ्रष्टाचार र कमिसनतन्त्रको ठाउँमा 'जन-सहभागितामूलक' लेखापरीक्षण र पारदर्शिता, जनउत्तरदायी प्रशासन संयन्त्र हुन्छ। अहिलेको राज्यसत्ताले दलाल तथा नोकरशाही पुँजीवादको रक्षा गरिरहेको छ, त्यसैले त्यसको अन्त्य बिना जनताको सर्वोच्चता स्थापित हुनै सक्दैन। यस दिशातर्फ अगाडि सचेत र संगठित जनताको विशाल हिस्सा, संगठनको सञ्जाल, जनहितमा आधारित आत्मानुशासन र योजनाबद्ध परिचालनको खाँचो पर्छ। जबसम्म किसान, मजदुर र उत्पीडित समुदायलाई आफ्नो वास्तविक शत्रु (दलाल पुँजीवाद) र आफ्नो शक्ति (श्रम)को बोध हुँदैन, तबसम्म उनीहरू संगठित हुन सक्दैनन्।

पुँजीवादी साम्राज्यवादले श्रमजीवी शोषित उत्पीडित जनताको चेतना, सोचनशक्तिलाई सामाजिक सञ्जाललगायत विभिन्न डिजिटल प्लेटफर्ममार्फत् अपहरण गरेको छ र आफ्नै हितनुकूलका विचार र चेतनाको सञ्चार गरिरहेको छ। शोषित उत्पीडितहरूलाई सेचत र संगठित हुन दिइरहेको छैन। आधुनिक प्रविधिको विकाससँगै साम्राज्यवादी शोषणका रूपहरूमा आएका परिवर्तनलाई बुझ्न र शोषित उत्पीडित वर्ग र समुदायलाई बुझाउन सकियो भने त्यो नै अजेय तागत बन्नेछ। र, अहिले साम्राज्यवाद आफैले आफ्नो चिहान खनिरहेको पनि छ।

पुँजीवादी साम्राज्यवादले सामाजिक सञ्जाललाई केवल सञ्चारको साधन होइन, 'विचार व्यवस्थापन गर्ने हतियार' का रूपमा प्रयोग गरिरहेको छ। डिजिटल प्लेटफर्महरूले मानिसलाई त्यस्ता सामग्रीहरू मात्र देखाउँछन् जसले उनीहरूको 'उपभोक्तावादी' सोचलाई बढावा दिन्छन्। यसले गर्दा शोषित वर्ग आफ्ना वास्तविक समस्या (वर्गीय शोषण) भुलेर क्षणिक मनोरञ्जन र उपभोगमा रमाइरहेको छ। आजको वर्ग-संघर्ष भनेको केवल सडकमा उत्रिनु मात्र होइन, डिजिटल प्लेटफर्महरूमा भइरहेको 'सूचनाको युद्ध' मा आफूलाई जित्नु पनि हो। शोषित वर्गले आफ्नै 'डिजिटल स्पेस' निर्माण गर्नु आजको अपरिहार्यता हो।

साम्राज्यवादी शक्तिहरूले चलाउने यही डिजिटल मञ्चमै बसेर उनीहरूको शोषणका पोलहरू खोल्ने, 'काउन्टर-न्यारेटिभ निर्माण गर्ने र दलाल पुँजीवादको व्यापक भण्डाफोर गर्न सकिन्छ। र, शोषित-उत्पीडित जनतालाई यी प्लेटफर्महरूका 'एल्गोरिदम' कसरी उनीहरू विरुद्ध प्रयोग भइरहेका छन् भनेर बुझाउन सकियो भने साँच्चै साम्राज्यवादलाई उसकै संयन्त्र प्रयोग गरेर पराजित गर्न सकिन्छ। यही मञ्च प्रयोग गरेर छरिएर रहेका शोषित वर्गलाई संगठित गर्ने र उनीहरूका मुद्दाहरूलाई विश्वव्यापी बनाउने, डेटाको दुरूपयोग नहुने, कर्पोरेट नियन्त्रणबाट मुक्त र पूर्ण रूपमा जनताको हितका लागि प्रयोग हुने आफ्नै सञ्चारका माध्यम वा 'डिजिटल कम्युन'हरू निर्माण गरेर जान पनि सकिन्छ। आजको दुनियाँमा प्रविधि कसको हातमा छ ? भन्ने कुरा नै 'सत्ता कसको हातमा छ ?' भन्ने कुरासँग जोडिन्छ। त्यसैले प्रविधिको विकासमा पनि श्रमिक वर्गको

मार्क्सवाद भनेको जडसुत्रवाद होइन, कार्यमा पथप्रदर्शक सिद्धान्त हो। यो समयको बौद्धिक सार पनि हो। अहिलेको बौद्धिक सारलाई बुझ्न र त्यसलाई माथ गर्न अहिलेको विकसित हर खाले चुनौतीको सामना गर्नैपर्दछ र त्यसका लागि नेपालका कम्युनिस्टहरू सक्षम छन् र हुनैपर्दछ। आजको बौद्धिक सार भनेको प्रविधि, पुँजी र सूचनाको अन्तरसम्बन्ध हो। पुँजीवादले सूचनालाई नै पुँजी बनाएको छ। प्रविधिको 'एल्गोरिद्म र 'डिजिटल अर्थतन्त्र' को 'बौद्धिक सार' बुझ्न सकेनन् भने, उनीहरूले केवल पुराना नारा लगाएर समाजलाई डोर्‍याउन सक्दैनन्। पुँजीवादले जुन प्रविधि र चेतनालाई शोषणको हतियार बनाएको छ, त्यसैलाई खोसेर वा त्यसभन्दा उन्नत स्तरको जनमुखी प्रणालीको विकल्प दिनु नै आजको कम्युनिस्ट आन्दोलनको कार्यभार हो।

विचार र वर्गप्रति प्रतिबद्ध, सर्वहारावर्गीय जीवन शैली र कार्यशैली, आचरणहरूमा रूपान्तरण, जनशैलीको अभ्यास, जनताका समस्यासँगको अन्तरघुलन, जनसहभागितामूलक सेचत र संगठित आवाज बुलन्द आदि गर्ने तरिका अपनाइयो भने जस्तोसुकै चुनौतीलाई जित्न सकिन्छ र परिवर्तन ल्याउन सकिन्छ।

चिनियाँ क्रान्तिका नायक कमरेड माओको 'जनताको बीचमा जाने, जनताबाटै सिक्ने र जनतालाई सिकाउने' नीति नै जनशैली हो। यसैलाई प्रस्थानविन्दु बनाएर सर्वहारावर्गीय क्रान्तिको कार्यभार पूरा गर्नेदिशातिर लाग्नु सबै छरिएर रहेका कम्युनिस्टहरूको आजको साझा कार्यभार हो।

## कार्की सरकारको...

केन्द्रीय सदस्य तथा प्यूठान इञ्चार्ज टिकाराम पौडेल र वैकल्पिक केन्द्रीय सदस्य तथा प्यूठान सचिज वीरबहादुर पुन र सल्यान जिल्ला समितिका सचिवालय सदस्य गिरिधल बस्नेतलाई २०८२ फागुन १३ गते सुशीला कार्की नेतृत्वको सरकारले गिरफ्तार गरेको सन्दर्भमा प्रेस वक्तव्य जारी गर्दै सुदर्शनले सो आह्वान गर्नु भएको हो। २०८२ फागुन १४ गते प्रवक्ता सुदर्शनले जारी गरेको प्रेस वक्तव्य यस प्रकार छ -

"फासिष्ट कठपुतली सरकारको प्रहरीले हिजो दिउसो प्यूठानको बिजुवारबाट कान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा केन्द्रीय सदस्य तथा प्यूठान इञ्चार्ज कमरेड टिकाराम पौडेल र वैकल्पिक केन्द्रीय सदस्य तथा प्यूठान सचिज कमरेड वीरबहादुर पुनलाई गिरफ्तार गरेको छ। यसरी नै सल्यान जिल्ला समितिका सचिवालय सदस्य कमरेड गिरिधल बस्नेतलाई पनि हिजो नै गिरफ्तार गरिएको छ। कान्तिकारी कम्युनिस्टहरूको गिरफ्तारीका घटनाले पंचायती व्यवस्थाले अन्तिम सास फेरिरहेको अवस्थालाई विर्साइरहेका छन्। यी गिरफ्तारीका घटनाहरूले जन आक्रोस सञ्चय भइरहेको छ।

हामीले पटकपटक क्रान्तिकारी नेता तथा कार्यकताहरूलाई गिरफ्तार नगर र गिरफ्तार गरिएकालाई ससम्मान रिहाइ गर भन्दा राज्यसत्ता अन्धो र बहिरो हुँदै शान्तिपूर्ण तरीकाले चुनाव बहिस्कारका कार्यक्रम गरिरहेका, घरमै आफ्नो काममा लागेका र बाटोमा हिड्दै गरेका कमरेडहरूलाई गिरफ्तार गरिरहेको छ। हामी आम जनसमुदाय र कमरेडहरूलाई भन्दछौ कि बहिष्कार कार्यक्रमलाई सशक्त रूपमा अघि बढाऔ, गिरफ्तार हुन तयार हौ, प्रहरी हिरासत तथा कारागार भर्न तयार हौ। त्यसपछि कारागारका ताला खुल्नेछन् र हाम्रा साथीहरू छुटनेछन्।

सुशीला कार्की नेतृत्वको फासिवादी सरकारले दाङ, सुर्खेत, प्युठान, सुनसरी लगायतका क्षेत्रबाट व्यापक रूपमा धरपकड गरेको छ। प्रहरी दमनका बाबजुद क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका नेता कार्यकर्ताहरूले देशैभर निर्वाचन बहिस्कार आन्दोलनलाई थप सशक्त बनाउँदै लगेका छन्। र, ठाउँ ठाउँमा प्रतिरोधी कार्यक्रमहरू पनि हुन थालेका छन्।

## जिल्ला...

भयो । अब अध्याँरोले विस्तारै छोप्दै थियो । असन भित्रको बजार दिउँसै पनि अध्यारो जस्तो हुन्छ त्यो माथि पौषको महिना छोटा दिन ,घाम गइसके पछि त झमक्कै रात पर्न लाग्यो । यही बेला मशाल बाल्ने निर्णय भयो । मान्छेहरू निकै हतारमा आहोर दोहोर गरिरहेका थिए । साँगुरो बाटो,सवारी साधनको ओहोरदोहोरको भीड,सवारीहरूको टिँटीं आवाज,त्यही मन्दिरको छेउमा बाटोमा नै मशाल बाल्ने कुरा भयो । मशाल बालियो । मशाल बाल्दा त एक जना मोटरसाइकल चालकको टाउकामाथि मशाल बल्न थाल्यो । मलाइ निकै डर लाग्यो । वहाँलाई छिटो साइकल चलाउँनुस, मशाल जुलुश छ भने । वहाँले के गरेको यो ? भन्दै रिसाउँदै हुनुहुन्थ्यो । मैले छिटो चलाउनु जुलुश छ भनेपछि थोरै साइड पाएर साइकल हुइँक्याउनु भयो । धन्न उनको टाउकामा मशालको आगो खस्न पाएन । मशाल जुलुश निकै संवेदनशील कुरा। त्यो पनि असनको व्यस्त गल्लीमा बाल्नु निकै अपर्भट र होसियारी पूर्वक बाल्नु पर्ने । मलाइ कहीँ कतै कुनै जनाको बाइकमा आगो खस्ला कि ,कसैको टाउकामा आगो बल्ला कि भन्ने जस्तो डर लागिरहेको थियो । मशाल बाल्दा बाल्दै सवारीहरू कतिपय भागिसके । अनजान सवारीहरू आउँदै थिए । मशाल बालेर “पुस २९को उपत्यका बन्द सफल पारौं! कथित संसदीय निर्वाचन बहिस्कार गरौं ! स्वाधिन संयुक्त सरकार गठन गरौं । संयुक्त संघर्ष समिति जिन्दावाद ! लगायतका नाराहरू लगाउँदै जुलुश शुरु हुन थाल्यो । मलाइ मशालको कारण जनधनको क्षति नहोस् भन्ने मनमनमा थियो । मशाल बोकेको हातले कैयौं बाइकहरूलाई इशाराले साइड लगाउन अनुरोध गरैं । क्षणभर मै व्यस्त सडक खाली जस्तो हुँदै थियो । मशाल जुलुश केही पर पुग्दै थियो । प्रहरी आइपुगिहाल्यो । सकेसम्म म प्रहरीको मशाल आक्रमणबाट भाग्न खोजें,मशाल जोगाउन खोजें, मशाल बोकेका साथीहरू निकै पर पुगिसकेका थिए । म निकै वर जिन्दावाद,मुर्दावाद,निर्वाचन बहिस्कार गरौं, स्वाधिन संयुक्त सरकार गठन गरौं,कठपुतली सुशीला कार्की नेतृत्वको सरकार खारेज गर भन्दै थिएँ । प्रहरीले मेरो हातको मशाल खोस्न बल गर्‍यो। मैले खोस्न दिएन ।फेरि कोशिस गर्‍यो, मैले समात्दा समात्दै मशाल खोसियो । म खाली हात भएँ । पर हेर्छु त रामबहादुर बुढा, राम नेपाली,दिनेश शर्मा ,मंगलसिङ तामाङ लगायतका साथीहरूलाई गिरफ्तार गरिसकेको रहेछ । केही साथीहरू अझै पर पुगिसकेका रहेछन् ।मलाइ भने गिरफ्तार गरेन । यसो महिला प्रहरी छ कि भनेर हेरैं रहेनछ । मलाइ समात्न महिला प्रहरी नभएका कारण नसमातिएको रहेछ भन्ने मन मनमा अनुमान लगाउँदै थिएँ ।

गिरफ्तार साथीहरूलाई सोही बाटो हुँदै फर्काउँदै थियो । रामबहादुरलाई जोड जबरजस्तीपूर्वक गरेको देखेर मैले प्रहरीलाई भने “पत्रकार हो गिरफ्तार नगर्नु ।” रामबहादुरले हातको इशाराले भन्नुभयो “नबोल्नु” रामबहादुरले नारा लगाउँदै गर्नु भयो । गिरफतार हुनुभएका साथीहरू सहित हामीले साथ दिँदै आयौं । असनमा नै आइपुगेर म प्रहरीबाट छलिनु पर्ला भनेर यसो के हेरेको थिएँ,महिला प्रहरी आइसकेका र प्रहरी भ्यान आइसकेको रहेछ । गिरफ्तार साथीहरूलाई भ्यानको पछाडि चढ्न भने । मलाइ महिला प्रहरीले भ्यानको अगाडि बस्नु भन्दै हप्काए । म भाग्ने बाटो नै पाइन ,भ्यानमा बसें । भ्यान भित्र त पेशल दाहाललाई कोचिसकेको रहेछ । पेशलले भन्दै हुनुहुन्थ्यो म मशाल जुलुशमा सहभागी हुनै नपाइ गिरफ्तार गर्नु भयो ? यो के गरेको भनेर प्रहरीलाई सोध्दै हुनुहुन्थ्यो । भ्यान प्रहरी परिसर भद्रकालीतिर हुइँकियो । प्रहरी परिसर म कहिल्यै प्रवेश नगरेको ठाउँ । कैयौं आन्दोलनहरूमा सहभागी भए पनि प्रहरी गिरफ्तारीमा परेको पहिलो चोटी थियो । के होलार ? के गर्लार ? भनेर मनमनमा सोच्दै थिएँ ।

प्रहरी परिसरमा लगेपछि निकै सोधखोज भयो । सबै रेकर्ड राखियो । कोहो? कहाँबाट आएको ? बा कोहो ? आमा कोहो ?हजुरबा को हो ? के गर्ने हो ? कहाँ बस्ने हो ? पार्टीको कुन पदमा हो ? तमाम प्रश्नहरू सोधियो गिरफ्तारहरू सबैको रेकर्ड उतारियो । एक चोटी हैन, धेरै चोटी, एक जनाले होइन धेरै जनाले । हामीलाई कसैसँग पनि सम्पर्क गर्न दिइएन । मलाइ नानीले के गर्ली भनेर चिन्ता लागिरहेको थियो । कम्तीमा पनि हामीलाई प्रहरीले गिरफ्तार गरेको जानकारी गराउन पाए त हुने थियो भन्ने मनमा भइरहेको थियो । हाम्रो झोला, मोबाइल, सबै खोसियो । मौसम पनि पानी पर्ला पर्ला जस्तो भएको थियो । एक जना महिला प्रहरीले मेरो घाँटीमा बाँधेको सल छुटाउन भनिन् । मैले जाडो हुन्छ त, के बाँध्ने? भन्दै सोधे । उनले भित्र सिरक पाइन्छ । मज्जाले गर्मी हुन्छ भन्दै सुनाइन् । मलाइ उनको कुरामा विश्वास त हुने कुरा भएन । कैयौं नेताहरूलाई हिरासतमा राख्दा भोग्नु परेका दुःख कष्टहरूको बारेमा सुनेको र पढेको कारण उनको कुरामा विश्वास लाग्ने कुरा भएन । उनले यहाँ यसरी सल बाँध्न पाइँदैन भन्दैथिइन् । सल टाउकामा बाँध्न नपाए चिसोले मार्ने भयो भन्दै चिन्ता लागिरहेको थियो । कपालमा बाँध्ने काँटा पनि खोल्नु पर्छ भन्दै उनले सुनाइन् । मलाइ यसो गर्नु निकै गाह्रो भइरहेको थियो । त्यो दिन बिहान नुहाएको थिएँ । कपाल सुकाउन कपाल खुलै काँटाले च्यापेर काममा आएको थिएँ । कपालमा तेल लगाएर मिलाएर कोर्न पनि पाएको थिएन । खुला कपाल थियो ।अब च्यापेको काँटा पनि खोलेपछि कपाल गुजुल्टो पार्नु पर्ने भयो भनेर त्यही गरैं ।

नेताहरूको ज्याकेटमा भएका डोरी फुकाल्न लगाइयो । नेताहरूले हामीले केही गर्दैनौं ,हामीले यो लगाएर केही हुँदैन भनेर भन्नु भएको थियो तर उनीहरूले मान्ने कुरा भएन । दिनेश शर्मालाई ज्याकेटको टोपीमा लगाइएको डोरी फुकाल्न भने पछि वहाँलाई असैह्य भएछ ,वहाँले यो यो ज्याकेट नै राख्नु भनेर ज्याकेट नै खोलेर बुझाइदिनु भयो । हामीले भन्यौं चिसो छ । गाह्रो होला तर वहाँले मान्ने कुरा भएन । वहाँले भित्रबाट लगाएको स्वएटरको भरमा जाडो सहने हिम्मत गर्नु भयो । प्रहरीले हिरासतभित्र लैजाने बेला जुत्ताको तुना समेत फुकाल्न भन्यो । जुत्ताको तुना फुकाल्न भने पछि मलाइ साह्रै सहनै नसक्ने भयो । मैले भनें यदि त्यसो हो भने जुत्ता यही राख्नुस्, यहाँ अर्को चप्पल भए पनि व्यवस्था गर्नुस् । उनीहरूलाई यो कुराले साह्रै रिस उठेछ होला मलाई हिरासत भित्र लैजान भन्दै प्रहीलाई अह्राए । मलाई हिरासत भित्र लैजान फलामे बार खोलियो । नुघेर भित्र छिर्न पर्ने खालको एउटा फलामे बार बनाइएको रहेछ । महिला प्रहरीले भनिन् -नुघेर छिर्नुहोला । उनको कुरा सुनेर मलाइ लाग्यो ए ,यो त राम्रो कुरा हो । मनमनमा सोचैं ए फलामको बारभित्र पनि राम्रो कुरा आउने रहेछ कि क्याहो ? फलामे बार बाट म नुघेर छिरैं । छिर्दा त दाहिने साइडको कोठा भित्र हिरासतमा राखिएका युवाहरू कोठाभरी थिए । म मनमा सोचें युवाहरूको विजोग छ । हेर्नें, सोच्ने कुरा गर्न पाइँदैन,केही पाइला अगाडि बढाउँदा जुत्ता राख्ने ऱ्याक रहेछ ,प्रहरीले भनिन् -जुत्ता यहाँ राख्नुस्,जुत्ता राख्ने ठाउँ नजिकै पानीको जार रहेछ । हिरासतमा रहेका महिला र पुरुष दुवैले प्रयोग गर्न मिल्ने गरी पानीको जार राखिएको रहेछ । जुत्ता खोलेर राख्दा जारबाट खाने पानी भर्दा पानी खसेको रहेछ भने मोजा जति पुरै भिज्ने अवस्था आउन सक्ने खालको । मैले जुत्ता खोल्दा निकै सावधानी अपनाएँ मेरो मोजा निभिजोस भनेर म जुत्ता खोलेर ऱ्याकमा राखेर अगाडि बढ्नु पर्थ्यो । म फेरी प्रहरीले जे भन्छिन् त्यही मान्दै दुइचार पाइला अगाडि बढ्दा देब्रेतिर पारी पट्टि भित्तामा कपडाहरू सुकाएको डोरी देखें र कम्पाउण्ड पनि रहेछ । केही पाइला सार्दा अर्को फलामे बार खोलियो । फलामे बारकोमाथि लेखिएको थियो हिरासत नं ००४ । त्यो खोलेपछि पहिला जस्तै नुघेर छिर्नु पर्ने फलामे बारको ढोका बनाइएको थियो । मलाई भित्र जान भनियो म नुघेर भित्र छिरैं । प्रहरीले त्यहाँको कमाण्डरलाई भनिन् -कमाण्डर यता हेर ,वहाँलाई के गर्नु पर्छ भन्नु भन्दै अह्राइयो र बारमा चावी झुण्ड्याइयो ।

हिरासतमा कमाण्डर भन्ने हुन्छ भन्ने कुरा मैले पहिलोचोटी थाहा पाएँ । महिलाहरूको हिरासत निकै नै अँध्यारो खालको थियो ।यसो ढोकाबाट छिर्दा छिर्दै दाँयातिर ट्वाइलेट रहेछ । ट्वाइलेट निकै गन्हाउने खालको रहेछ । छिर्दा छिर्दै ट्वाइलेटको गन्ध नाकमा पसिहाल्यो । सबैले अँध्यारोबाट आँखा तानेर म तिर ध्यान दिएको जस्तो लाग्यो । यसो म पस्ने बित्तिकै सबैले उत्सुकता साथ सोध्न खोजेको थाहा पाएँ । पस्दा नपस्दै तपाइँ के गरेर आउनु भयो ? भन्दै महिलाहरूले मलाई निकै जिज्ञासापूर्वक सोध्नु भयो । मैले जुलुश गर्दा पक्रेर ल्याएको हो भन्दै सुनाएँ । त्यहाँ एक जना पत्रकार पनि हुनुहुँदो रहेछ । वहाँले भन्नुभयो -तपाइँ त समाजसेवी जस्तो लाग्यो नि ! तपाइँलाई त देखे देखे जस्तो लाग्यो नि। वहाँको जिज्ञाशालाई मैले भने देख्नु भयो होला,म लेखहरू लेख्छु ,हाँक साप्ताहिकमा काम गर्छु । त्यसकारण लेख मार्फत देख्नु भयो कि भनैं । वहाँले भन्नुभयो म पनि पत्रकार हो । म अनन्धानमूलक पत्रकारिता गर्छु । हिरासतमा बसेकाहरूलाई संसार अन्धकार हुने रहेछ । समाचार केही सुन्न बुझ्न नपाएपछि के भइरहेको छ भन्ने नै थाहा नहुने भयो । बाहिरबाट गएकाहरू अर्थात नयाँ हिरासतमा आएकाहरूलाई सबैले के छ ? बाहिर कस्तो छ ? के हुँददैछ ? भन्दै सोधेर केही थाहा पाउने रहेछन् ।

हिरासतको कोठा भित्र लैजाने बेलासम्म साढेसात जति भैसकेको थियो । हिरासतमा रहेकाहरू सबै जना आ-आफ्नो स्थानमा थिए सबैले सिरक वा कम्मल यस्तै ओढेका थिए । मैले प्रहरीसँग सलहरू हटाउन भन्दाको बेलामा नै भनेको थिएँ । ओढ्ने के हो ? व्यवस्था गर्नु । हिरासतमा रहेकाहरू, हिरासतको नियमको बारेमा पहिलेदेखि नै जानकारी पाएर बसेकाहरू र कुनै सामान आफ्नो हो भनेर सोचिरहेको अवस्थामा मैले उनीहरूलाई दुःख दिएर, उनीहरूसँग मागेर ओढ्न थाले भने उनीहरू नराम्रो मान्लान् भन्ने सोचेको थिएँ ,त्यसकारण मलाइ के हो व्यवस्था गर्नु भन्दै प्रहरीलाई भनें । प्रहरीले भनेकी थिइन् भित्र नै छ । तर भित्र गएर यसो कुरा गरेर सकेपछि मलाई कसलाई भनौं ,कसलाई भनौं भन्दै अफ्ठ्यारो लागिरह्यो । तर पनि भन्नु त पर्ने नै थियो मैले त्यहाँ भने- म सुत्ने कता हो ? म हजुरहरू मध्येमा कोसँग सुत्न सक्छु ? हिरासतमा रहेको मध्ये एक जना बहिनीले भन्नु भयो मसँग सुत्नु होला । मत त्यहाँ खाली हात छु ,मसँग भएको एउटा कान छोप्ने रुमाल पनि बाहिर राखिएको छ । जाडोले कमाउने छ । म जाडोमा सुत्दा जहिल्यै बाक्लो टोपी लगाएर र रुमाल राम्रोसँग घाँटीमा बेरेर सुत्नु पर्ने खालको बानी परेको मान्छे । अब निन्द्रा लाग्दैन ,निन्द्रा नलागेपछि स्वास्थ्यमा समस्या देखिने भयो भनेर निकै चिन्ता परिरह्यो । त्यहाँ ८ बजे साँझको खाना आयो । हिरासतमा सबैलाई खाना खान भनियो । खाना खानेहरूले खाने ,नखानेहरूले आफैले क्यान्टिनबाट पैसा तिरेर मगाएर खाने गर्नु पर्ने रहेछ । कसैले पनि बाहिरबाट अथवा घरबाट खाना मगाउन नपाइने रहेछ ,सबैले खाना खाए । मलाई खाना खान मन लागेन । सबैले आ आफ्ना थालहरू माझे । खाएको ठाउँमा सफाइ गरे ।

त्यसपछि म ट्वाइलेट गएँ । त्यहाँ ट्वाइलेटमा त महिलाहरूको भित्री लुगाहरू निचरेर सुकाएको देखें । किन यसरी ट्वाइटमा भित्री लुगाहरू सुकाउन बाध्य पारिएको होला? मैले मनमनमा कल्पना गरैं । महिलाको भित्री लुगाहरू निकै घाम लाग्ने स्थानमा सुकाउनु पर्छ , त्यो लुगाहरू घाम लाग्ने स्थानमा सुकाएमा घामले निर्मलीकरण गर्न मद्दत गर्छ तर त्यहाँ त्यति धेरै जना महिलाहरूले लगाएको भित्री लुगाहरू त्यसै ट्वाइलेटको खापाहरूमा सुकाइएको थियो । यहाँ महिला प्रति समाजमा देखिने र गरिने व्यवहारको प्रतिबिम्बि देखिन्छ । समाजमा आज पनि महिलाका भित्री वस्त्र पुरै लुकाएर सुकाउने चलन छ । त्यो त्यहाँ पनि देखियो । पुसको महिना अँध्यारो कोठा ,अँध्यारो ट्वाइलेट कहाँबाट हावा आउने र सुक्ने ?घाम त कहिल्यै पर्ने नै होइन । पुरुष प्रधान समाजले बनाएका नियमहरूले महिलाहरूलाई थिच्दै आएको छ । त्यहाँ पनि पुरुषहरूले देख्ने गरी भित्री लुगा सुकाउन हुँदैन भनेर होला सायद त्यसरी ट्वाइटको खापाहरूमा भित्री लुगा सुकाउन बाध्य पारिएको, नत्र त बाहिर झुण्डाएको डोरीमा तिनी बस्त्रहरू सुकाउन दिए त अलि सुक्ने थिए। मनमा यही कल्पना गरैं। अलि बेर पछि महिला प्रहरी आएर आदेश दिइन् ट्वाइलेटमा सुकाएका भित्री लुगाहरू तुरुन्तै हटाउनु है । यहाँ ट्वाइलेटमा सर आउनु हुन्छ । महिलाहरूलाई कति अफ्ठ्यारो हो ? आफ्ना लुगा सुकाउन बाहिर छैन ।त्यति दुःखका साथ ट्वाइटको खापाहरूमा सुकाउनु परेको छ ,त्यो पनि सर आउनु हुन्छ भन्दै हटाउन भनेर आदेश छ ।अब उनीहरूले तिनी भिजेका चिसा भित्री लुगाहरू कता पोको पारेर राख्नु पर्ने हो ? भन्दै मनमा सोचें । महिलाको शरिर विशिष्ट प्रकारको हुन्छ । उनीहरूलाई छिट्टै संक्रमण फैलन सक्छ । त्यसकारण उनीहरूका भित्री वस्त्रहरू घाम लाग्ने ठाउँमा सुकाउनु पर्छ भन्ने विज्ञानले प्रमाणित गरि सकेको छ तर पनि शासकहरूको दिमाग र व्यवहार परिवर्तन नभएको हिरासतमा देखिन्छ । सायद महिलाले यो समस्या बुझेर लागू गर्ने थिए कि ? मनमा कुरा बाहेक त के हुनु र ? महिलाहरूलाई न घाम न न उज्यालो ठाम ।

खाना खाएपछि त्यहाँको खानाको बारेमा उनीहरूले कुरा सुनाए । “यहाँ खाजा अति महंगो छ, खाना पौष महिनामा पुरै मूलाको झोल हो, नुन पनि लागेको हुँदैन । बिहानै साँझै त्यही मात्रै हो । यहाँ नास्ता किनेर खानु पर्छ ,घरबाट पैसा ल्याउन सक्नेहरूले त किनेर खाने नसक्नेले त्यसै हो । यहाँ थुनेको छ ,कमाइ केही पनि छैन,अब किनेर खानु कहाँबाट खाने ? कसले पैसा दिन्छर किन्न सकिने, विदेशीहरू हिरासतमा छन् उनीहरूको खबर गर्ने पनि कोही छैन । पैसा कतिले पुग्छर ? यहाँ धेरै गाह्रो छ ।”मलाई मन मनमा लाग्यो हिरासत भनेको त व्यापारको केन्द्र पो रहेछ । मान्छेहरूलाई हिरासतमा नलैजाने हो भने त उनीहरूको व्यापार कसरी चल्छ? सबैले यो कुरा कसरी नबुझेका होलान् र? भन्दै मनले प्रश्न गरिरह्यो ।

हिरासतमा रहेका महिलाहरूको यी कुराहरू सुनेर मलाई निकै दुःख लाग्यो । मैले सोधैं के हिरासतमा नास्ता राज्यले खान दिँदैन ? यो त निकै अव्यवस्था भयो । हिरासतमा राखेकोलाई उसको स्वास्थ्य उपचार, उसको खानपान,उसले घरपरिवारसँग भेट्न पाउने वा खबर गर्न पाउने अधिकार हुन्छ भन्ने कुरा गरैं । यसो भनिरहेको बेलामा कमाण्डर भन्ने आएर भोलिको नास्ता कसकसले के खाने टिपाउनु भन्दै लेख्न थालिन् । खान चाहनेले नाम टिपाए तर मैले टिपाइन । मैले पैसा बोकेको थिइन । मैले भनें -म सँग त पैसा छैन । पैसा केही त थियो होला तर झोला बाहिर राखिएको थियो । मेरो कुरा सुनेर अर्कीले मेरोलागि पनि भन्दै थप खाजाको नाम मैले पर्दैन भन्दा भन्दै पनि टिपाइन् । त्यहाँ कमाण्डर भन्नेले भोलि एक जना रिहा हुँदैछ ,उसको धरौटी राख्ने छैन भन्दै पैसा मागिन् मसँग त थिएन । सबैले सकेको चन्दा दिए । मैले दिन पाइन । मलाई यो चन्दा संकलन राम्रै लाग्यो । हिरासतमा पनि मानवीय सहयोग बचेको देख्दा मलाई अति नै खुशी लाग्यो । पैसा दिन नपाएकोमा दुःख लाग्यो । मनमनमा एकले अर्कोको यस्तै सहयोगले नै मानव समाज चलेको कुरा हाम्रो समाज चलेको कुरा सोचिरहेँ ।

मैले पटक पटक मेरो बच्चालाई फोन गर्छु भनेर अनुरोध गर्दा पनि सुनेको नसुन्यै गरिँदै थियो । मैले फेरी अनुरोध गरैं ।यो पाली भने फोन गर्न दिइयो । आदेश थियो “धेरै नबोल्नु ।”मेरो छोरीले प्रयोग गर्ने नम्बर सबै टिपियो । नाम टिपियो । फोन गर्न दिए । मैले भने “नानी घर आयौ ? भात खानु, बाबा, म, गंगापौडेल लगायत धेरैलाई पक्राउ गरेर ल्याएको छ । राम्रोसँग बस्नु ” उसले कता जानु भएको र ? किन जानु भएको र? भन्दैथिई । यति भन्दा नभन्दै ‘भयो’ ‘भयो’ अब धेरै नबोल्नु भनेर प्रहरीले भनिन् । मैले फोन राखैं । भन्न त सबैको नाम भन्ने मन थियो तर भन्न पाइन । गिरफ्तार परेको खबर मात्रै भनैं ।

हामी आन्दोलनमा गिरफ्तार गरेकाहरूलाई हाम्रो स्वास्थ्य परिक्षण गर्न भनेर रातको समयमा प्रहरी गाडीमा कोचेर कान्तिपुर अस्पताल तिनकुने लगियो । हामीलाई हतकडी लगाएर लगियो । राजनैतिक गतिविधि गर्दा पक्राउ परेकाहरू जसको कुनै कसुर छैन र पनि हतकडी लगाएर चेक गर्ने भन्दै लगियो । मलाई निकै चिसो भइरहेको थियो । त्यस्तै अरुलाई पनि भइरहेको थियो नै । गाडीमा कोचेर लगेर चेक गर्ने भनेको त केही पनि रहेनछ ,डाक्टरले केही औषधी खानुहुन्छ ? के रोग छ ? केही चोटपटक छ ? भन्नेबाहेक केही पनि सोधेनन् । फेरी कोचेर अस्पतालबाट हिरासतमा ल्याइयो । हिरासतमा आएपछि फलामका डण्डीहरूको बार खोलियो र भित्र पसाइयो । म भित्र गएँ र आराम गर्न थालैं । मलाई केही समय पहिले जसले म सँग सुत्नु होला भन्नु भएको थियो वहाँको नै छेउमा गएर पल्टिएँ,ओढ्ने कपडा पल्लो ओछ्यानबाट ल्याएँ तर निकै पातलो । त्यसले के छेक्ला भनेर उहाँले नै मलाई आफुले ओढ्न लागेको पातलो कपडा खापेर ओढ्ने तयार पारिदिनुभयो । यसो गरेपछि मलाई अलि सजिलो भयो । नत्र मैले उहाँले ओढेको कपडा कसरी मिलाउनु ? गाह्रो हुने थियो । अब भने बाहिर धेरै अँध्यारो थियो । अँध्यारो कोठाबाट हेर्दा बाहिर भित्तामा झुण्ड्याएको घडिको सुइ विस्तारै चलेको बिजुलीको उज्यालोमा देखिँदै थियो । त्यो अँध्यारो कोठाको सूचनाको स्रोत भनेको त्यही घडी नै रहेछ । निदाएर उठेपछि बिहान,दिउँसो,साँझ हुन्छ भन्ने मनमा सम्झने र समय छुट्याउने । यो बाहेक अर्को विकल्प छैन । रात अबेर भयो अँध्यारो कोठाबाट घडीको भित्तातिर हेर्दै एक जनाले भनिन् “अब यो घडीको सुइ हिँड्दैन ।” उनको कुरा ठीक थियो । रात कटाउन गाह्रो छ । दिनमा त बरु यसो उसो गरेर कटाइन्छ भन्ने कुरा उनको हो । महिलालाई राखिएको कोठामा घाम त के प्रकाश सम्म पनि जाने रहेनछ । अँध्यारो भित्रबाट बाहिर देखिने तर बाहिरबाट भित्र नदेखिने । जाडोको बेला घाम देख्नु छैन । चिसो कोठा धन्न तलभुइँमा प्लाइराखेको रहेछ । महिनौं दिनसम्म त्यहाँ बस्नु परे त मान्छेलाई मारिहाल्छ । रोग नलागेकालाई पनि रोग लगाइ हाल्छ । अलिकता घाम छिर्ने किन नबनाएको होला बनाउँदा ? हिरासत र जेलमा किन व्यवास्ता सरकारको ? संसारमा हिरासत र जेलहरूको सुधारको लागि अभियानहरू चलिरहेका हुन्छन् । नेपालमा पनि जेल सुधार आन्दोलनहरू चलेका इतिहास छन् । तर शासकहरूको सुधार गर्नु पर्छ भन्ने दिमागको विकास किन हुन नसकेको होला ? यस्तै मनमा सोच्न पुगैं ।

साँझ सुत्ने बेलामा सँगै सुतेका दिदी बहिनी मध्येमा एक जनाले भन्नु भयो-“मेरो त चेक वाउन्सको केस हो । मेरो धेरै त थिएन,हाताहाती विश्वासको भरमा पैसा त दिएकी थिएँ ,थोरैमात्रै बाँकी थियो । चेक म्याद राखेर दिएको थिएँ तर उसले मलाई फसाउनलाई यस्तो केस गरेछ । अब म कति दिन बस्नु पर्ने हो ? निकै पीर परेको छ ।”अनि मैले भनैं त्यति पैसा त कहीँ न कहीँ बाट मिलाउन सक्नु हुन्छ होलानि ! घरमा कोको हुनुहुन्छ ? मिलाउन सकिहाल्नु हुन्छ नि । उनले भनिन्- अब तपाइँले पैसा मिलाउन सक्नु हुन्छ ? हुन्छ भने मिलाउनु न म छिट्टै दिन्छु ,उनको यो कुराले मलाई निकै अफ्ठ्यारो लाग्यो । मान्छेलाई सहारा चाहिएको बेला हो यो । त्यही भएर मलाई नचिनेको न कहिल्यै भेट नभएको मानिसले पनि यसरी कुरा गर्नु भनेको सहाराको र विकल्पको खोजी होला भन्ने मनमनमा लाग्यो र भने -त्यति त हजुरहरूको परिवारले नै मिलाउन सकिहाल्नु हुन्छ ।

उहाँ निदाउनु थाल्नु भयो । मलाई पटक्कै निद परेको छैन । अर्को तिर फर्किएर सुत्न खोजें । अर्कोतिरको बहिनीको हिरासतमा परेको ५ दिन भइसकेको रहेछ । उहाँ पनि उही चेक वाउन्सको नै केस रहेछ । चेक वाउन्स पनि झण्डै करोड बराबरको । उहाँ थाइराइडको विरामी पनि हुनुहुँदो रहेछ । उहाँले कसरी त्यत्रो धेरै चेक वाउन्स हुन पुग्यो भनेर सोध्दा जग्गा प्लटिङको कारण भनेर निकै सुनाउनु भयो । वहाँको कुरा सुनेर मत झसङ्ग भएँ । साथी साथी मिलेर जग्गा प्लटिङ गरेको, जग्गा प्लटिङ गरेपनि आफ्नो नाममा छैन, प्लटिङको लागि खरिद गर्दाको कागज गरेको मात्रै छ । साथीले प्लटिङ छोड्यो । अब उसलाई पैसा दिनु पर्ने, पैसा दिन पछि दिउँला भन्दा भन्दै मानेन,जग्गाको कारोबार छैन । जग्गा बिक्दा पनि बिक्दैन अब कसरी तिर्ने ,अर्को जग्गा बेचेर उसलाई पूर्ति गरौंला भनेको अर्को जग्गा पनि बिक्री हुँदैन । यसो हुँदा मिलाउँला भन्दा भन्दै खाली चेक दिन पुगैं । यसले केश हालेछ । घरमा सानो बच्चा छ, सासु बुढी हुनुहुन्छ, यहाँ आउन त आउनु भएको छ । पैसा दिन सक्ने होइन । यहाँ खानलाई पनि पैसा चाहिन्छ,अब कसरी के गर्ने के ? थाइराइडको बिरामी छु ,मुटु ढुकढुक हुन्छ के गर्ने , यहाँबाट निस्कन पाए मत जे गरेर भए पनि खाने थिएँ ।

उनको कुरा सुनेर म निकै पीरमा परैं । जग्गा प्लटिङले कतिलाई रातारात सम्पन्न बनाए पनि कति जनालाई यस्तै बनाएको होला ? भन्दै मनमा कुरा खेलिरह्यो । उनैबाट थाहा भयो त्यहाँ हिरासतमा रहेकाहरू कोही मानव बेचविखनमा,कोही लागूऔषधमा, कोही चेक वाउन्समा,कोही किर्तेमा,कोही नेपाली नागरिकताबनाएर विदेश पुगेका र त्यहाँबाट नेपाल फिर्ता पठाइएका रहेछन् । अबेरसम्म जाडो र कुराले निदाउन सकिन । समाजमा बढेको अपराध नियन्त्रण गर्ने कसरी हो ? युवाहरू जो केही गर्ने क्षमता राखेका छन् ,उनीहरू थुनिएको देखेर मुटु पोलिरह्यो । राज्य जो अपराधीलाई जन्माउँछ । कोही बच्चा जन्मिँदैमा अपराधी हुँदैन । जब उ बढ्दै जान्छ,समाज र राज्यले नै अपराधी बनाउँछ । मान्छेले अरुलाई ठग्छ, लुट्छ वा जे गर्छ त्यसको दोष राज्य नै हो भन्ने मनमनमा सोचिरहेँ ।


समाजको नै प्रतिबिम्ब नै त्यहाँ देखिने हो । समाजमा अहिले लागू औषधको कारोबार बढेको छ । लागूऔषधको बिक्री वितरण गर्ने, प्रयोग गर्ने वा भरिया बन्नेहरू केटी वा महिलाहरू पनि बढ्दैछ भन्ने कुरा त्यहाँ देखिन्थ्यो । देश अझै लागू औषधको अन्तर्राष्ट्रिय केन्द्रको रूपमा प्रयोग भएको जस्तो छ । किनकि त्यहाँ लागूऔषधको केशमा हिरासतमा रहेकाहरू विदेशी महिलाहरू पनि देखिए । विदेशी महिलाहरू त्यो पनि भर्खरका केटीहरूलाई लागूऔषधको केशमा पक्रिएको रहेछ । मानव बेचविखन र देहव्यापारमा लगाएको केसमा पनि उत्तिकै गिरफ्तार देखिए । कति त पटके रूपमा मानव बेचविखनमा परेका महिलाहरू पनि थिए । अझै यसो कुरा सुन्दा त एक जना महिला गर्भवति पनि छु भनेर भन्थिइन् रे । यदि गर्भवति भएको भए त त्यो चिसोमा घाम देख्नै छैन ।मेरो आङ नै जिरिङ्ग भएर आयो । मैले मन मनमा सोचें उनलाई पनि गिरफ्तारी पछि अस्पताल लगियो होला ।डाक्टरलाई उनको कुरा सुनाइन् कि नाइ होला ? डाक्टरले उनी गर्भवति छन् ,उनलाई विशेष ख्याल गर्नु पर्ने कुरा सुझाएकी नाइ होला? गर्भवतिको बेलामा पाउनु पर्ने स्याहार सुसारबाट उनी त बञ्चित हुने भइन् । मनमा यस्तै चिन्ता खेलिरह्यो ।

म राती अबेरमात्रै कति बेला निदाएँछु थाहा नै भएन । बिहान बिउँझिएर पारी भित्तामा हेर्दा सात बज्न लागेको थियो । कति जना सुतिरहेका थिए त कति बिउँझिए पनि ओढ्ने भित्र नै थिए । म बिहानको नित्य काम सकेर बसैं ।चिसो अति थियो । मेरो जीउ चिसोले गर्दा अरठ्ठ परेको थियो । मुख धोएँ ,बिहानमा खाने पानी भर्न पनि भित्रबाट कुरेर हेरेर बसेर पालैपालो भर्नु पर्ने रहेछ ।मेरो बिहानमा पानी खाने बानी भएकाले पानीको लागि यसो हेरैं लाइन कहिल्यै नसकिने । बिरामीहरू औषधी खानलाई पानी खोज्दै थिए । म धेरै बेर कुरेर बसेर अलिकता पानी खान पाएँ । पानी खान जाँदा एकपट्टि कुनाको ऱ्याकमा किताबहरू देखें । अब दिन कटाउन गाह्रो होला भनेर मैले केही किताब हेर्न थालेको त के गरेको भन्दै प्रहरीले हप्काउन थालीहाली । मैले किताब रहेछ पढ्न खोजेको भन्दै दुइवटा किताब लिएर नुगेर बार भित्र पसैं। एउटा किताब थियो ‘सति’ । यो किताब पढ्न थालैं,त्यो बेला हिँजो टिपाएको खाजा क्यान्टिनबाट आयो । मलाई पनि खाजा मागिदिने साथीले खानु भन्दै दिनुभयो ।मलाई निकै अफ्ठ्यारो लाग्यो ।मैले वहाँले मगाइदिएको केही खाजा खाएँ । खाजा खाने बेलामा हाम्रा गिरफतार पर्नु भएका साथीहरूले पनि मेरोलागि खाजा मगाउनु भएको रहेछ । हजुरलाई खाजा भन्दै मेरो नाम लिएर बोलायो । म त्यो खाजा लिन पुगैं ,बाहिरबाट भित्र खाजा लिएर आउँदा त कमाण्डर भन्ने रिसाएको जस्ता पाएँ । मलाई कमाण्डरमार्फत नमगाएर उताबाट मगाएको भनेर रिसाएको भन्ने बुझ्न मलाई गाह्रो हुने कुरा थिएन । म ती साथीसँग बाँडेर खाजा खाएँ । म त्यही सती भन्ने किताब पढ्न थालैं ।त्यो किताबमा संसारभरमा महिलाहरूले सति जानु पर्ने नियम रहेको कुरा बताइएको थियो ।

१० बज्दा तिरहोला बिहानको खाना आयो । सबैले खाना खाए । मैले खाना खाइन । मलाई सबैले खाना नखाएको भन्दै हेरिरहेका थिए । मलाई बिहानको खाजाले गर्दा भोक लागेको थिएन ।मनमा केही घण्टा पछि छोड्ला नखाए पनि केही हुँदैन भनेर खाना खान मानिन । हिरासतमा नयाँ जानेहरूलाई सफा गर्न लगाउने चलन रहेछ । सफा नगर्नेले २५० रु पैसा तिर्नु पर्ने रहेछ । म र एकजना अर्को बहिनी नयाँ रहेछौं । हामीलाई बिहान सुनाइयो । मसँग साथमा पैसा नभएका कारण के गर्ने भन्ने मनमा परिरहेको थियो ।

अर्को नयाँ बोलेर बस्नु भएको थियो । मैले सफा गर्दिन्न मैले खाना पनि खाएको छैन भनें । अर्कोसाथीलाई अफ्ठ्यारो पर्ला भन्ने मनमा सोचेर फेरी भने -हुन्छ गरौंला । अलिकता सफा गर्न थालेको बेला हामीलाई बाँकी ५ पेजमा

# आकाशको अतिक्रमण र सार्वभौमिकताको स्खलन : 'अमेरिकी वायु सेनाको विमान सी–१७'को छायामा नेपालको भू–राजनीतिक विचलन–२



● प्रयास कौशिक धिताल ●

कुनै पनि राष्ट्रको सार्वभौमसत्ता केवल सिमानामा गाडिएका पिलरहरूमा मात्र अडिएको हुँदैन । त्यो त देशको आन्तरिक सुरक्षा संयन्त्रको चनाखोपन र सिंहदरबारभित्र बस्नेहरूको जवाफदेहितामा टिकेको हुन्छ । गत कार्तिक २४ गते (९ नोभेम्बर २०२५) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अमेरिकी वायुसेनाको 'सी-१७ ग्लोबमास्टर' विमानको अवतरणलाई हामीले अघिल्लो भागमा अन्तर्राष्ट्रिय महासन्धिहरूको अपव्याख्या र कूटनीतिक विचलनको कसीमा राखेर विश्लेषण गर्यौं । तर, यस भू-राजनीतिक घटनाको सबैभन्दा डरलाग्दो पाटो आकाशमा होइन, जमिनमा लुकेको छ । जब महाशक्तिको एउटा विशाल सैन्य दस्ता र रणनीतिक विमान कुनै स्वतन्त्र राष्ट्रको भूमिमा ओर्लिन्छ, तब त्यो फगत परराष्ट्र मन्त्रालयले सम्हाल्ने बाह्य कूटनीतिको विषय मात्र रहँदैन । त्यो सीधै देशको आन्तरिक शान्ति, अध्यागमन, हतियार नियन्त्रण र राष्ट्रिय स्वाधीनताको मुटुसँग जोडिन्छ । विदेशी सेनाको प्रवेश विमानस्थलमा ओर्लिने सामान्य पर्यटकको जस्तो भिसामा छाप लगाउने विषय होइन, यो राष्ट्रको आन्तरिक सुरक्षा संयन्त्रले पूर्ण निगरानी र नियन्त्रण राख्नुपर्ने सर्वाधिक संवेदनशील मामिला हो ।

यसै गम्भीर परिप्रेक्ष्यलाई आधार मानेर, जब यस अन्वेषकले 'सूचनाको हक सम्बन्धी ऐन, २०६४' को कानुनी अस्त्र प्रयोग गरी सिंहदरबारको भित्री तहमा चिहाउने प्रयास गर्‍यो, तब राज्य संयन्त्रभित्रको अत्यन्तै भयानक, लज्जास्पद र उदेकलाग्दो यथार्थ उजागर भयो । प्राप्त भएका आधिकारिक दस्तावेजहरूले प्रष्ट बोल्छन् कि देशको आन्तरिक सुरक्षाको सर्वोच्च कमान्ड सम्हालेको र 'जेन जी' समर्थित अन्तरिम सरकारको सुशासनको मुटु मानिएको गृह मन्त्रालय विदेशी सेनाको उपस्थितिबारे कि त चरम 'प्रशासनिक विस्मृति' को शिकार भएको छ, कि त विदेशी शक्तिको दबाबमा जानाजान राष्ट्रिय सुरक्षाको विषयबाट काँतरजस्तै भागिरहेको छ ।

हतियारसहित होस् वा रहित, कुनै पनि विदेशी सेनाले नेपाल प्रवेश गर्दा राज्यको प्रतिरक्षा र आन्तरिक सुरक्षाको कमान्ड सम्हाल्ने रक्षा र गृह मन्त्रालयलाई परराष्ट्रले पूर्वजानकारी गराएर मात्र अनुमति दिने स्थापित कूटनीतिक र कानुनी परम्परा छ । सूचनाको हक प्रयोग गरी प्राप्त परराष्ट्र मन्त्रालयको लिखित जवाफ (दर्ता नं. १२-१७६२९३७६२३-१५६) ले यो उडानको सन्दर्भमा त्यस्तो उच्चस्तरीय समन्वय भएको स्पष्ट रूपमा स्वीकार गरेको छ । परराष्ट्रको पत्रमा उक्त उडानको अनुमति प्रक्रियामा श्री गृह मन्त्रालय, श्री रक्षा मन्त्रालय र श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सो अन्तर्गतका निकायहरूबाट अनुमतिका लागि पत्राचार गरिएको भनी किटान गरिएको छ । त्यसैगरी, रक्षा मन्त्रालयको सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखाले (मिति २०८२ ०८ ०९, च.नं. ११०८ मा) उपलब्ध गराएको आधिकारिक सूचनाले पनि उक्त सी-१७ विमानले 'म्ष्उफिबतष्अ एचयमगअतक ' ल्याएको र ९ नोभेम्बरदेखि १० नोभेम्बरसम्म चालक दलका सदस्यको विश्रामका लागि (Crew Rest) अवतरण भएको तथ्यलाई पूर्ण रूपमा पुष्टि गरेको छ । परराष्ट्र र रक्षा मन्त्रालयका यी आधिकारिक पत्रहरूको सिधा र अकाट्य अर्थ हो । १८ जना अमेरिकी सैनिक सदस्यहरू काठमाडौं आउँदैछन् र उनीहरूलाई विमानस्थल बाहिर निस्केर बास बस्न सुरक्षा क्लियरेन्स चाहिन्छ भन्ने कुरा गृह मन्त्रालयलाई पूर्वजानकारी थियो । विदेशी सैनिकलाई नेपाल प्रवेशको अनुमति दिने, उनीहरूको आन्तरिक सुरक्षा प्रबन्ध मिलाउने र उनीहरूसँग हुनसक्ने हल्का हतियार को लगत राख्ने र त्यसको अनुमति दिने एकमात्र आधिकारिक र सार्वभौम निकाय गृह मन्त्रालय नै हो ।

तर, अत्यन्तै विडम्बनापूर्ण कुरा के छ भने, सोही विषयलाई लिएर गृह मन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखामा सूचना माग गर्दा, मन्त्रालयले मिति २०८२/०८/०२ ९च नं । ६९८० मा अत्यन्तै गैरजिम्मेवारपूर्ण र हास्यास्पद जवाफ फर्कायो । मन्त्रालयको लिखित जवाफमा 'निवेदकले माग गर्नुभएको सूचना यस मन्त्रालय सम्बद्ध रहेको नदेखिएकोले सम्बन्धित निकायको सूचना अधिकारीमार्फत सूचना माग गर्न सक्नुहुनेछ' गृह सचिव स्तरीय निर्णयबाट भनिएको छ । यो एउटा सामान्य त्रुटि वा मन्त्रालयहरूबीचको सञ्चार अभाव मात्र पक्कै होइन । यो राज्य सञ्चालनको मुटुमा रहेको डरलाग्दो विरोधाभास हो । एउटै सरकारको परराष्ट्र मन्त्रालयले गृहसँग पत्राचार र समन्वय भएको दाबी गरिरहँदा, आन्तरिक सुरक्षाको हर्ताकर्ता गृह प्रशासनले 'यो विषय हामीसँग सम्बन्धित नै छैन' भन्नु चरम प्रशासनिक अक्षमता मात्र होइन, पदीय दायित्वप्रतिको खुला बेइमानी हो ।

गृह मन्त्रालयको यो विरोधाभासपूर्ण र पन्छिन खोज्ने जवाफलाई चुनौती दिँदै, परराष्ट्र र रक्षा मन्त्रालयले पठाएका पत्रहरूलाई नै अकाट्य प्रमाणका मति २०८२ माघ ३ गते गृह मन्त्रालयमा पुनः अर्को निवेदन दर्ता गरायो । उक्त निवेदनमा राज्यको सुरक्षा संयन्त्रलाई सीधै छुने केही विशिष्ट प्रश्नहरू उठाइएका थिए । परराष्ट्र मन्त्रालयले पठाएको पत्र गृहको दर्ता शाखामा दर्ता छ वा छैन र कुन आधारमा 'सम्बद्ध नरहेको' भनी गलत सूचना दिइयो ? १८ जना अमेरिकी सैनिकलाई काठमाडौंमा रात्रि विश्रामको अनुमति कसले दियो ? के ती विदेशी सैनिकहरूसँग हतियार थियो र यदि थियो भने गृह मन्त्रालयले हतियार बोक्ने अनुमति (Security Clearance) दिएको थियो वा थिएन ? र,'कूटनीतिक उत्पादन' को आवरणमा ल्याइएका सामग्रीको सुरक्षा जाँचको प्रक्रिया के थियो ? यस्ता गम्भीर प्रश्नहरूले गृह प्रशासनको मुटुमै प्रहार गरेका थिए । तर, आफ्नो गल्ती सच्याउनु र तथ्य सार्वजनिक गर्नुको साटो गृह मन्त्रालयले फेरि पनि 'कर्मचारीतन्त्रीय छलकपट' (Bureauccratic Defection) को निकृष्ट बाटो रोज्यो । मन्त्रालयले मिति २०८२/१०/१४ को सचिवस्तरीय निर्णयानुसार अर्को पत्र जारी गर्दै मूल प्रश्नहरूको उत्तर दिनुको साटो यो सूचना अध्यागमन विभागसँग सम्बन्धित देखिएकोले उक्त विभागमा सम्पर्क राख्नुहुनू भन्दै सम्पूर्ण जिम्मेवारी पन्छायो । यो सरासर नागरिकको आँखामा धुलो झोक्ने र विषयलाई मोड्ने कायरतापूर्ण प्रयास हो किनभने अध्यागमन विभागले केवल भिसा र राहदानीको सामान्य प्रक्रिया मात्र हेर्छ । १८ जना विदेशी सैनिकको टोलीले बोक्ने हतियार र उनीहरूको सुरक्षा क्लियरेन्स दिने कानुनी अधिकार अध्यागमन विभागलाई छँदै छैन । यो विशुद्ध रूपमा गृह मन्त्रालयको उच्च तहबाट सम्पादन हुनुपर्ने राष्ट्रिय सुरक्षाको गहन विषय हो । अध्यागमनलाई ढाल बनाएर गृह मन्त्रालय १८ जना विदेशी सैनिकको हतियार र गतिविधिबारे उठेका गम्भीर प्रश्नहरूबाट भागिरहेको प्रष्ट देखिन्छ ।

गृह मन्त्रालयको यो रवैया केवल प्रशासनिक लाचारी मात्र होइन, यो ' सूचनाको हक सम्बन्धी ऐन, २०६४ 'को गम्भीर र ठाडो उल्लंघन पनि हो । नेपालको संविधानको धारा २७ र सूचनाको हक ऐनको दफा ३ ले नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने अविच्छिन्न हक दिएको छ । सोही ऐनको दफा ३ को उपदफा (३) (क) ले स्पष्ट रूपमा व्यवस्था गरेको छ कि यदि कुनै सूचनाले ' नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था...मा गम्भीर खलल पार्नू अवस्था छ भने त्यस्तो सूचना प्रवाह नगरिने अर्थात् गोप्य राख्न सकिने अधिकार राज्यलाई छ । यदि १८ जना अमेरिकी सैनिकको आगमन र उनीहरूका हतियारसम्बन्धी विषय राष्ट्रिय सुरक्षाका हिसाबले अत्यन्त संवेदनशील थियो भने, मन्त्रालयले कानुनसम्मत रूपमा 'यस विषयलाई राष्ट्रिय सुरक्षाको कारणले गोप्य राखिएको छ' भनेर आधिकारिक जवाफ दिन सक्थ्यो । एउटा सार्वभौम राष्ट्रले आफ्नो सुरक्षा संवेदनशीलता देखाएर कानुनी रूपमै सूचना रोक्नुलाई स्वाभाविक मान्न सकिन्छ । तर, घटनालाई नै पूर्णतः अस्वीकार गर्दै 'विषय नै सम्बन्धित छैन' र 'अध्यागमनमा जानुस्' भनेर नागरिकलाई झुटो विवरण दिनु दण्डनीय अपराध हो । ऐनको दफा ३२ (१) ले स्पष्ट भनेको छ 'मनासिब कारण विना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको । । । देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना गरी... विभागीय सजायको लागि लेखी पठाउन सक्नेछ ।' सुशासन, विधिको शासन र पारदर्शिताको चर्को नारा लगाएर सत्तामा पुगेको सरकारको मुटु मानिने गृह मन्त्रालयले नै यसरी कानुनी छिद्रको दुरूपयोग गर्दै नागरिकलाई ढाँट्नुले यो सरकार कुन अदृश्य शक्तिको इसारामा चलिरहेको छ भन्ने गम्भीर शंका उब्जाएको छ ।

सिंहदरबारको यो रहस्यमय मौनता र गृह मन्त्रालयको नियोजित 'विस्मृति' ले नेपालको भूमिलाई विदेशी शक्तिहरूको क्रिडास्थल बन्न खुला छुट दिएको भयावह संकेत गर्छ । यसले सिंगो राज्य संयन्त्रमाथि अनुत्तरित प्रश्नहरूको पहाड खडा गरिदिएको छ । के नेपालको गृह मन्त्रालय यति निरीह र कमजोर छ कि १८ जना विदेशी सैनिकको डफ्फा राजधानीमा ओर्लिंदा पनि त्यसको कुनै जानकारी राख्ने हैसियत राख्दैन ? के गृह मन्त्रालयका पदाधिकारीहरू यति अक्षम छन् कि परराष्ट्रले गरेको अति संवेदनशील पत्राचारको सामान्य अभिलेखसमेत उनीहरूको टेबुलमा भेटिँदैन ? वा, यो सम्पूर्ण नाटक एउटा सुनियोजित भू-राजनीतिक षड्यन्त्र हो, जसले गर्दा १८ जना अमेरिकी सैनिकले नेपालमा के गरे, कति हतियार ल्याए र के लिएर गए भन्ने कुरा सार्वजनिक रेकर्डमा कहिल्यै आउन नपाओस् ? विदेशी सैनिकहरू नेपालको भूमिमा हतियारसहित प्रवेश गर्दा हाम्रो गृह प्रशासन साँच्चै बेखबर थियो, वा टाढाको शक्तिकेन्द्रको दबाबमा जानाजान आँखा चिम्लिएको थियो ? यो अब केवल एउटा सूचनाको हकको सामान्य लडाइँ मात्र रहेनस यो हाम्रो सार्वभौमसत्ता, राष्ट्रिय स्वाभिमान र राज्यको अस्तित्व रक्षाको गम्भीर प्रश्न बनेको छ ।

अर्को भागमा :

नेपाल सरकारले 'कूटनीतिक झोला' को आवरण दिएर ढाकछोप गर्न खोजेको उक्त उडानको वास्तविकता खोज्दै अमेरिकाको स्वतन्त्र सूचना ऐन (USFOIA) प्रयोग गरी अमेरिकी वायुसेना (US Air Force) सँग आधिकारिक विवरण माग्यो, तब वायुसेनाले उक्त मिसनको अभिलेख आफूसँग नभई 'अमेरिकी इन्डो-प्यासिफिक कमाण्ड' (Us\ INDOPACOM) सँग रहेको भन्दै उतै 'रिफर' गरिदियो । इन्डो – प्यासिफिक कमाण्डले उक्त अपरेसनको फाइल (Case Ruf : 2020) आफ्नो अधीनमा रहेको स्वीकार गर्दै पत्र पठाएपछि नेपालको सिंहदरबारले रचेको झुटको पर्दाफास भएको छ । अमेरिकी रक्षा मन्त्रालयको यसै आधिकारिक दस्तावेजलाई आधार मान्दा केही भयानक प्रश्नहरू उब्जिन्छन् :

ती १८ जनाको रहस्यमय टोली वास्तवमा को थिए ? के उनीहरू ७७ हजार किलोको कार्गो उडाउन आएका साधारण पाइलट मात्र थिए, वा विशेष तालिमप्राप्त अमेरिकी कमाण्डोरसुरक्षा दस्ता (Seacurity Team) ? नेपालको राज्य संयन्त्रले 'कूटनीतिक' भनेर आँखा चिम्लिएको त्यो मिसन वास्तवमा अमेरिकी इन्डो-प्यासिफिक कमाण्ड 'US INDOPACIFIC'को बृहत् सैन्य रणनीतिका साथ आएको त थिएन र ?

*सप्रमाण पढ्नुहोस् भाग ३ मा*

## जिल्ला...

वयानकालागि लैजाने कुरा भएछ त्यसकारण बोलाइयो । म वयानकालागि अनुसन्धान कार्यालय त्यही परिसर भित्रै रहेछ त्यहाँ जानु पर्ने भयो । हामीसँगै अरु स्थानबाट गिरफ्तार पर्नु भएका अरु पार्टीका साथीहरू पनि वयानकालागि लैजाँदै रहेछन् । वयानकालागि लैजाँदा उहाँहरूलाई भेटियो । वहाँहरूलाई भेटेपछि कतिपय त चिन्तामा भएको जस्तो देखिन्थ्यो । सोध्ने उनै कुरा कहाँ के गर्ने ? बाआमा को? फोटो खिच्ने रेकर्ड राख्ने सबै गरियो । के काम गर्नु हुन्छ? मैले भने पत्रिकामा काम गर्छु , हाँक टुडेको सम्पादक छु कति पढ्नु भएको छ ? मलाइ वुर्जुवा शिक्षा भन्दा मान्छेले जीवन जिउन संघर्ष गर्दा पाएको शिक्षा महान लाग्छ त्यही पनि आफुले पढेको कुरा सुनाए । सुनाउँदा मैले जो केही नपढेर पनि जीवनमा महान कामहरू गर्नुभएका महान मान्छेहरू छन् उनीहरू पनि बाँचिरहेको कुरा सम्झिएँ ।

अँध्यारो कोठामा त महिलाहरूलाई राखिएको रहेछ पुरुषहरू बस्ने कोठाहरू त कम्तीमा पनि उज्यालो रहेछ । ओहो यो महिलाहरूलाई किन अँध्यारो कोठामा राखिएको होला ? मन मनले सोच्यो । त्यहाँ जाँदै गर्दा मैले हामीलाई बयानकालागि लैजाने सुरक्षा कर्मीलाई सोधेँ यहाँ त कोठाहरू खाली नै रहेछ त ? उनले भने हो ,यसको क्षमता १ हजार जनाको छ । मलाई केही भए पनि जानकारी भयो ।हामी फेरी कोठामा ल्याइयो । कोठामा आउँदा कोठा सफा गर्न नयाँ महिलाले २५० तिरीसक्नु भएको जानकारी दिनु भयो । कोठामा आए पनि त्यहाँ पढ्ने केही गर्न पाइने होइन । कोठामा चिच्याउने हल्ला मात्रै । १० बजेपछि हिरासतमा राखिएकाहरूलाई म्याद थप्न हिँडाउन पर्ने, यो मान्छे आइज भन्दै चिच्याउने । हल्लाखोर मात्रै, हल्लाको गुञ्जायमानले टाउको नै दुख्ने भयो । महिलाहरूले बाहिर बसेर केही मनोरञ्जकालागि टिभी हेर्ने काम पनि गरेका थिए । टिभीमा कुनै राम्रो च्यानल आउने होइन । त्यसै फिल्महरू त्यस्तै देखाइँदो रहेछ ।

हिरासतमा आँसु छ । कतिपय विदेशी महिलाहरू रोइरहेका थिए । उनीहरू नेपालको कानुन हामीलाई थाहा छैन । अब हामीलाई कति दिन राख्छ ?हामीलाई परिवारसँग फोनमा कुरा गर्न पनि दिइएको छैन भन्दै रुँदै थिए । महिलाहरू कोही रुन्छन् कोही निन्याउरा हुन्छन् के गरौं र कसो गरौं भन्दै छटपटी मात्रै नै छ । कतिपय विदेशी महिलाहरूलाई भाषाको समस्याले अल्ल न मल्ल परेको पाएँ । नेपालमा कानुन व्यवसायी र न्यायधीशले अंग्रेजी भाषा जानेका हुँदैन् ?भनेर मलाई सोध्दै थिए । एक जनाले त धर्मको किताब निकालेर पढेकी थिइन् । उनले किताब पढेको देखेर कुन प्रकारको किताब हो भनेर मैले सोधे। उनले भनिन् मलाई अल्लाहले दखिरहनु भएको छ । मलाई सायद यहाँबाट छुटाउन सक्नु हुन्छ कि भनेर उनले जवाफ दिइन् । उनको कुरा सुनेर मलाइ लाग्यो मानिसहरू आफुभन्दा सर्वशक्तिमान अरुनै छ भनेर विश्वास गर्छन् । स्वयम् आफैमा विश्वास गर्दैनन् । आफु निर्दोष भए त कानुनले केही गर्दैन भनेर सोच्ने भन्दा पनि अरु नै सवैशक्तिमानलाई पुकार गर्ने चलन छ । यसैले नै धर्मको जन्म हुन पुग्यो । दिन भरि के गर्ने म्याद थप गर्नु पर्नेहरूलाई म्याद थप गर्न हिँडाउने,म्याद थप गरि सकेकाहरूको काम हुने भएन । महिला दिदी बहिनीहरू गाउँघरमा जस्तै एकले अर्कोको जुम्रा हेर्ने, एक अर्काको दुःख सुखको कुरा गर्ने गरेर दिन कटाउँदा रहेछन् । हिरासतमा नङ बढेर नङ काट्न नपाएकाहरूले नङ काट्ने कुरा आयो । कसकसले नङ काट्ने हो भनेर सोधियो र प्रत्येक व्यक्ति सँग १० रुपियाँ मागियो । मलाई निकै अचम्म लाग्यो । ३० रुपियामा पाइने नङकटबाट नङ काटेको प्रत्येक व्यक्तिबाट १०रुपियाँ माग्दा त्यो पैसा कता जान्छ ? यस्तो त नहुनु पर्ने भन्दै सोचिरहें । ट्वाइलेट सफा गर्ने सरफ समेत त्यहाँ व्यवस्था थिएन ।हिरासतमा राखिएकाहरू आ-आफै किनेर सफा गरेको कुरा सुनाउँदै थिए । एकले अर्कोको सरफ चलाएको भन्दै झगडा पनि उत्तिखेरै भएको देखें । हिरासतमा अभाव छ ,केही पनि छैन । पैसा पनि त हुनुपर्‍यो । अभावले नै त झगडा हुने हो । हिरासतमा कम्तीमा पनि तिनीहरू त व्यवस्था हुनु पर्ने हो । हिरासतमा त्यसरी थुनेर राखिने रहेछ । कथम कदाचित प्राकृतिक विपत्ति जस्तै भूकम्प आएमा हिरासतमा राखिएकाहरूको जीउ कसरी सुरक्षित हुन्छ ? मनमा प्रश्नहरू आएरहे ।


हामीलाई भेट गर्नकोलागि बाहिर पार्टीका नेताहरू आउनु भएको रहेछ । चिन्तामणि शर्मा,शारदा महत,केदार खतवडा, शुरेश श्रेष्ठ सहित आउनु भएको थियो । हिरासतमा आफन्तीसँग टाढैबाट भेट गर्न दिइँदो रहेछ । बारबाट टाढा बसेर के कसो छ भनेर कुरा गर्न पाइने रहेछ । कुरा पनि के गर्ने सबै एकैचोटी बोल्दा केही नसुनिने । हल्लाले केही थाहा पाउन नसकिने जस्तो । साथीहरू भेट गर्न आएको खबर आउँदा निकै खुशी लागेको थियो ।

त्यहाँ केटाहरूलाई त कम्तीमा पनि कम्पाउण्डमा उभ्याउने कम्पाउण्डमा यसो हिँड्न दिने गरेको देखियो तर महिलाहरूलाई त त्यो पनि छैन । पुरुषहरू हिरासतको कम्पाउण्डमा चिच्याएको ,जे गर्नु आदेश छ सोही गरेको बार भित्रबाट टुलुटुलु हेर्नु र सुन्नु बाहेक अरु केही पनि छैन । महिलाहरू बोल्नु हुँदैन,मनको कुरा खोल्नु हुँदैन,बोलेपनि सानो आवाजमा बोल्नु पर्छ, अफ्ठ्यारो जति सबै सहनु पर्छ भन्ने जस्तो समाजमा बसेको र बसालिएको छ । हिरासतभित्र पनि महिलाहरू सुनसान आवाजविहीन भएर बसिरहेको देखें । बाहिर कम्पाउण्डमा हल्ला गरेको चिच्याएको आवाज चुपचाप सुनेर हेरेर मन बुझाउनु पर्ने बाध्यता जुन देखें मनमा कुन्ता शर्माको कविता आइरह्यो -पोथीहरू बास्नु हुँदैन, सिउर हल्लाउँदै जताततै बास्ने काम भालेको मात्रै हो ।

हामीलाई फेरी वयानकालागि बोलाइयो । अर्को अनुसन्धान कार्यायलमा त्यही नै । हामी सबैजना त्यहाँ गइयो । फरक फरक कोठामा राखेर सबैलाई एक एक गर्दै प्रश्नहरू सोधियो । अनुसन्धानको एक कर्मचारीले दिनेश शर्मालाई र मलाई एउटै कोठामा लगेर सोध्न थाले ।यो सरकार कसरी कठपुतली भो भन्दै सोधियो । दिनेश शर्माले स्पष्ट रूपमा जेनजी आन्दोलन पछि गठन भएको हो ।यो सरकार असंवैधानिक छ ।यो सरकार अमेरिकी र भारतीय योजनामा बनेको सरकार हो भनेर जवाफ दिनु भयो ।अझै अमेरिकी हुन् भन्ने प्रमाण के छ ? भन्दै उनले सोधे दिनेश शर्माले यो त सबै स्पष्ट नै छ नि बारबरा फाउण्डेस, अमेरिकी युथ काउन्सिल, टिओवी सबै यसका उदाहरण हुन् नि भनेर जवाफ दिनु भयो । वहाँको कुरा सुनेर उनले ती सब सामाजिक संजालमा आएका कुरा मात्रै हुन् यी केही पनि होइन् भनेर भन्दै थिए ।

उनको यो कुरालाई सुन्दा मलाई यति धेरै अनुसन्धान गर्ने तपाईंहरूले देश जलाउने कार्यक्रम जेनजीको नाममा हुँदा के हेरेर बस्नु भएको थियो भनेर सोध्नै लागिसकेको थिएँ । त्यो बेला सकियो भनेर हिँड्नु परिहाल्यो । मनमनमा सोचे यिनीहरू देश आगो लगाउने बेलामा लुकेर बसे । अहिले हामीलाई राष्ट्रियताको विषयमा संघर्ष गर्दा,देशको पक्षमा जनतालाई सचेत पार्ने काम गर्दा यसरी केरकार गर्दैछन् भनेर मन मनमा कुरा परिरह्यो । हामीलाई फेरी हिरासत भित्रै ल्याइयो । हामी त्यही बस्दै थियौं। कता कता के अभियोग लगाएर थुनेर राख्छ कि भन्ने चिन्ता पनि मनमा थियो । राज्यले चाह्यो भने क्षण भर मै जे पनि गर्न सक्छ । जे पनि हुन सक्छ भन्ने परिरहेको थियो । रात पर्न आँटिसक्यो तर पनि रिहा गर्ने कुनै कुरा आएन । साँझको खाना खाने बेला पनि भयो । तर छुटाउने कुनै कुरा आउँदैन । अन्तिममा अस्पताल जाने भनेर गाडीमा कोचियो । हामी अस्पताल जाँदा प्रहरीले कुरा गरे त्यहाँको खानाको बारेमा । खाना त हामीलाई खिर भन्दा मिठो लाग्छ । भोक लागे पछि हामीले त त्यो खाना खिर भन्दा मिठै मानेर खान्छौं । हामीलाई अस्पताल लगेर चेक गरेको जस्तो गरियो । हामीलाई फिर्ता ल्याइयो । हामीलाई छोड्ने तरखर भयो । साँझको आठ बजिसकेको थियो । तर छोड्नकोलागि बुझ्ने मानिसहरू चाहिने भन्ने कुरा थियो । हामीलाई पार्टीका साथीहरू बुझ्न जानु भएको थियो । हामीलाई छोड्ने बेलामा सबैको व्यक्तिगत विवरण माग गर्ने सबै भयो । यति धेरै अव्यवस्थित जस्तो कि लेख्ने मानिस पनि एक जनाको भरमा जस्तो थियो । अर्कोलाई फोन गरेर बोलाएको खाना खाँदा खादैको भात छोडेर आएँ कस्तो गाह्रो भन्दै आफ्नो दुःख पोखे । त्यहाँ कसैलाई धेरै काम भएको,काम गर्दा गर्दै कसैले खान पनि राम्ररी नपाएको, कामको बाँडफाँड व्यवस्थित नभएको छुट्ने बेलामा देखियो ।


सबैकुरा मिलाउँदा समय रातमा परिणत हुँदै थियो । हामीलाई लिन सुरेश श्रेष्ठ,चितामणि शर्मा,शारदा महत, इश्वर तिमल्सिना,आकाश महर्जन, रिना गेलाल सहितको टोली पुगेको थियो । हिरासतबाट रिहा भएर झोला,सामान बुझेर निस्कने बेलामा गेटमा प्रहरीहरूले भन्दै थिए नहिड्नु आन्दोलनमा ।आन्दोलनमा हिंडेर के पाउने होर ? मलाई त यस्तो बुढी मान्छे पनि के आन्दोलनमा हिनेको ?अब नहिड्नु भनेर सुनाउँदै थिए ।बाहिर निस्केर हामीलाई साथीहरूले अविर र खादाले स्वागत गर्नुभयो । निस्केर फोटो खिच्यौं, अध्यारो हुँदै थियो । हामीलाई २४ घण्टामा छोड्नु पर्ने तर २६ घण्टा राखियो । हामीलाई गिरफ्तार गर्दा ६ जति बजेको हुनु पर्छ तर छोड्दा ८ बजिसकेको थियो ।हामीलाई दुइ घण्टा जति किन बढि राख्नु परेको ? समय भन्दा ढिलो छोड्नु कामको लाहपर्वाही हो । हामीलाई साथीहरूको सहयोगमा आफु बस्ने स्थानमा पुऱ्याइयो । म घर पुग्दा छोरी गिनिजले खाना बनाएर राखेकी थिइन् । उनले भनिन- ए, आउनु भयो ? मैले भने अँ आएँ । मैले हिजो बिहान भात खाएदेखि दुइ छाक भात खाएको थिएन । निकै भोक लागिरहेको थियो । नानीले खाना बनाएको देखेर खुशी लाग्यो । बाबु आफ्नो फुपुकोमा गएको कारण उसको चिन्ता थिएन । राम बहादुर पनि आइपुग्नु भयो । नानीलाई टेकहरी न्यौपानेले रिहा हुनु हुँदैछ भनेर सुनाउनु भएको रहेछ । नानीलाई गोबिन्द सिङ थापाले पीर नगर भन्दै फोन गर्नु भएको रहेछ । गाह्रो भए हाम्रोमा आऊ,भन्दै वहाँले फोनमा बोलाउनु पनि भएको कुरा नानीले सुनाइ । भोलिपल्ट हाँकको काममा लाग्नु पर्ने थियो लागियो । हिरासतमा त यति धेरै बलियो बारहरू बनाएर राखिने रहेछ । जेलमा पनि त्यस्तै बलियो बार बन्धन राखिएको होला । भदौ २४ गतेको जेनजीको नाममा भएको विद्रोहमा कसरी सबै निस्कन सफल भए ? कसरी अपराधीहरू भाग्न सफल भए ?उत्तर खोजिरहेको छ । अझै त्यो भन्दा बढि अपराधी जन्माउने यही समाज हो । यो समाजलाई अपराध मुक्त कसरी बनाउन सकिन्छ ? युवाहरूको जीवन थुनेर, थुनिएर बित्नु परेको छ । अपराध गर्न बाध्य पारिएका हज्जारौं जीवनहरूले नयाँ जीवन कहिले पाउलान् ? संसारमा लाखौं जनहरूलाई जेलमा सडाइएको छ । आफ्नो सत्ता जोगाउन शासकहरूले हज्जारौंलाई जेलमा कोचेर ढल्कि हिँडेका छन् । समाजलाई अपराध मुक्त र जेलमुक्त कसरी बनाउन सकिन्छ ? प्रश्नहरू मनमा उब्जिरहेका छन् ।



● मोदनाथ मरहट्टा ●

# रोल्पाको मोहनी

**२०३८ पछिका केही गीतहरूले रोल्पाको बिम्ब झन् गहिरो हुँदै आयो । लेखराज रेग्मीले रचना गरेका 'त्यो काख जलजलाको फौजी परेड खेल्दा होस्' या कुलानन्द गिरीको रचना खुसिरामाले गाएको 'हाम्रो रोल्पामा पुलिसहरू पसेर झिटिझ्याम्टा गरिबका लगे लुटेर' भन्ने गीतले होस् रोल्पाप्रति श्रद्धा र माया जागेको थियो । त्यो गीत मैलेपनि धेरै पटक गाएको थिएँ । साथै रोल्पालाई बिम्ब मानेर लेखिएका कयौं कविता र संस्मरणले वर्गबैरीप्रतिको आक्रोश चुलिएको थियो ।**



देशाटनको रहर लाग्नु मानव रुचिको विषय हो । घुमघाम गर्दा संस्कार, संस्कृति, समाज बुझ्न र सिक्न पाइन्छ । त्यसका लागि सामर्थ्य, सम्पत्ति र संगत चाहिन्छ । यसपटक मेरो जीवनसाथि पनि साथ लागिन् ।

इच्छुक सांस्कृतिक प्रतिष्ठानको आयोजना र क्रान्तिकारी कम्युनिस्ट पार्टी प्युठानको सहयोमा कवि गोष्ठी तथा विमर्श कार्यक्रम थियो । प्युठानको जुम्री बजारको होटल आयुष्मा मिनीहलमा पुराना र नयाँ कविहरूका कविताहरू गुन्जिए । कला साहित्यका पारखी बिच कविता, सौन्दर्य बारे विमर्श भए । माघ २३ को चिसोदिन घाम ओह्रालो लागेपछि कार्यक्रम समापन भयो ।

प्युठानको जुम्रीबाट निस्कँदा साँझको पाँच बजिसकेको छ । हामी स्वर्गद्वारी हुँदै रोल्पाको होलेरी, दहवन जाँदै छौं । चेरनेटाको बजारबाट ओह्रालो लागेपछि मनभित्र धेरै भाव सल्बलाए । प्युठानलाई पेटभर हेर्ने रहर अधुरै रह्यो । एकातिर समयको अभाव र अर्कोतिर शारीरिक अस्वस्थता, धनेश्वर पोखरेलको अट्टालिबाट दक्षिणतिरको हरियाली फाँट र झिम्रुक नदिलाई हेरेर चित्त बुझाइयो । खैरा फाँटको हरियाली मनै लोभ्याउने थियो ।

उहिल्यै २०३५–०३६ सालतिर 'झिमरुक नदी र चिभेचराको गीत' कविता पढिएको थियो, यसपटक सो नदी देखियो । प्युठान एक चरण नेपालको वाम आन्दोलनको शीर्ष स्थानमा उभिएको स्थल हो । नेपालको कम्युनिस्ट आन्दोलन मूलधारबाट विभिन्न चिरामा विभाजित भएपछि मोहन बिक्रम सिंह र मोहन बैद्यले क्रान्तिकारी धारालाई अघि बढाउन केन्द्रीय न्युक्लस गठन गरी क्रान्तिकारी धारालाई जोगाएका हुन् र त्यसै धाराको एक हिस्सा अहिलेको क्रान्तिकारी कम्युनिस्ट पार्टी बन्न आइपुगेको छ । मनको तरङ्ग लम्बिदै गएको थियो, अचानक गइपुगिएछ चकचके बजार ।

चकचकेमा इच्छुक प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीको माओली भाइ टीकाराम भुसालको आतिथ्यमा चियाको चुस्की लिएर बाटो लाग्दा रातले स्वागत गऱ्यो । एउटा बोलेरो भित्र हामी तेह्रौंको सङ्ख्यामा कोचिएका छौं । भिङ्ग्री बजारमा पुगेपछि गुरुजीले वाहनका लागि आहाराको व्यवस्था गरे । गुरुजीसँगको हाम्रो सम्झौता अनुसार हामी सिधै स्वर्गद्वारी जाने थियो तर रातिको समय सो स्थलमा आवासको समस्या हुने भएकोले सम्झौता अनुसारको मार्गमा केही सुधार भयो । गुरुजीको जिरह थियो यात्रु सङ्ख्या १० र गन्तव्य स्वर्गद्वारी-होलेरी-दहवन हुँदै घोराही तर हामी तेह्रजना पो भयौं । हाम्रो टोलीले गुरुजीलाई घाटा नबनाउने वचन दियौं ।

चकचके लिवाङ सडकमा केहीबेर गुडेपछि हाम्रो वाहन धनवाङ खोलाको मुहानतिर मोडियो । अचिनारू भूगोल दायाँबायाँको दृश्य कतै देखिँदैन, अगाडि निष्पट्ट अँधेरो छ । धुलेबाटो उँभै गीत सुन्दै हामी गइरहेका छौं । घरी हिरामणि गीतको भावको आशय जोडेर हामी बुढाबुढीलाई व्यङ्ग्य गर्नुहुन्छ ।

गीत प्रेमील छ, 'झ्याप्पै आए बाहुनदाई जनै लाएर ।' गाडीभित्र तागाधारी समुदायका तर जनै फालेका हामी आठजना छौं । गीतका शब्दहरूले अन्तर समुदायको प्रेम बोल्छ तर हामी बुढाबुढीलाई घरिघरि झटारो झर्छ । झण्डै रातको ९ बजे हामी वीरबहादुर थापाको होमस्टेमा पुग्यौं । वीर बहादुर प्युठानको क्रान्तिकारी कम्युनिस्ट पार्टीको सेक्रेटरी हुनुहुन्छ । उहाँको सौजन्यतामा हामी यहाँ आइपुगेका हौं । रैथाने उत्पादनको खानापछि रातको विश्राम गरियो । बिहान फेरि उकालोको यात्रा सुरू भयो । धनवाङ गाँउ सुन्तला उत्पादनको पकेटक्षेत्र रहेछ तर फल निख्रने याम

भइसकेकोले बोटहरू खालिखाली देखिन्थे । झण्डै दशबजे हामी स्वर्गद्वारीको फेदी धरमपानीमा उत्रियौं ।

स्वर्गद्वारी एकसय तीस वर्षअघिदेखि धार्मिकस्थलको रूपमा चिनिएको ठाँउ रहेछ । डाँडाको उच्च भागमा रहेको र झण्डै डेढ किमि उकालो चढ्नुपर्दा रोगी र वृद्धलाई कठिन हुने रहेछ । त्यसैले हामी दम्पत्तिले घोडाको सहारा लियौं । स्वर्गद्वारी पुग्न उकालोको अत्यासले घोडाको सहारा लिनु परेकोमा मन एक प्रकारले उद्विग्न भयो तर समस्या के रह्यो भने म चढेको घोडा त म जस्तै बूढो रहेछ । मलाई हीनताबोध भयो । पहिलो पटक घोडाको सवार छ तर एकातिर बूढो घोडा र घोडा डोऱ्याउने बाबू पन्ध्रवर्षे किशोर छन् । नाउँ सन्तोष बि.क. बताए । उनी कक्षा पाँच उत्तीर्णपछि तिर्थालुहरूलाई घोडामा चढाएर आफू सयसको काम गर्दा रहेछन् । प्रति सवारी रू. एकसय उनको हात पर्ने रहेछ । माथि उक्लिएपछि प्राकृतिक सुन्दरताको दृश्यावलोकनले मन शान्त पार्ने रहेछ ।

नेपालका धेरैजसो धार्मिक पिठहरूमा माग्नेहरूको लहर देखिन्छ तर त्यहाँ मागेर जीवन चलाउने कुनै पनि मगन्ते देखिएन । न त आश्रम वरपर कुनै पसलहरू नै देखिए । धर्मको आडमा कमाउधन्धा गर्नेहरूलाई बर्जित गरिएको पो थियो कि । आश्रमको विशेषता आगन्तुक पाहुनाहरूलाई सशुल्क खाना र आवासको व्यवस्था रहेछ । हामीले बिहानको खाना त्यहीं खायौं । आश्रमबाट ओर्लिएर हामी होलेरिका लागी गाडी चढ्यौं । 'अब हामी रोल्पाको होलेरी जाँदै छौं' हिरामणिको काशन थियो ।

मेरो चेतनामा रोल्पाले पहिलो प्रवेश पाएको २०३८ को चुनाव बहिष्कारले हो । त्यस अघि आकलझुकल नाउँ सुने पनि रोल्पासित जोडिएको भावना र आस्था थवाङले देखाएको निष्ठाले हो । मैले कम्युनिस्ट पार्टीको सदस्यता लिएपछि सिकेको कुरा वस्तुको रूप वा सार बदल्न वल प्रयोगको सिद्धान्त अनिवार्य हुन्छ भन्ने हो । खास गरेर समाजमा विद्यमान रहेको राज्य व्यवस्थाका कुरूप विधि र नीतिलाई वर्गसङ्घर्षको माध्यमले बदल्न सकिन्छ भन्ने मार्क्सवादी मान्यतामा रोल्पाले देखाएको बाटो सही थियो । त्यसैलाई पच्छ्याउँदै देशैभरी वर्गसङ्घर्षको आगो दन्किएको थियो ।

२०३८ पछिका केही गीतहरूले रोल्पाको बिम्ब झन् गहिरो हुँदै आयो । लेखराज रेग्मीले रचना गरेका 'त्यो काख जलजलाको फौजी परेड खेल्दा होस्' या कुलानन्द गिरीको रचना खुसिरामाले गाएको 'हाम्रो रोल्पामा पुलिसहरू पसेर झिटिझ्याम्टा गरिबका लगे लुटेर' भन्ने गीतले होस् रोल्पाप्रति श्रद्धा र माया जागेको थियो । त्यो गीत मैलेपनि धेरै पटक गाएको थिएँ । साथै रोल्पालाई बिम्ब मानेर लेखिएका कयौं कविता र संस्मरणले वर्गबैरीप्रतिको आक्रोश चुलिएको थियो । मैले पनि नाउ सुनेकै आधारमा रोल्पाका केही ठाउँहरूको बिम्ब प्रयोग गरेको छु । रोल्पालाई अन्तरवस्तु वा बिम्ब बनाएर गीत, कविता, कथा र निबन्ध लेख्ने श्रष्टाहरू थुप्रै छन् । कृष्णसेन, ऋषिराज बराल, मणि थापा, यज्ञ डाँगी, हिरामणी दुःखी, अनिल श्रेष्ठ, नविन विभाष र अरूहरू । केही श्रष्टाहरूले शाहदत लिए भने कोही आन्दोलनबाट पर छन् । हो, कतिपय श्रष्टाहरू अझै आन्दोलनमा छन् ।

धरमपानीदेखि पश्चिम लागेपछि केही दुरी कालोपत्रे सडक थियो, सायद त्यो स्वर्गद्वारीको भूभाग हुँदो हो । स्वर्गद्वारी नपा समाप्तिपछि रुण्टिगढी गाँउपालिका प्रवेश गरियो । स्वर्गद्वारी आश्रमका संस्थापक खत्री बाजेको जन्मस्थल (महाप्रभु जसको नाम नारायण गौतम) त्यही रुण्टिगढी रहेछ । कुन शक्ति वा लहडले उनलाई त्यो चुचुरोमा पुऱ्यायो हामीले त्यहाँ सोधिखोजी गर्न पनि उपयुक्त पात्र भेटेनौ र हामी धर्मको चेष्टाले नभै प्राकृतिक र ऐतिहासिक दृश्यावलोकन गर्ने पर्यटक थियौं । बाटोमा कतै सल्लाघारी कतै पातलो वस्ती हुँदै कच्चिबाटोको धुलो उडाउँदै हामी गुडिरहेछौं । हाम्रा पथप्रदर्शक हिरामणी हाम्रा जिज्ञासाको उत्तर दिइरहनुभएको छ । रुण्टिगढिको थुम्काथुम्कीमा ठिङ्ग उभिएका खोटेसल्लाका बोटहरू मन्द गतिमा बहेको वायुसित वयेली खेलिरहेका छन् । सल्लाका पातहरूको मीठो सुसाइले मन लोभ्याउँछ । कतै देखिएका पातला घरहरूको अघिपछि हिउँदे बालिको रमाइलो दृश्य देखिन्छन् । आलु, काउली पिँडालु र अदुवा अनि गहुँ बालिले हाम्रो निर्वाहमुखि उत्पादनको झल्को दिन्छ । यहि त हो गाउँ हुनुको सौन्दर्यको लय । यी प्यारा गाउँ र गाउँलेहरूको सुन्दरता सलाम गर्न लायक छ ।

सार्वजानिक यातायातको नाउँ बस र त्यसभित्रको सिट भएर पनि उभिएर यात्रा गर्नुपर्ने हामी नेपालीहरूको वाध्यता छ । सो बाध्यता जस्तै हाम्रो वाहनमा पनि उभिएर यात्राको सकस व्यहोर्न बाध्य अनिल श्रेष्ठ र नारायण शर्मा विपिनको कष्ट हामी बुझ्दैनौ । न त नन्दीश अधिकारीको ढाड दुखाईको पीडा नै बुझेका छौं । गाडीभित्र मित्रलाल र जगदीशको अन्तर संवाद घ्यारघ्यार आवाजले खाइदिएको छ । आँखाले खालि रोल्पाको सौन्दर्यमा मोहित पान गर्छ ।

रोल्पा, एकयुगसम्म सत्ताको आतङ्क बन्यो भने मुक्तिकामी जनताको सुन्दर बिम्ब । नेपाली धर्तिमा वर्गसङ्घर्षको थालनी रोल्पा र रुकुमले गऱ्यो र त वर्तमानले सीमित प्राप्ती लियो । भलै, अझै अरू लिनु छ र त्यसको सुरुआती पनि रोल्पाले गरोस् । होलेरी बजारको बिच सडकमा उभिएर उत्तरतिर नजर लगाउँछु र चुनु गुरुङले लेखेर गाएको गीत सम्झन्छु 'तिमीसित गहिरो माया बस्यो जलजला .....' । मलाई रोल्पाका प्रत्येक गाउँ डुल्ने र ती महान् सहिदहरूका बा-आमाहरूलाई भेट्ने रहर छ तर मसङ्ग त्यो समय, उमेर र ताकत सबै छैन । केवल जिजीवीषा मात्र बाँकी छ । 'किन चाउरिस मरिच आफ्नै पिरोले' जस्तो भएको छु ।

रोल्पाले हिजो देखेको सपना खण्डिकृत भएपछि अहिले अरूहरू झैँ भौंतारिन थालेको छ होला ? हिजोका ती लडाकु योद्धाहरू पराय मुलुकमा रोजिरोटिका लागी धाएका होलान् । यो तथ्याङ्क कसले लिएको होला र ! हिजोका भिषण द्वन्द्वमा छापामारहरूलाई पोल्टामा मकै भटमास पोको पारेर जङ्गलको ओढारमा पुऱ्याउने आमा दिदीहरूको चित्तले के ठान्दो हो ! अचानक तुहिएको सपना देखेर । ती वर्गसङ्घर्षका दिनहरूमा यस्तै सोचेका थिए होलान् र ? त्यतिबेला बन्दुक उठाउने हातहरू अहिले कुन मुलुकमा श्रम बेच्दै होलान् ? त्यो दमन र गोली बारुदको धुवाँ पचाएका ती सहिद बेपता घाइते परिवारको धैर्यको बाँध भत्कियो भने फेरि अर्को भुमरी नउठ्ला भन्न कहाँ सकिन्छ र ।

मनमा उत्साह भएर पनि शरीरले साथ नदिदा कयौं रहरहरू अधुरा हुने रहेछन् । साथीहरू होलेरीको सेरोफेरो डुल्न गए । सम्पदा बनेर उभिएको पुरानो चौकी पुगेर फर्किए । हामी बुढाबुढी बजारछेउमा उभिएर उत्तरी पहाडसित आँखा जुधाएर एकछिन मौन रह्यौं । त्यो प्यारो थवाङ र जेलवाङ कृष्णसेनले कवितामा उल्लेख गर्नुभएको दारबोटको जङ्गल सबै छलिए, सबै छोडिए । पैताला होलेरी बजारमा अडिए । समय घर्किदै गएकाले उता दहवन नपुग्दै घोराही झर्नुपर्ने भयो । होलेरी ! तिमीले शिल्यानास गरेको यात्रामा एउटा इटाको टुक्रा मैले पनि थपेको थिएँ । तिम्रो वीरताको इतिहास अजम्बरी होस् ।

## ❑ यो साता कविता

### तिम्रा घोषणापत्र

❑ मित्रलाल पंज्ञानी



*बाँझिएका खेतबारी खन्नु जोत्नु कैले*
*पिँढीमाथि भित्तो उप्क्यो टाल्नु पोत्नु कैले*
*पर्देशमा बज्रँदो छ खन्ने जोत्ने हात*
*यता खान्छ नेपालीले बेसाएको भात*

*श्रमलाई नेपालमै फर्काउने कैले*
*दलालीको भेललाई तर्काउने कैले*
*छैन तिम्रो घोषणामा योजनाको खाका*
*कैल्यै छैन ननाघेको छली तिम्रो भाका*

*कुरो फेर्न सिपालु छौ के भनौला भोलि*
*भोगेकै हो ठेगानको छैन तिम्रो बोली*
*चुनावमा फलाक्तछौ सम्झँदैनौ नत्र*
*'ऊ' पुछेर फाल तिम्रा घोषणाका पत्र*

### स्याल आउँदैछ

❑ श्याम बोहरा



*रङ्गीचङ्गी लयमा*
*कर्णप्रिय स्वरमा*
*सुन्दर बस्त्र धारण गरेर*
*मनै लोभ्याउने बाचा सुनाउँदै*
*जोश उराल्ने भाका सुनाउँदै*
*स्याल आउँदैछ*
*रफ्तार गतिमा*
*तिम्रो सुन्दर बस्तीमा*
*जस्ले निसहाय*
*कुखुराहरुलाई भनिरहेछ*
*आकाशमा हेर चील आयो*
*तिमी र तिम्रा चिचिलाहरुको काल आयो*
*तिमीहरु सुरक्षित हुने हौ भने*
*मसँग दौतरी गाँस*
*म तिम्रै जीवनरक्षाको गीत गाउँछु*
*मेरो वरिपरि छमछमी नाच*
*आउ प्रेमलाप गरौँ*
*नयाँ सम्बन्ध गासौँ*
*तिम्रो रक्षा र उन्नतिका लागि*
*म नै निर्विकल्प शक्ति हुँ*
*म नै सत्य न्याय र इमानको भक्ति हुँ*
*मेरा प्रत्येक शब्दमा ताली ठोक*
*अपराधी चीलहरुलाई गाली ठोक*
*मेरो आदर्श बोक*
*मेरो आदेश बोक*
*र, मेरा वाचाहरु घोक ।*

*ओ अन्धभक्त मतिहिन*
*गतिहिन कुखुराहरु !*
*कर्णप्रिय गायक*
*सुन्दर वस्त्रधारी*
*मनै लोभ्याउने वाचाकारी स्यालको*
*मस्तिष्कमा अतिसय नीचता*
*कुरुपता र पाखण्डता छ*
*तर, उसको मुखमा*
*उसको वाचामा*
*अतिसय महानता*
*सुन्दरता र उदात्तता छ ।*

*आकाशको पखेटा फिजाएर उड्ने*
*मांशहारी चील*
*तिम्रा लागि जति घातक छ*
*धर्तिमा चारखुट्टाले हिड्ने*
*अर्को भिन्न रुपको*
*मांशहारी स्याल पनि*
*कम्ता घातक छैन*
*कम हिंस्रक छैन र निकृष्ट खालको*
*कम कृतघ्न छैन ।*

*चीलबाट भड्किएर*
*स्यालसँग लहसिनु*
*कुनै बुद्धिमानी होइन*
*कुनै विकल्प होइन*
*चील र स्याल*
*दुवै तिम्रा महाकाल*
*दुवैबाट बच्ने*
*जुन असल जुक्ति हो*
*त्यो तिमीले सोच्नै पर्छ*
*त्यस्तो मार्ग खोज्नै पर्छ*
*दुवैका विरुद्ध लड्नै पर्छ*
*जब लड्न छोड्छौ*
*तिमीहरु सबै मर्छौ मर्छौ*
*जहाँसम्म लडिरहन्छौ*
*त्यहाँसम्म निसन्देह बाँचिरहन्छौ ।*

*रूँघा, रूकुम पश्चिम*

## फासीवादी...

काभ्रेको पनौतीबाट र केन्द्रीय समिति सदस्यहरू का। नारायण न्यौपाने, कमरेड कर्ण बी। सी। तथा कमरेड रत्न ओली र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपालका केन्द्रीय सदस्य द्वय कमरेड श्याम कुँवर, कमरेड डेभिड परियार तथा जिल्ला सदस्य कमरेड मान बहादुर मल्ललाई सुर्खेतबाट गिरफ्तार गरिएको छ। आगामी संसदीय निर्वाचनको बहिष्कारको पक्षमा उभिएकै कारण गरिएको यस प्रकारको गिरफ्तारीले यो कठपुतली सरकार साधारण लोकतान्त्रिक मूल्य र प्रचलित कानूनलाई समेत कुल्चने चेष्टा गर्दैछ भन्ने स्पष्ट छ। केन्द्रीय संयुक्त सङ्घर्ष समिति विनाशर्त उहाँहरूको अविलम्ब रिहाइको माग गर्दछ र सुशीला सरकारको यस प्रकारको फासीवादी हर्कतका विरुद्ध आवाज उठाउन सम्पूर्ण लोकतन्त्रवादी शक्तिहरूलाई आह्वान गर्दछ।

## फासीवादको...

कटाक्ष हो।

विचार प्रकट गर्न पाउनु सबैको अधिकारको कुरा हो। तर विचार प्रकट गर्दा कसले कति बोल्ने ? भन्ने एउटा मापदण्ड हुन्छ। त्यो मापदण्ड अनुसार नै अभिव्यक्ति प्रकट गरिन्छ। कुनै पार्टीको मानिसले अर्को पार्टीको नीति र कार्यक्रम प्रति विरोध जनाउन र बोल्न सक्छ। अर्को पार्टीले खण्डन गर्न सक्छ। दलीय व्यवस्थामा यो सबैलाई छुट हुन्छ। तर देशको सर्वोच्च व्यक्तिले आफ्नो मर्यादा समेत विर्सेर आफ्ना अभिव्यक्ति प्रकट गर्नु कति उचित होला ? दोस्रो कुरा, विचारको स्वतन्त्रता सबैलाई छ। एउटा साधारण मान्छेले बोल्दा त्यसलाई गम्भीर बनाइँदैन। तर कुनै शीर्ष व्यक्तिले बोल्दा त्यो गम्भीर बन्छ। आज कतिपय सर्वसाधारण नागरिकले "यो देश भारतमा गाभिएदेखि अलि विकास हुने थियो कि" भन्छ भने त्यो ठूलो गम्भीर विषय मानिँदैन। तर त्यही कुरा स्वर्णिम वाग्लेले रवि र मुकुल ढकाल समक्ष भने पछि त्यो गम्भीर विषय बन्यो। कुनै बेला शीर्ष नेताले पार्टीमा निर्णय नगरीकन बोल्छ भने पनि त्यो नीति बन्छ। नेपाली कांग्रेसमा केन्द्रीय समितिमा निर्णय नगरी गिरिजा प्रसाद कोइराला बोलेपछि त्यो नीति बन्ने गरेको सुनिन्थ्यो। केन्द्रीय समितिले पनि उनको विचारको खण्डन गर्दैनथ्यो। सुशिला कार्की सरकारको शिखर व्यक्ति भएको हुनाले उनी बोलेको कुरा पनि सरकारको नीति हो भनेर हामीले बुझ्नुपर्छ।

कुनै पनि पार्टीलाई संख्याको आधारमा हेर्ने कार्कीको जुन दृष्टिकोण छ, त्यो नै गलत छ। मूल कुरा संख्या होइन, पार्टीको विचार वा माग हो। कार्की कै श्रीमान दुर्गा सुवेदीले विमान हाइजेक गरेका थिए। त्यतिबेला कांग्रेस सानो थियो। पंचायती व्यवस्था ठूलो थियो। कैयौं पटक नेपाली कांग्रेसले निर्वाचन बहिष्कार गरेको थियो। के त्यो "प्रभावकारी" थिएन ? "२/४ जनाको समूह" भएको हुनाले कांग्रेसले बहिष्कार गरेको थियो ? निर्वाचनमा भाग लिने वा नलिने निर्णय गर्ने स्वतन्त्रता रास्वपा वा कांग्रेसलाई मात्र छैन, त्यो स्वतन्त्रता अरु पार्टीलाई पनि छ। कसैलाई निर्वाचनमा भाग लिने स्वतन्त्रता छ भने कसैलाई बहिष्कार गर्ने स्वतन्त्रता पनि छ। बहिष्कार गरेकै कारण दमन गर्न पाइँदैन। यो संविधान विरुद्धको कुरा हो। निर्वाचनमा भाग नलिनुको कारण "२/४ जनाको समूह" भएर होइन, त्यसका पछाडि राजनीतिक कारणहरू छन्। बहिष्कार गर्ने दलहरूले बारम्बार उठाउँदै आएको कुरा के हो भने सुशिला कार्कीको नेतृत्वमा जुन सरकार बन्यो, त्यो रातारात अमेरिकी र भारतीय खुफियाहरूको मिलिमतोमा बनेको कठपुतली सरकार हो। पहिलो कुरो त हामीले मात्र होइन, स्वयं जेनजीहरूले नै भनिरहेका छन् कि हाम्रो आन्दोलनमा बाहिरबाट घुसपैठ भयो, नेतृत्व बाह्य व्यक्तिहरूद्वारा हाइजेक भयो। महाविध्वशं गर्नेदेखि लिएर संसद विघटन, कठपुतली सरकारको गठन आदि काम साम्राज्यवादको खुफियाहरूको संस्थाहरूबाट भएको छ। जनताका प्रतिनिधिहरूको सहमतिमा बनेको सरकार होइन यो।

दोस्रो कुरा, जेनजी विद्रोहपछि एउटा विशिष्ट अवस्था उत्पन्न भयो। त्यो अवस्थामा राजनीतिक पार्टी तथा वास्तविक जेनजी सहितको राष्ट्रिय राजनीतिक सम्मेलन गराउनु पर्थ्यो र संयुक्त सरकार बनाउनु पर्थ्यो। जेनजीहरूले बलिदान दिनुका पछाडि नयाँ संविधान बनाउनु वा विद्यमान संविधानमा संशोधन गर्नु रहेको थियो। किनकि वर्तमान संविधान असफल भइसकेको छ। त्यसप्रकारको सर्वपक्षीय सम्मेलनले कस्तो संविधान बनाउने ? भन्ने निर्णय गर्न सक्थ्यो। तर सुशिला कार्कीमा के देखियो भने यही संविधान अन्तर्गत सरकार चलाउने र बारबरा फाउण्डेशनका नेताहरूलाई आम निर्वाचनद्वारा संसद गठन गरेर सरकारको जिम्मेवारी सुम्पने। नेपालका कुनै पनि पार्टीहरूलाई नसोधिकन निरंकुश तरिकाले निर्वाचनको मिति घोषणा गरिन। यो स्पष्टतः सुशिला कार्कीको फासिवादी नीति हो।

माथि उल्लेख गरिएका कुरा गरिएको भए त्यो देश र जनताको हितमा र लोकतान्त्रिक पद्धति अनुसार हुने थियो। आज दुर्गा प्रसाईदेखि लिएर ६ दल र नेकपा (लोकनारायण सुवेदी) लगायतका अन्य दलहरू पनि निर्वाचन बहिष्कार गर्ने नीति लिएका छन्। अहिलेको मुख्य समस्या अमेरिकन साम्राज्यवाद र भारतीय विस्तारवादद्वारा नेपाली राजनीतिमा हस्तक्षेपको समस्या हो। त्यसैले यो राष्ट्रिय स्वाधीनताको समस्या हो। त्यसैले ६ दलहरूले राष्ट्रिय राजनीतिक सम्मेलन गरेर स्वाधीन संयुक्त सरकारको विकल्प अगाडि सार्दै आएका छन्। तर सुशिला कार्कीको कठपुतली सरकारले ती ६ दलका नेता तथा कार्यकर्ताहरूलाई पक्राउ गर्ने र फौजदारी अभियुक्तलाई जस्तो गरी थुनामा राख्ने, मुद्दा चलाउने जस्ता अत्यन्त निर्लज्ज मात्र होइन, गैरकानुनी, गैर संवैधानिक तथा मानव अधिकारको समेत वर्खिलाफको हरकत गरेको छ। आजका जेनजी पुस्ताको नेतृत्व गर्ने रवि-बालेनलाई थाहा नहोला, तर पूर्व प्रधानन्यायाधीश समेत रहेकी प्रधानमन्त्री सुशिला कार्कीलाई अवश्य पनि थाहा छ कि हामी पंचायतकाल, बहुदलीय कालसम्मका शोषण, दमन, उत्पीडनका विरुद्ध बलिदान पूर्ण संघर्ष गरेर लोकतान्त्रिक गणतन्त्रसम्म आएका छौं। हजारौंको सहादत भएको छ, हजारौं वेपत्ता भएका छन्, घाइते अपांगताको जीवन बिताइरहेका छन् यो त्यति कै आएको व्यवस्था होइन। तर लोकतान्त्रिक गणतन्त्र आएपछि सरकारमा गएका कांग्रेस, एमाले, माओवादी लगायतका पार्टीहरूले यो देशलाई आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक रूपले ध्वस्त पारे। नेपालीहरूको जीवन अन्य देशका नागरिक भन्दा निम्नस्तरमा पुग्यो। वैदेशिक हस्तक्षेपले गर्दा यहाँका पार्टीहरू मात्र होइन, नागरिकहरूको पनि मानसिकता विषाक्त बनाइदिएको छ। आज प्रत्येक नागरिकले देशमा आमूल परिवर्तन चाहेको छ। देश अब यथास्थितिमा रहन नसक्ने अवस्था सिर्जना भएको छ। भाद्र २३ र २४ को विद्रोह परिवर्तनको लागि भएको विस्फोट हो। तर ७६ जनाको ज्यान बलिदान भए पनि नेपाली जनताले परिवर्तन प्राप्त गर्न सकेनन् किनकि नेतृत्व साम्राज्यवादी एजेण्टहरूका हातमा पुग्न गयो। उही पुरानो, बासी संसदीय निर्वाचन-०८४ को निर्वाचन ०८२ मा सार्ने काम मात्र भयो।

सुशिला कार्कीको पालामा इतिहास मै नभएको वैदेशिक हस्तक्षेप भइरहेको छ। तर यो सिलसिला यत्तिमै रोकिनेवाला छैन। फ्रि तिब्बतवालाहरू आफ्नो गतिविधि तेज पारेका छन्। उनीहरू यो निर्वाचनमा रवि र बालेनलाई सरकारमा पुऱ्याउन सके भने उनीहरू झन सुरक्षित र संरक्षित तवरले गतिविधि गर्न पाउने अवसर खोजेका छन्। त्यसैले इतिहासमै पहिलोपल्ट सुशिला कार्कीले निर्वासित दलाई लामाको बधाई पाएकी थिइन। हालै केही समय अगाडि दलाई लामाका प्रतिनिधि सीधै नेपाल आउनु र नेपाल सरकारबाट राजकीय सम्मान पाउनु, आइपीएस प्रमुख अमेरिकन कमाण्डर आफ्नो सैनिक विमान लिएर नेपाल आउनु, अमेरिकी साम्राज्यवादले नेपालमा हस्तक्षेपकारी भूमिका खेलिरहेको विवादित अवस्थामा पनि नेपाली सेना दिवसमा अमेरिकन सैनिकलाई बोलाएर बैण्ड सहित मार्चपास गर्नु, चीन सितको एक चीन नीति छोड्नु र चिनियाँ पक्षबाट नेपालको भूमिका प्रति असन्तुष्टि प्रकट गर्नु, भारतसित सुपुर्दगी सन्धीमा सहमत हुनु, आदि कुरा यो कठपुतली सरकारका काम हुन्। यसबाट अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको साख बिग्रँदै गएको छ।

सुशिला कार्कीको कठपुतली सरकार नांगो रूपमा फासिवादको अभ्यासकै क्रममा बहिष्कार गर्ने दलहरूमाथि कडा रवैया अपनाउन थालेको मात्र होइन, यस भन्दा अगाडि रवि लामिछानेलाई चोख्याउन र निर्वाचनमा विजयी बनाउनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट सम्पत्ति शुद्धीकरण र संगठित अपराध सम्बन्धी मुद्दा फिर्ता गर्न लगाइन। महान्यायाधिवक्ता भण्डारीले उच्च अदालतहरूलाई रवि माथिका सम्पत्ति शद्धिकरण र संगठित अपराध सम्बन्धी मुद्दा फिर्ता लिन निर्देशन दिए पनि उच्च अदालतहरू कसैले फिर्ता लिएनन्। अर्वौं अर्ब ठगी गरेर कालो धनलाई सेतो बनाएको प्रमाणहरूका आधारमा मुद्दा चलाउने अदालतहरूलाई संविधान विपरीत मुद्दा फिर्ता लिन लगाउनु भनेको फासिवादको चरम उदाहरण हो। अझ रमाइलो कुरा त के भयो भने कांग्रेस एमालेले संसद पुनर्स्थापनाका लागि सर्वोच्च अदालतमा दिएको रिटको फैसला पनि निर्वाचन अगाडि नहुने, निर्वाचनपछि फैसला हुने कुरा आएको छ। यसपटक अदालतले पनि रमाइलो गरेको छ।

आफूलाई निष्पक्ष र तटस्थ बताउने कार्की सरकारले जेनजीका मागहरू पूरा गरेन। विद्रोहका बेला भएका अपराधिक घटनाको छानवीन गरिएन। त्यसलाई पनि निर्वाचनपछि सारिएको छ। भाद्र २४ गतेका अपराधीहरूलाई उम्मेदवार बनाए पछि अहिले त्यसको विरोध भइरहेको छ। कतिपयले स्वयं उम्मेदवारी फिर्ता लिइरहेका छन्। भ्रष्ट नेताहरूका अवैध सम्पत्ति छानवीन गर्ने जेनजीका मागलाई पूरै लत्याइएको छ। जेनजीका सबै माग लत्याएर निर्वाचन गरिँदैछ। के यो फासिवादी तरिका होइन ?

सरकारले नै एकतर्फी रूपमा फासिवादको अभ्यास गरेपछि दलहरूमा असन्तुष्टी र आक्रोश देखिनु स्वाभाविक हो। सरकारको संरक्षणमा रास्वपाका कार्यकर्ताहरूले अन्य पार्टीका झण्डामा आगजनी गर्ने, कुटपिट गर्ने, धम्की दिने गरेपछि भोलि एमाले मात्र होइन, अन्य दलहरू पनि संगठित हुँदै जाने अवस्था आउन सक्छ। त्यसद्वारा निर्वाचनलाई प्रभावित पार्न सक्छ। बहिष्कार गर्ने पार्टीहरू देश र जनताको हितमा, वैज्ञानिक र न्यायपूर्ण व्यवस्था हुनु पर्छ। देशभक्तहरूले स्वाधीन संयुक्त सरकार बनाउनु पर्छ भनेर शान्तिपूर्ण तरिकाले संविधानले नै दिएको अधिकारलाई मानेर बहिष्कारको आह्वान गरेका छन्। सुशिला कार्कीले नै भनेको आधारमा "२/४ जनाको समूह" "प्रभावकारी भूमिका खेल्न नसक्नेहरूले " निर्वाचन विथोल्छन् भनेर आरोप लगाउनु कायरपन हो। बरु जो दलहरूले निर्वाचनमा भाग लिएर पनि झण्डा र कार्यालयहरू जलाउने गरेका छन्, उनीहरूबाट नै निर्वाचन विथोलिन सक्दैन र ? सरकारले संरक्षण गरेका दलहरूबाट प्रतिपक्षी दलहरूमाथि आक्रमण गर्न प्रोत्साहित गर्ने, तर जनतालाई निर्वाचन बहिष्कार गर्नेहरूबाट खतरा छ भनेर प्रशासनलाई दमन गर्न लगाउने, यो कस्तो तरिका हो। बहिष्कारमा उत्रेका पार्टीहरूलाई दमन गर्न निर्देशन दिनुले उनी र उनको सरकार कति फासिवादी छ भन्ने कुरा बताइरहनु नपर्ला।

सबै जनताले के कुरा बुझिसकेका छन् भने, यो निर्वाचन साम्राज्यवादपरस्त र साम्राज्यवाद विरोधीहरू बीचको प्रतिस्पर्धा हो। यो प्रतिस्पर्धामा रवि-बालेन गठबन्धनले जित्ने छन् वा अन्य परम्परागत पार्टीले जित्ने छन् ? सुशिला कार्कीको फासिवादलाई बालेनहरू सरकारमा आएपछि अझ बढाउने छन् वा जनताले चुनावबाटै हराएर फासिवादको सम्भावनालाई रोक्ने छन् ? त्यो कुरा जनताको मत प्रकटमा भर पर्नेछ। निर्वाचनमा त्यसको परिक्षण त अवश्य होला नै, तर जुन पक्षले जिते पनि देशको समस्या समाधान हुने छैन। त्यसकारण निर्वाचनमा भोट हालेर होइन, बहिष्कार गरेर देश र जनताको हितमा स्वाधीन संयुक्त सरकार गठन गर्न देशव्यापी आन्दोलन गर्न उठौं। सुशिला कार्कीको कठपुतली सरकार गठन हुने ताक स्वयं सुशिला कार्कीले के भनेकी थिइन भने मेरो काम निर्वाचन सम्पन्न गराउने मात्र हो। उनी आफूलाई निकै तटस्थ देखाउने प्रयत्न गरेकी थिइन। तर उनको तटस्थता तत्कालै उदांगो भएको थियो। उनले सुदन गुरुङलाई छोरो बताइन। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसित दाईको नाता गाँसिन। कैयौं अपराधिक मुद्दामा आरोपित व्यक्तिहरूलाई मन्त्री बनाउन आमन्त्रण गरिन। तर जनताबाट विरोध आएपछि स्थगित गरिन। यी सबै कुराले गर्दा उनी तटस्थ छविको मान्छे होइनन् भन्ने प्रष्ट भएको थियो। उनी जतिसुकै प्रयास गरे पनि पूर्व प्रधान न्यायाधीश खिलराज रेग्मी जस्तो प्रधानमन्त्रीको स्तरमा आफूलाई पुऱ्याउन सकिनन्। उनको बौद्धिकस्तर र तटस्थता यसैबाट प्रष्ट हुन्छ।

निर्वाचन नजिकिँदै गर्दा प्रधानमन्त्रीका केही अभिव्यक्तिबारे हामी प्रष्ट हुन आवश्यक देखिन्छ। उनी एउटा उच्चस्तरको बैठकमा बोल्दै गरेको भिडियो सार्वजनिक भएको छ। उनले झण्डा जलाएको प्रसंग उठाएको सुनिन्छ। उनी भन्छिन् "हिजो अस्ती मात्रै एउटा पार्टीको झण्डा अर्कोले जलायो भन्ने कुरा आएको छ।" कसको झण्डा कसले जलायो ? त्यो उल्लेख गरिनन्। उनले रास्वपाका कार्यकर्ताले एमालेको झण्डा जलाएको भन्न किन सकिनन् ? त्यो प्रसंगलाई त्यतिकै बीचमा छाडेर निर्वाचन बहिष्कार गर्नेहरूमाथि तथानाम भन्न थाल्छिन्। उनले "अध्ययन गरे अनुसार बहिष्कार गर्नेहरू २/४ जनाको समूह" छ। "प्रभावकारी छैनन्" "चुनाव लड्न पनि सक्दैनन्" "एक्सटोर्सन गर्छन्" "पैसा पनि भयो, चुनाव लड्न पनि परेन" बहिष्कार गर्ने पार्टीहरू प्रतिको प्रधानमन्त्रीको यो कटाक्ष हो।

विचार प्रकट गर्न पाउनु सबैको अधिकारको कुरा हो। तर विचार प्रकट गर्दा कसले कति बोल्ने ? भन्ने एउटा मापदण्ड हुन्छ। त्यो मापदण्ड अनुसार नै अभिव्यक्ति प्रकट गरिन्छ। कुनै पार्टीको मानिसले अर्को पार्टीको नीति र कार्यक्रम प्रति विरोध जनाउन र बोल्न सक्छ। अर्को पार्टीले खण्डन गर्न सक्छ। दलीय व्यवस्थामा यो सबैलाई छुट हुन्छ। तर देशको सर्वोच्च व्यक्तिले आफ्नो मर्यादा समेत विर्सेर आफ्ना अभिव्यक्ति प्रकट गर्नु कति उचित होला ? दोस्रो कुरा, विचारको स्वतन्त्रता सबैलाई छ। एउटा साधारण मान्छेले बोल्दा त्यसलाई गम्भीर बनाइँदैन। तर कुनै शीर्ष व्यक्तिले बोल्दा त्यो गम्भीर बन्छ। आज कतिपय सर्वसाधारण नागरिकले "यो देश भारतमा गाभिएदेखि अलि विकास हुने थियो कि" भन्छ भने त्यो ठूलो गम्भीर विषय मानिँदैन। तर त्यही कुरा स्वर्णिम वाग्लेले रवि र मुकुल ढकाल समक्ष भने पछि त्यो गम्भीर विषय बन्यो। कुनै बेला शीर्ष नेताले पार्टीमा निर्णय नगरीकन बोल्छ भने पनि त्यो नीति बन्छ। नेपाली कांग्रेसमा केन्द्रीय समितिमा निर्णय नगरी गिरिजा प्रसाद कोइराला बोलेपछि त्यो नीति बन्ने गरेको सुनिन्थ्यो। केन्द्रीय समितिले पनि उनको विचारको खण्डन गर्दैनथ्यो। सुशिला कार्की सरकारको शिखर व्यक्ति भएको हुनाले उनी बोलेको कुरा पनि सरकारको नीति हो भनेर हामीले बुझ्नुपर्छ।

कुनै पनि पार्टीलाई संख्याको आधारमा हेर्ने कार्कीको जुन दृष्टिकोण छ, त्यो नै गलत छ। मूल कुरा संख्या होइन, पार्टीको विचार वा माग हो। कार्की कै श्रीमान दुर्गा सुवेदीले विमान हाइजेक गरेका थिए। त्यतिबेला कांग्रेस सानो थियो। पंचायती व्यवस्था ठूलो थियो। कैयौं पटक नेपाली कांग्रेसले निर्वाचन बहिष्कार गरेको थियो। के त्यो "प्रभावकारी" थिएन ? "२/४ जनाको समूह" भएको हुनाले कांग्रेसले बहिष्कार गरेको थियो ? निर्वाचनमा भाग लिने वा नलिने निर्णय गर्ने स्वतन्त्रता रास्वपा वा कांग्रेसलाई मात्र छैन, त्यो स्वतन्त्रता अरु पार्टीलाई पनि छ। कसैलाई निर्वाचनमा भाग लिने स्वतन्त्रता छ भने कसैलाई बहिष्कार गर्ने स्वतन्त्रता पनि छ। बहिष्कार गरेकै कारण दमन गर्न पाइँदैन। यो संविधान विरुद्धको कुरा हो। निर्वाचनमा भाग नलिनुको कारण "२/४ जनाको समूह" भएर होइन, त्यसका पछाडि राजनीतिक कारणहरू छन्। बहिष्कार गर्ने दलहरूले बारम्बार उठाउँदै आएको कुरा के हो भने सुशिला कार्कीको नेतृत्वमा जुन सरकार बन्यो, त्यो रातारात अमेरिकी र भारतीय खुफियाहरूको मिलिमतोमा बनेको कठपुतली सरकार हो। पहिलो कुरो त हामीले मात्र होइन, स्वयं जेनजीहरूले नै भनिरहेका छन् कि हाम्रो आन्दोलनमा बाहिरबाट घुसपैठ भयो, नेतृत्व बाह्य व्यक्तिहरूद्वारा हाइजेक भयो। महाविध्वशं गर्नेदेखि लिएर संसद विघटन, कठपुतली सरकारको गठन आदि काम साम्राज्यवादको खुफियाहरूको संस्थाहरूबाट भएको छ। जनताका प्रतिनिधिहरूको सहमतिमा बनेको सरकार होइन यो।

दोस्रो कुरा, जेनजी विद्रोहपछि एउटा विशिष्ट अवस्था उत्पन्न भयो। त्यो अवस्थामा राजनीतिक पार्टी तथा वास्तविक जेनजी सहितको राष्ट्रिय राजनीतिक सम्मेलन गराउनु पर्थ्यो र संयुक्त सरकार बनाउनु पर्थ्यो। जेनजीहरूले बलिदान दिनुका पछाडि नयाँ संविधान बनाउनु वा विद्यमान संविधानमा संशोधन गर्नु रहेको थियो। किनकि वर्तमान संविधान असफल भइसकेको छ। त्यसप्रकारको सर्वपक्षीय सम्मेलनले कस्तो संविधान बनाउने ? भन्ने निर्णय गर्न सक्थ्यो। तर सुशिला कार्कीमा के देखियो भने यही संविधान अन्तर्गत सरकार चलाउने र बारबरा फाउण्डेशनका नेताहरूलाई आम निर्वाचनद्वारा संसद गठन गरेर सरकारको जिम्मेवारी सुम्पने। नेपालका कुनै पनि पार्टीहरूलाई नसोधिकन निरंकुश तरिकाले निर्वाचनको मिति घोषणा गरिन। यो स्पष्टतः सुशिला कार्कीको फासिवादी नीति हो।

माथि उल्लेख गरिएका कुरा गरिएको भए त्यो देश र जनताको हितमा र लोकतान्त्रिक पद्धति अनुसार हुने थियो। आज दुर्गा प्रसाईदेखि लिएर ६ दल र नेकपा (लोकनारायण सुवेदी) लगायतका अन्य दलहरू पनि निर्वाचन बहिष्कार गर्ने नीति लिएका छन्। अहिलेको मुख्य समस्या अमेरिकन साम्राज्यवाद र भारतीय विस्तारवादद्वारा नेपाली राजनीतिमा हस्तक्षेपको समस्या हो। त्यसैले यो राष्ट्रिय स्वाधीनताको समस्या हो। त्यसैले ६ दलहरूले राष्ट्रिय राजनीतिक सम्मेलन गरेर स्वाधीन संयुक्त सरकारको विकल्प अगाडि सार्दै आएका छन्। तर सुशिला कार्कीको कठपुतली सरकारले ती ६ दलका नेता तथा कार्यकर्ताहरूलाई पक्राउ गर्ने र फौजदारी अभियुक्तलाई जस्तो गरी थुनामा राख्ने, मुद्दा चलाउने जस्ता अत्यन्त निर्लज्ज मात्र होइन, गैरकानुनी, गैर संवैधानिक तथा मानव अधिकारको समेत वर्खिलाफको हरकत गरेको छ। आजका जेनजी पुस्ताको नेतृत्व गर्ने रवि-बालेनलाई थाहा नहोला, तर पूर्व प्रधानन्यायाधीश समेत रहेकी प्रधानमन्त्री सुशिला कार्कीलाई अवश्य पनि थाहा छ कि हामी पंचायतकाल, बहुदलीय कालसम्मका शोषण, दमन, उत्पीडनका विरुद्ध बलिदान पूर्ण संघर्ष गरेर लोकतान्त्रिक गणतन्त्रसम्म आएका छौं। हजारौंको सहादत भएको छ, हजारौं वेपत्ता भएका छन्, घाइते अपांगताको जीवन बिताइरहेका छन् यो त्यति कै आएको व्यवस्था होइन। तर लोकतान्त्रिक गणतन्त्र आएपछि सरकारमा गएका कांग्रेस, एमाले, माओवादी लगायतका पार्टीहरूले यो देशलाई आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक रूपले ध्वस्त पारे। नेपालीहरूको जीवन अन्य देशका नागरिक भन्दा निम्नस्तरमा पुग्यो। वैदेशिक हस्तक्षेपले गर्दा यहाँका पार्टीहरू मात्र होइन, नागरिकहरूको पनि मानसिकता विषाक्त बनाइदिएको छ। आज प्रत्येक नागरिकले देशमा आमूल परिवर्तन चाहेको छ। देश अब यथास्थितिमा रहन नसक्ने अवस्था सिर्जना भएको छ। भाद्र २३ र २४ को विद्रोह परिवर्तनको लागि भएको विस्फोट हो। तर ७६ जनाको ज्यान बलिदान भए पनि नेपाली जनताले परिवर्तन प्राप्त गर्न सकेनन् किनकि नेतृत्व साम्राज्यवादी एजेण्टहरूका हातमा पुग्न गयो। उही पुरानो, बासी संसदीय निर्वाचन-०८४ को निर्वाचन ०८२ मा सार्ने काम मात्र भयो।

सुशिला कार्कीको पालामा इतिहास मै नभएको वैदेशिक हस्तक्षेप भइरहेको छ। तर यो सिलसिला यत्तिमै रोकिनेवाला छैन। फ्रि तिब्बतवालाहरू आफ्नो गतिविधि तेज पारेका छन्। उनीहरू यो निर्वाचनमा रवि र बालेनलाई सरकारमा पुऱ्याउन सके भने उनीहरू झन सुरक्षित र संरक्षित तवरले गतिविधि गर्न पाउने अवसर खोजेका छन्। त्यसैले इतिहासमै पहिलोपल्ट सुशिला कार्कीले निर्वासित दलाई लामाको बधाई पाएकी थिइन। हालै केही समय अगाडि दलाई लामाका प्रतिनिधि सीधै नेपाल आउनु र नेपाल सरकारबाट राजकीय सम्मान पाउनु, आइपीएस प्रमुख अमेरिकन कमाण्डर आफ्नो सैनिक विमान लिएर नेपाल आउनु, अमेरिकी साम्राज्यवादले नेपालमा हस्तक्षेपकारी भूमिका खेलिरहेको विवादित अवस्थामा पनि नेपाली सेना दिवसमा अमेरिकन सैनिकलाई बोलाएर बैण्ड सहित मार्चपास गर्नु, चीन सितको एक चीन नीति छोड्नु र चिनियाँ पक्षबाट नेपालको भूमिका प्रति असन्तुष्टि प्रकट गर्नु, भारतसित सुपुर्दगी सन्धीमा सहमत हुनु, आदि कुरा यो कठपुतली सरकारका काम हुन्। यसबाट अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको साख बिग्रँदै गएको छ।

सुशिला कार्कीको कठपुतली सरकार नांगो रूपमा फासिवादको अभ्यासकै क्रममा बहिष्कार गर्ने दलहरूमाथि कडा रवैया अपनाउन थालेको मात्र होइन, यस भन्दा अगाडि रवि लामिछानेलाई चोख्याउन र निर्वाचनमा विजयी बनाउनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट सम्पत्ति शुद्धीकरण र संगठित अपराध सम्बन्धी मुद्दा फिर्ता गर्न लगाइन। महान्यायाधिवक्ता भण्डारीले उच्च अदालतहरूलाई रवि माथिका सम्पत्ति शद्धिकरण र संगठित अपराध सम्बन्धी मुद्दा फिर्ता लिन निर्देशन दिए पनि उच्च अदालतहरू कसैले फिर्ता लिएनन्। अर्वौं अर्ब ठगी गरेर कालो धनलाई सेतो बनाएको प्रमाणहरूका आधारमा मुद्दा चलाउने अदालतहरूलाई संविधान विपरीत मुद्दा फिर्ता लिन लगाउनु भनेको फासिवादको चरम उदाहरण हो। अझ रमाइलो कुरा त के भयो भने कांग्रेस एमालेले संसद पुनर्स्थापनाका लागि सर्वोच्च अदालतमा दिएको रिटको फैसला पनि निर्वाचन अगाडि नहुने, निर्वाचनपछि फैसला हुने कुरा आएको छ। यसपटक अदालतले पनि रमाइलो गरेको छ।

आफूलाई निष्पक्ष र तटस्थ बताउने कार्की सरकारले जेनजीका मागहरू पूरा गरेन। विद्रोहका बेला भएका अपराधिक घटनाको छानवीन गरिएन। त्यसलाई पनि निर्वाचनपछि सारिएको छ। भाद्र २४ गतेका अपराधीहरूलाई उम्मेदवार बनाए पछि अहिले त्यसको विरोध भइरहेको छ। कतिपयले स्वयं उम्मेदवारी फिर्ता लिइरहेका छन्। भ्रष्ट नेताहरूका अवैध सम्पत्ति छानवीन गर्ने जेनजीका मागलाई पूरै लत्याइएको छ। जेनजीका सबै माग लत्याएर निर्वाचन गरिँदैछ। के यो फासिवादी तरिका होइन ?

सरकारले नै एकतर्फी रूपमा फासिवादको अभ्यास गरेपछि दलहरूमा असन्तुष्टी र आक्रोश देखिनु स्वाभाविक हो। सरकारको संरक्षणमा रास्वपाका कार्यकर्ताहरूले अन्य पार्टीका झण्डामा आगजनी गर्ने, कुटपिट गर्ने, धम्की दिने गरेपछि भोलि एमाले मात्र होइन, अन्य दलहरू पनि संगठित हुँदै जाने अवस्था आउन सक्छ। त्यसद्वारा निर्वाचनलाई प्रभावित पार्न सक्छ। बहिष्कार गर्ने पार्टीहरू देश र जनताको हितमा, वैज्ञानिक र न्यायपूर्ण व्यवस्था हुनु पर्छ। देशभक्तहरूले स्वाधीन संयुक्त सरकार बनाउनु पर्छ भनेर शान्तिपूर्ण तरिकाले संविधानले नै दिएको अधिकारलाई मानेर बहिष्कारको आह्वान गरेका छन्। सुशिला कार्कीले नै भनेको आधारमा "२/४ जनाको समूह" "प्रभावकारी भूमिका खेल्न नसक्नेहरूले " निर्वाचन विथोल्छन् भनेर आरोप लगाउनु कायरपन हो। बरु जो दलहरूले निर्वाचनमा भाग लिएर पनि झण्डा र कार्यालयहरू जलाउने गरेका छन्, उनीहरूबाट नै निर्वाचन विथोलिन सक्दैन र ? सरकारले संरक्षण गरेका दलहरूबाट प्रतिपक्षी दलहरूमाथि आक्रमण गर्न प्रोत्साहित गर्ने, तर जनतालाई निर्वाचन बहिष्कार गर्नेहरूबाट खतरा छ भनेर प्रशासनलाई दमन गर्न लगाउने, यो कस्तो तरिका हो। बहिष्कारमा उत्रेका पार्टीहरूलाई दमन गर्न निर्देशन दिनुले उनी र उनको सरकार कति फासिवादी छ भन्ने कुरा बताइरहनु नपर्ला।

सबै जनताले के कुरा बुझिसकेका छन् भने, यो निर्वाचन साम्राज्यवादपरस्त र साम्राज्यवाद विरोधीहरू बीचको प्रतिस्पर्धा हो। यो प्रतिस्पर्धामा रवि-बालेन गठबन्धनले जित्ने छन् वा अन्य परम्परागत पार्टीले जित्ने छन् ? सुशिला कार्कीको फासिवादलाई बालेनहरू सरकारमा आएपछि अझ बढाउने छन् वा जनताले चुनावबाटै हराएर फासिवादको सम्भावनालाई रोक्ने छन् ? त्यो कुरा जनताको मत प्रकटमा भर पर्नेछ। निर्वाचनमा त्यसको परिक्षण त अवश्य होला नै, तर जुन पक्षले जिते पनि देशको समस्या समाधान हुने छैन। त्यसकारण निर्वाचनमा भोट हालेर होइन, बहिष्कार गरेर देश र जनताको हितमा स्वाधीन संयुक्त सरकार गठन गर्न देशव्यापी आन्दोलन गर्न उठौं।

## आलोपालो

# जिल्ला प्रहरी काठमाडौं हिरासतको २६ घण्टा

***निर्वाचन बहिष्कारको पहिलो चरणको कार्यक्रम अन्तर्गत पुस २९ गते उपत्यका बन्द कार्यक्रम आयोजना भएको थियो । उपत्यका बन्द कार्यक्रमको पूर्वसध्यामा पुस २८ गते काठमाण्डौको विभिन्न स्थानमा मसाल जुलुसको आयोजना गर्ने निर्णय भएको रहेछ र पार्टीहरूले विभिन्न स्थानमा एकल वा संयुक्त रूपमा नेतृत्व गर्ने निर्णय भएको रहेछ ।***



● मनु वि.क. ●

क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल सहित ६ राजनीतिक दलहरूको आयोजनामा निर्वाचन बहिस्कार कार्यक्रम घोषणा भएको थियो । सुशीला कार्की नेतृत्वको सरकारले जेनजी आन्दोलनको म्याण्डेट भन्दै २०८२ फागुन २१ गते संसदीय निर्वाचनको घोषणा गरेको थियो । संसदको निर्वाचनको घोषणा भए पछि राजनैतिक दलहरू निर्वाचनमा सहभागी भइरहेको बेलामा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले निर्वाचन बहिस्कार गर्ने निर्णय गरेको थियो । साथै थप पाँच कम्युनिष्ट पार्टीहरूले पनि निर्वाचन बहिस्कारको निर्णय गरेका थिए । ती पार्टीहरूले केन्द्रीय संघर्ष समिति नै गठन गरेर निर्वाचन बहिस्कार गर्ने निर्णय गरेका छन् ।

निर्वाचन बहिस्कारको पहिलो चरणको कार्यक्रम अन्तर्गत पुस २९ गते उपत्यका बन्द कार्यक्रम आयोजना भएको थियो । उपत्यका बन्द कार्यक्रमको पूर्वसध्यामा पुस २८ गते काठमाण्डौको विभिन्न स्थानमा मसाल जुलुसको आयोजना गर्ने निर्णय भएको रहेछ र पार्टीहरूले विभिन्न स्थानमा एकल वा संयुक्त रूपमा नेतृत्व गर्ने निर्णय भएको रहेछ । काठमाण्डौको बागबजार हाँकको कार्यालयमा काम गर्दा गर्दै हामीलाई असन तिर कार्यक्रममा जानु पर्ने भन्ने जानकारी आयो । पाँच बजेतिर हामी राम बहादुर बुढा र म असन बजारतिर लागियो,असन बजारमा जाँदा त्यहाँ कोही पनि चिनेका साथीहरू हुनुहुन्थेन । रामबहादुरले कहाँ हो भन्दै लोकेसनको जानकारी लिँदै हुनु हुन्थ्यो । त्यतै वरिपरी नै बस्ने सल्लाह अनुसार हामी त्यही यता उता हेर्दै गर्दा मित्रलाल पंज्ञानी आइपुग्नु भयो । हामी र मित्रलाल पंज्ञानी त्यही अलमलिँदै गर्दा पेशल दाहाल आइपुग्नु भयो । वहाँको पछाडि सिआइडी नै लागेको रहेछ । मंगलसिङ तामाङ पनि त्यहाँ हुनुहुन्थियो । हामी त्यहाँ यसो अलमलिँदै थियौं । त्यसैमा गंगा मानान्धर पनि आउनु भयो । वहाँले असनमा केही किन्न खोजिरहनु भएको थियो । हामी त्यहाँबाट नरदेवी जाने बाटातिर लागियो । असनबाट अलिभित्र पुगियो र त्यहाँ एक मन्दिर छ । त्यो मन्दिरको अर्कोमुखतिर बस्न मिल्ने ठाउँ छ, हामी त्यही नै बसियो । त्यहाँ गंगा पौडेल लगायतका साथीहरू आउनु भयो । गंगा पौडेल आउँदा मुस्काउनु भएको थियो । मैले मन मनमा सोचे केही छ, ....पछि त्यहाँ म बसेकै ठाउँमा आए पछि गंगा सरलाई सन्चो विसन्चो सोधैं । वहाँले ठीकै छ भन्नु भयो ।

यसो कुराकानी गर्दै गर्दा मित्रलाल पंज्ञानी होटेलतिर रेष्टरुम खोज्न पस्नु

*बाँकी ४ पेजमा*

# प्रहरीद्वारा निर्वाचन बहिष्कारका ब्यानर फालिए, नारा मेटिए




काठमाडौं । आगामी फागुन २१ गते गर्ने भनिएको संसदीय निर्वाचन बहिष्कारमा जुटेका राजनीतिक दलका ब्यानरहरू फालिएको र भित्तामा लेखिएका नाराहरू पोतिएको समाचारहरू प्राप्त भएका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल ४ नम्बर ब्युरो सचिव समिरले बताए अनुसार ४ नम्बर ब्युरोका दाङ , सल्यान, रुकुम लगायतका जिल्लाहरूमा टाँसिएका निर्वाचन बहिष्कार सम्बन्धी ब्यानरहरूलाई प्रहरीहरूले लैजाने गरेका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल ११ नम्बर ब्युरोका सचिव अनुकूलले बताए अनुसार नवलपुर र चितवनमा निर्वाचन बहिस्कार सम्बन्धी भित्ते लेखनलाई प्रहरी लगाएर मेटाउने गरिएको छ। नवलपुर र चितवनमा सहितद सप्ताहको ब्यानरमा विभिन्न चोकहरूमा कोणसभाहरू सम्पन्न भएका छन्। चितवनको मङ्गलपुर र नवलपुरको हुप्से मध्यबिन्दु लगायतका ठाउँहरूमा कोणसभा भएका छन् ।एक नम्बर ब्युरोका सचिव रामबहादुर महराले बताएअनुसार कञ्चनपुर , डडेलधुरा लगायतका ठाउँहरूमा पर्चा वितरण र जनभेदटघाटका कार्यक्रमहरू सम्पन्न गरिएको छ। त्यसैगरी दुई नम्बर ब्युरोका कैलाली डोटी लगायत का जिल्लाहरूमा प्रचार वितरण,जनभेटघाट कार्य गरिएको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल दुई नम्बर ब्युरो इञ्चार्ज लाल बहादुर जाग्रीले छबताउनु भयो । । प्रहरी लगाएर नै ब्यानर फाल्ने, नारा मेटाउने कार्यलाई संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता समेत पालना गर्न सुशीला कार्कीको सरकार असमर्थ रहेको अर्थमा विश्लेषकहरूले लिने गरेका छन्।

## फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं

- जेन-जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीबन्दीका खोजी कार्य भइरहेको छ ।
- फरार कैदीबन्दीका नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ ।
- सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ ।
- फरार कैदीबन्दीको खोजतलास कार्यमा सहयोग पुऱ्याउनु सबै नागरिकको कर्तव्य हो ।
- सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ ।

**फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं,**
**सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## निर्वाचनको...

नेपाली समाज र आम जनताका समस्याहरूको समाधान गर्न नसक्ने निष्कर्षसहित निर्वाचन बहिष्कार गर्न शान्तिपूर्ण रूपमा संघर्षका कार्यक्रमहरू गर्दै आइरहेका छौँ । हामीले संकटको निकाससहित अग्रगामी परिवर्तनका लागि जनसंविधानसम्म पुग्न स्वाधीन संयुक्त जनसरकार' हुँदै अघि जानु पर्ने विकल्पको खाकासमेत प्रस्तुत गरेका छौं ।

देशैभरि उत्साहका साथ सञ्चालन भएका हाम्रा कार्यक्रमहरूमा नेपाली समाजको अन्तर्विरोधलाई यो संसदीय चुनावले समाधान गर्न नसक्ने र संसदीय व्यवस्थाको विकल्प निर्माण गर्नुपर्ने निष्कर्षमा व्यापक जनमत आकर्षित भएको पाएका छौँ । उक्त जनमतलाई निर्णायक संघर्षमा रूपान्तरण गर्दै देशलाई अग्रगामी निकास दिनु आजको मुख्य आवश्यकता हो ।

यसैबीच, आफ्नो असफलता जनताबीच उदाङ्गो हुने डरले आतङ्कित वर्तमान कठपुतली सरकारले हाम्रा कार्यक्रमहरूमाथि दमन चलाइरहेको छ । सरकारले हाम्रा दर्जनौं कमरेडहरूलाई कार्यक्रममा मात्र नभई घर घरमा पसेर गैरकानुनी र तानाशाही शैलीमा धरपकड गरिरहेको छ । राज्य आतङ्कको यो सिलसिला अझै जारी छ । हामी जेनजी विद्रोहलाई अपहरण गरी निर्माण गरिएको कठपुतली सरकारद्वारा गिरफ्तार गरिएका कमरेडहरूलाई यथाशीघ्र रिहा गर्न र राज्य आतङ्क तत्काल बन्द गर्न चेतावनी दिन चाहन्छौँ ।

चुनावको औचित्यहीनता झन् झन् पुष्टि हुँदै गएको आजको स्थितिमा आम नेपाली जनताबीच फागुन २१ गते हुने भनिएको कथित संसदीय चुनावलाई बहिष्कार गरी धक्का सिर्जना गर्न पुनः हार्दिक आह्वान गर्दछौँ । साथै जनताको विरोध र सेनाको घेराबन्दीका बीच चुनाव गराइए पनि त्यसपछि बन्ने सरकार समेत साम्राज्यवादको कठपुतली बन्ने र त्यसले देशको राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविका झन गहिरो संकटमा धकेल्ने भएकोले हामी देश र जनताका समस्या समाधान नहोन्जेल निरन्तर संघर्षमा रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।"

## काठमाडौं...

२८ का बस्ती तथा स्थानको मौलिक नामको अध्ययन गरिने राईले जानकारी दिइन् ।

सम्झौता अवसरमा कार्यवाहक प्रमुख डङ्गोलले, नाम केवल बोलाउनका लागि प्रयोग गरिने शब्द मात्र नभएको उल्लेख गरिन् ।

"हरेक नामको पछाडि केही न केही तथ्य हुन्छ । इतिहास, संस्कृति, सभ्यता तथा समाजको कथा हुन्छ । यस कारण नाम राख्ने र प्रचलनमा ल्याउने कामलाई हलुका रूपमा लिन हुँदैन," नामसम्बन्धी परिचय पाटी राख्ने विषय उठाउँदै उनले भने, "परिचय पाटी राख्दा दृश्य प्रदूषण हुने गरी नराख्नुहोला । सकेसम्म पहिलेकै ठाउँमा राख्नुहोला । नत्र भए हेर्दा आँखा नबिझाउने, अरूलाई असर नपार्ने ठाउँमा राख्नुहोला ।"

विभागका प्रमुख राईका अनुसार यसअघि पहिलो चरणमा वडा नं ५, ६, ७, १८, २४ को र दोस्रो चरणमा वडा नं ८, १७, १९, २०, र २५ मा अध्ययन भइसकेको छ । अध्ययनका क्रममा वडाभित्र भएका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वमा आधारित स्थान तथा बस्तीको मौलिक एवं प्राचीन नामकरणसम्बन्धी अध्ययन तथा अभिलेखीकरण भएको उनले जानकारी दिइन् ।

अध्ययनका क्रममा धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्व भएका टोल, बस्ती, मठमन्दिर, वहाल, बही, धारा, सत्तल, पाटीहरूको अध्ययनबाट प्राचीन नाम पत्ता लगाइन्छ । यसरी पहिचान गरिएको नामलाई स्थानीयवासी, समुदाय, संस्कृतिविद्, पुरातत्त्वविद्, भाषाविद् तथा इतिहासविद्हरूसँग नाम पुष्टि गराइन्छ ।

## बर्दघाटको...

र प्रशासन सङ्ग आग्रह गरेको छ । यस अघि समिति संयोजक रवि पाण्डेयलाई जनयुद्ध दिवसको ब्यानर टागेको भन्दै गिरफ्तार गरेर चर्को दबाब पछि रिहा गरेको थियो ।


**यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.hanktoday.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- हाँक साप्ताहिक







**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।